# रातो खबर साप्ताहिक

Ratokhabar weekly

वर्ष ८ अङ्क २९ पूर्णाङ्क ३४७ २०७९ माघ २५ गते बुधबार | Wednesday, 8 February 2023 | www.eratokhabar.com/ www.ratokhabar.com | मूल्य रु. १०


## मूल्य वृद्धिविरुद्ध सङ्घर्षमा उत्रिन नेकपा (बहुमत) को आह्वान

काठमाडौँ/ नेपाल आयल निगमले २०७९ माघ २३ गते राती १२:०० (बाह्र) बजेबाट लागू हुने गरी इन्धनको मूल्य फेरि बढाएको प्रति नेपाल कम्युनिस्ट पार्टी (बहुमत) ले निन्दा र भर्त्सना गर्दै यसखाले जनविरोधी कार्यको सशक्त विरोध गर्न आमजनतालाई अपिलसमेत गरेको छ ।

पार्टीका प्रवक्ता सुदर्शनले मङ्गलबार विज्ञप्ति प्रकाशित गरी नेपाल आयल निगमले २०७९ माघ २३ गते राती १२:०० (बाह्र बजे) बाट लागू हुने गरी इन्धनको मूल्य फेरि बढाएको प्रति निन्दा र भर्त्सना गर्दै यसखाले जनविरोधी कार्यको सशक्त विरोध गर्न आमजनतालाई हार्दिक आह्वान गरेका हुन् ।

विज्ञप्तिमा भनिएको छ, 'नेपाल आयल निगमले हिजो राती १२:०० (बाह्र) बजेबाट लागू हुने गरी इन्धनको मूल्य फेरि बढाएको छ । मूल्य वृद्धिको कारणबारे पुरानै तर्क 'नेपाल सरकारलाई ऋण तिर्नुपर्ने' तथा 'इन्डियन आयल कर्पोरेसनलाई

... बाँकी २ पृष्ठमा

## परीक्षामाथि पुनर्विचार गर्न अखिल क्रान्तिकारीको माग

काठमाडौँ/ अखिल क्रान्तिकारी त्रिवि विशेष क्याम्पस समितिले विद्यार्थीलाई बोझ थोपर्ने गरी आफ्नो अक्षमता लुकाउन हतारमा गर्न खोजिएको परीक्षा विद्यार्थीको मागबमोजिम पुनर्विचार गर्न त्रिवि परीक्षा नियन्त्रकसँग माग गरेको छ ।

समितिका इन्चार्ज गोविन्द बिस्टको नेतृत्वमा परीक्षा निरीक्षकलाई बुझाइएको ज्ञापनपत्रमा त्रिभुवन विश्वविद्यालयले स्नातक तह

... बाँकी ७ पृष्ठमा

## 'वृद्धि गरिएको शुल्क फिर्ता नगरिए सङ्घर्ष'

चितवन/ अखिल क्रान्तिकारी चितवनले दलालहरूको स्वार्थमा परेर वृद्धि गरिएको शुल्क अविलम्ब फिर्ता नलिइए सङ्घर्ष सञ्चालन गर्ने चेतावनी दिएको छ ।

क्रान्तिकारीले भरतपुर महानगरपालिकाले दलाल संसदीय व्यवस्थाको संविधानले नै ग्यारेन्टी गरेको निःशुल्क शिक्षाको अधिकारलाई कुण्ठित गर्दै माघ १८ गते भरतपुर महानगरकी

... बाँकी २ पृष्ठमा

## सम्झौताहीन सङ्घर्षमा उत्रिन ट्रेड युनियन महासङ्घको आह्वान

काठमाडौँ/ अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासङ्घले विज्ञप्ति जारी गरी सबै किसिमका मजदुर हकहितविरोधी शोषण, दोहन र अन्याय-अत्याचारविरुद्ध आन्दोलित हुँदै मजदुरको जीवनमा आमूल परिवर्तन ल्याउनका लागि सम्झौताहीन सङ्घर्षमा उत्रिन आह्वान गरेको छ ।

महासङ्घका अध्यक्ष विनोद थापाले जारी गरेको विज्ञप्तिमा

... बाँकी २ पृष्ठमा

# देशभर २८ औँ जनयुद्ध दिवस मनाउँदै नेकपा (बहुमत)

काठमाडौँ/नेकपा (बहुमत) ले २८ औँ जनयुद्ध दिवस देशभर विविध कार्यक्रमसहित उत्साहपूर्वक मनाउने भएको छ । नेकपा (बहुमत) केन्द्रीय कार्यालय स्रोतले दिएको जानकारीअनुसार जनयुद्ध दिवसका अवसरमा जनयुद्धका उपलब्धि, बाँकी कार्यभार, जनयुद्धका कार्यभार पूरा गर्न आवश्यक कार्यक्रमका विषयमा छलफल, अन्तरक्रिया, गोष्ठी, दीपावली, रचनात्मक, सिर्जनात्मक कार्यक्रमहरू आयोजना गरिनेछ । त्यसक्रममा जनयुद्धका सहिद परिवार, बेपत्ता योद्धाका परिवार, घाइते-अपाङ्ग योद्धा र तिनका परिवारका साथमा जनयुद्धका कार्यभार दर्साउँदै अन्तरक्रिया, गोष्ठी, सम्मान, अभिनन्दनलगायत सिर्जनात्मक, वैचारिक कार्यक्रम आयोजना गरिनेछ ।



फाइल फोटो

यही फागुन १ गते नेपालमा जनयुद्ध आरम्भ भएको २८ वर्ष आरम्भ हुँदैछ । जनयुद्धमा नौ हजारभन्दा बढी योद्धाहरूले रगत बगाएका छन् भने हजारौँ योद्धा अझै बेपत्ता छन् । हजारौँ योद्धा घाइते, अपाङ्ग जीवन बिताइरहेका छन् । जनयुद्धका क्रममा असी प्रतिशतभन्दा बढी जमिनमा जनसत्ता स्थापना भएको थियो ।

जनयुद्ध आरम्भ हुनुअघि तत्कालीन शेरबहादुर देउवा सरकारलाई राष्ट्रियता, जनतन्त्र र जनजीविकासँग सम्बन्धित ४० बुँदे मागपत्र दिने र माग पूरा नभएपछि फागुन १ गतेबाट जनयुद्ध आरम्भ गर्ने पुष्पकमल दाहाल 'प्रचण्ड' जनयुद्ध विघटन गरी अहिले विभिन्न गठबन्धन बनाएर दलाल संसदीय व्यवस्थाको प्रधानमन्त्रीको कुर्सीमा आसीन छन् । प्रचण्डले जनयुद्ध विघटन गरी संसदीय बाटोमा आत्मसमर्पण गरे पनि अझै पार्टीको नाउँ नेकपा (माओवादी केन्द्र) नै राखेका छन् भने उनले आफूलाई जनयुद्धको नेतृत्वकर्ता दाबी गरिरहेका छन् । नेकपा (बहुमत) ले जनयुद्ध सुरु हुनुअघि सरकारलाई बुझाइएको ४० बुँदे मागपत्रमा विकसित अवस्थाका मागहरूसहित समावेश गरी ४४ बुँदे माग पूरा गर्न आह्वान गर्दै पुष्पकमल दाहाललाई यही माघ ५ गते बुझाएको छ । २८ औँ जनयुद्ध दिवस मनाउने क्रममा देशभर ४४ बुँदे र जनयुद्धकालीन ४० बुँदे मागपत्रका विषयमा पनि छलफल र परिचर्चा हुने बताइएको छ । नेकपा (बहुमत) ले आफूले दाहाललाई बुझाएको ४४ बुँदे मागपत्र ४० बुँदेकै निरन्तरता रहेको जनाएको छ ।

### ४४ बुँदे मागपत्रको अन्तर्य

२०७९ माघ ६ मा नेकपा (बहुमत) ले नेपाल सरकारलाई ४४ बुँदे मागपत्र बुझाएको छ । राष्ट्रियता, जनतन्त्र र जनजीविकासँग सम्बन्धित समस्या र विषय समेटेर प्रस्तुत गरिएको मागपत्र नेकपा (बहुमत) का संयोजक कञ्चनले प्रस्तुत गरेका थिए भने प्रधानमन्त्री पुष्पकमल दाहालले बुझेका थिए ।

इतिहासको संयोग र विडम्बना ! २७ वर्षअघि उनै पुष्पकमल दाहालले नेतृत्व गरेको पार्टी नेकपा (माओवादी) को खुला तथा वैधानिक मोर्चा 'संयुक्त जनमोर्चा नेपाल' का तर्फबाट २०५२ साल माघ २१ गते ४० बुँदे मागपत्र बुझाइएको थियो जसलाई तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले बुझेका थिए । त्यसको लगत्तै २०५२ साल फागुन १ गते नेकपा माओवादीले सशस्त्र युद्धको उद्घोषसहित जनयुद्धको सुरुआत गरेको थियो । माओवादी पार्टी दस वर्षसम्म भीषण युद्ध लडेर शान्तिप्रक्रियामा प्रवेश गर्‍यो । वास्तवमा भन्ने हो भने त्यो युद्धको राजनीतिक जग तिनै ४० बुँदाहरू थिए । माओवादी पार्टी शान्तिप्रक्रियामा प्रवेश गर्दाको सर्त थियो-संविधानसभाबाट जनताको वास्तविक संविधान लेख्ने । जनताको संविधान भन्नाले आधारभूत रूपले ४० बुँदे मागमा उल्लिखित र अन्तर्निहित विषयवस्तुको अन्तर्वस्तु नै थियो ।

नेकपा (माओवादी) को ४० बुँदे मागको निरन्तरतामा नेकपा (बहुमत) को ४४ बुँदे मागपत्र सामेल भयो । देशमा संविधानसभाको चुनाव भयो र त्यो पनि दुई-दुईपटक । तर ४० बुँदामा उल्लिखित अधिकांश

... बाँकी ४ पृष्ठमा

## बन्दी रिहाइ र मुद्दा खारेजी माग गर्दै देशभर प्रदर्शन





काठमाडौँ/ नेकपा (बहुमत) ले आस्थाका बन्दी रिहाइ, झूट्टा मुद्दा खारेजीलगायत माग राखेर देशव्यापी जिल्ला प्रशासन कार्यालयअगाडि प्रदर्शन गरेको छ ।

यसै क्रममा नेकपा (बहुमत) धनुषाले पार्टीको केन्द्रीय कार्यक्रमअनुसार मधेस प्रदेशको राजधानी रहेको जनकपुरधामस्थित जिल्ला प्रशासन कार्यालयमा प्रदर्शन गरेको छ ।

आस्थाका बन्दीको रिहाइ र झूट्टा मुद्दा खारेजीको माग गर्दै आयोजना गरिएको प्रदर्शनमा सहभागीहरूले तीनबुँदे सहमति कार्यान्वयन गर्न र राजबन्दी रिहा गर्न आग्रह गर्दै नारा लगाएका थिए ।

प्राप्त समाचारअनुसार नेकपा (बहुमत) धनुषाका नेता-कार्यकर्ताले प्रदर्शनका क्रममा 'सम्पूर्ण राजबन्दी रिहा गर ! झूट्टा मुद्दा खारेज गर ! ३ बुँदे सहमति कार्यान्वयन गर ! दलाल पुँजीवादी संसदीय व्यवस्था मुर्दावाद ! वैज्ञानिक समाजवाद जिन्दावाद ! वीर सहिद लालसलाम ! नेकपा (बहुमत) जिन्दावाद' लगायत नारा लगाएका थिए । प्रदर्शनमा नेकपा (बहुमत) नवौँ महाधिवेशन आयोजक समितिका स द स्य

... बाँकी ७ पृष्ठमा

## किसुनदेव शर्मा नेकपा (बहुमत) बाट निष्कासित



सर्लाही/ नेकपा (बहुमत) सर्लाहीले पार्टीका जिल्ला समिति सदस्य किसुनदेव शर्मालाई पार्टीबाटै निष्कासित गरेको छ । जिल्ला संयोजक बिहानीले मङ्गलबार विज्ञप्ति जारी गरी पार्टी निलम्बनपछि सम्पर्कमा आएर सच्चिने प्रतिबद्धता गर्नुको सट्टा अर्को पार्टीमा गएर पार्टी नेतृत्वका विरुद्ध अफवाह फैलाएकाले मङ्गलबारबाटै किसुनदेवलाई पार्टीको साधारण सदस्यसमेत नरहने गरी कारबाही गरिएको जनाएका छन् ।

दलाल पुँजीवादको विकल्प नयाँ जनवादी क्रान्तिको कार्यभारसहित वैज्ञानिक समाजवादी क्रान्तिको खातिर बेजोडले क्रियाशील हुनुपर्ने अवस्थामा आफ्नो जिम्मेवारी पूरा नगरी नेतृत्वका विरुद्ध विषबमन गरेको र पार्टीको अनुशासनमा रही सच्चिनका लागि पटकपटक सुझाव दिँदा पनि अराजक बनिरहेकाले माघ २१ गते बसेको जिल्ला समितिको तेस्रो पूर्ण बैठकले किसुनदेवलाई निलम्बन गरेको विज्ञप्तिमा उल्लेख छ ।

## नेकपा (बहुमत) ले विवादित जग्गामा टाँस्यो कालो ब्यानर




कास्की/ नेपाल कम्युनिस्ट पार्टी (बहुमत) कास्कीले सोमबार अनिलप्रकाश (खोप्लाङ्गे) र कृष्ण थापाका बीचमा लामो समयदेखि विवाद रही आएको जमिनमा कालो ब्यानर टाँगेको छ ।

पार्टीले पटकपटक सार्वजनिक रूपमा विवाद समाधान गर्न अपिल गर्दासमेत विवाद समाधान नभएकाले खोप्लाङ्गे र कृष्ण थापाबीच सहमति नहुँदासम्म भोगचलन नगर्न र नगराउन चेतावनीसहित विवादित जग्गामा कालो ब्यानर राखिएको जनाएको छ ।

ब्यानरमा लेखिएको छ, 'यो जग्गा अनिलप्रकाश (खोप्लाङ्गे) र कृष्ण थापाका बीचमा लामो समयदेखि विवाद रही आएकाले र हाम्रो पार्टीले पटकपटक सार्वजनिक रूपमा विवाद समाधान गर्न अपिल गर्दासमेत विवाद समाधान नभएकाले खोप्लाङ्गे र कृष्ण थापाबीच सहमति नहुँदासम्म कुनै पनि भोगचलन नगर्न र नगराउन चेतावनी दिन चाहन्छौँ ।'

## सर्वोच्च अदालतले 'विदेशी' भनेपछि सिक्किम र दार्जिलिङका नेपालीभाषीहरू आन्दोलित

काठमाडौँ/ यति बेला भारतमा रहेका नेपालीभाषी र नेपाली जाति भारतीय सर्वोच्च अदालतको निर्णयविरुद्ध आन्दोलित छन् । त्यहाँको सर्वोच्च अदालतले सिक्किमका नेपालीभाषीलाई आप्रवासी/प्रवासी/विदेशी भनेपछि सिक्किम र दार्जिलिङमा आन्दोलन चर्किएको छ । सर्वोच्चको फैसलाले नेपाली भाषालाई अपमानित गरेको भन्दै सिक्किमको प्रमुख प्रतिपक्ष दल सिक्किम डेमोक्रेटिक फ्रन्टले गत शनिबार, आइतबार र बुधबार सिक्किम बन्द घोषणा गरेको थियो । सिक्किममा अन्य समूहमा छरिएर रहेका र स्वतन्त्र रहेका नेपालीभाषी पनि आन्दोलनमा सरिक भएका छन् ।




लेन्डुप दोर्जेको मोहोरा लगाएर स्वतन्त्र हिमाली देश सिक्किमलाई सन् १९७५ मा भारतमा गाभिएको थियो । सन् २००८ देखि सिक्किमका रैथानेले आयकरमा छुट पाउँदै आएका थिए । यो प्रावधानले समानताको हक खोसिएको भन्दै सन् २०१३ मा भारतको सर्वोच्च अदालतमा मुद्दा परेको थियो । उक्त मुद्दाको फैसला गर्ने क्रममा सर्वोच्चले सिक्किमका नेपालीभाषीलाई विदेशी मूलका आप्रवासी नागरिक भनेपछि सिक्किमका नेपालीभाषी र नेपाली जाति आन्दोलित बनेका हुन् ।

सर्वोच्चको फैसलाविरुद्ध सिक्किम आन्दोलित भएपछि सिक्किम सरकार फैसला पुनरावलोकनको माग लिएर सर्वोच्च अदालत पुगेको छ । सिक्किम आन्दोलित भएपछि २ फेब्रुअरीमा स्वास्थ्यमन्त्री मनिकुमार शर्मा र १ फेब्रुअरीमा एड्भोकेट जनरल सुदेश जोशीले राजीनामा दिएका छन् ।

सिक्किम बन्दका क्रममा विभिन्न ठाउँमा प्रहरीसँग झडपसमेत भएको छ ।

... बाँकी ३ पृष्ठमा

### सन्दर्भ : २८ औँ जनयुद्ध दिवस

## शब्द र चित्रमा जनयुद्ध



दसबर्से जनयुद्धमा माओवादी जनमुक्ति सेनाले हजारौँ लडाइँहरू लडेको थियो । यसक्रममा बाह्रवटा फौजी योजनाअन्तर्गत लडिएका थिए । त्यसमध्ये अधिकांश लडाइँहरूमा जनमुक्ति सेनाले विजय हासिल गरेको थियो । नेपाली इतिहास र विश्वसर्वहारा आन्दोलनको इतिहासमा फौजी कार्यदिशाको यो पछिल्लो कार्यान्वयन कम कष्टकर पक्कै थिएन । त्यसका साथै यो कार्यान्वयन एक स्वाभाविक आवश्यकता र विकासको खुट्किलो पनि थियो । निकै ठूलो त्याग, समर्पण र बलिदानले भरिपूर्ण जनयुद्धको यो कार्यान्वयनमा फौजी कार्यदिशाको विकास तथा नवीन फौजी कार्यनीतिहरूको प्रमुख स्थान थियो ।

### होलेरी, राडी र सिन्धुलीगढी प्रहरीचौकी आक्रमण

फागुन १ गते देशव्यापी मूलतः पर्चा छरेर, पोस्टर टाँसेर र भित्तेलेखन गरेर युद्ध घोषणाको सन्देश प्रवाह गरिएको थियो । त्यही दिन राती केही सशस्त्र हमलाहरू पनि गरिए । सशस्त्र हमलाको निशानामा रहेका थिए- 'स्थानीय सूदखोर, जाली-फटाहाहरू', सरकारी कार्यालय (फौजी र गैरफौजी) र बहुराष्ट्रिय कम्पनीहरू । रोल्पा जिल्लाको होलेरी, रुकुम जिल्लाको राडी र सिन्धुली जिल्लाको सिन्धुलीगढीस्थित प्रहरीचौकीहरूमा समेत आक्रमण गरियो । माओवादी पार्टीको तत्कालीन प्रारम्भिक सैन्यशक्ति 'लडाकु दल' को प्रमुख नेतृत्वमा ती कारबाहीहरू सम्पन्न भएका थिए । काभ्रे र जाजरकोटमा स्थानीय सूदखोरहरू दौलतविक्रम बिष्ट र दीपबहादुर सिंहमाथि उनीहरूको घरमा रहेका किसानका तमसुक च्यातेर कारबाही भएको थियो । गोरखामा साना किसान विकास बैङ्कमा आक्रमण गरियो । बैङ्कमा रहेका कागजपत्र जलाएर जनतालाई सरकारी कृषि ऋणबाट मुक्तिको घोषणा गरियो ।

... बाँकी ३ पृष्ठमा

### देश/परिवेश



उदयबहादुर चलाउने 'दीपक'

## सम्पादकीय

# २८ औँ जनयुद्ध दिवस र जनयुद्धका कार्यभार

नेपाली जनताले श्रमिक–उत्पीडित वर्गको मुक्तिका लागि हतियारबद्ध युद्ध सुरु गरेको २८ वर्ष लागेको छ । २८ औँ जनयुद्ध दिवसका अवसरमा हामी महान् जनयुद्ध र त्यसपछिको विद्रोहमा बलिदान गर्ने सम्पूर्ण सहिदप्रति हार्दिक श्रद्धाञ्जली तथा रक्तिम अभिवादन प्रकट गर्दछौँ र महान् जनयुद्ध र त्यसअघिपछिका विभिन्न विद्रोहमा बेपत्ता बनाइएका योद्धाहरूप्रति सम्मानका साथै घाइते, अपाङ्ग योद्धाहरूको त्याग, शौर्य र वीरताप्रति सलाम व्यक्त गर्दछौँ ।

जनयुद्धका मुख्य अगुवाहरूले प्रतिक्रियावादी वर्गसामु आत्मसमर्पण गरे पनि नेपाली जनताको मुक्तिको सपनाको मृत्यु भएको छैन । प्रकारान्तरले नेपाली जनता जनयुद्ध लडिरहेका छन् र नेकपा (बहुमत) लगायत क्रान्तिकारी कम्युनिस्ट पार्टीको नेतृत्वमा जनयुद्ध जारी छ । हामी क्रान्तिकारी ध्रुवीकरण र मालेमावादी शक्तिहरूबीचको एकताले नै जनयुद्धका बाँकी कार्यभारहरू पूरा हुनेमा पूर्ण विश्वास व्यक्त गर्दै नेकपा (बहुमत), नेकपा (क्रान्तिकारी माओवादी) र नेकपा –मशाल) बीचको एकता र ध्रुवीकरण आवश्यकताअनुसार छिट्टै पूरा हुने र जनयुद्धका कार्यभार तीव्रतापूर्वक अघि बढ्ने विश्वास व्यक्त गर्दछौँ ।

तत्कालीन नेकपा (माओवादी) ले जनयुद्ध आरम्भ गर्नुपूर्व संयुक्त जनमोर्चाका नामबाट तत्कालीन शेरबहादुर देउवा सरकारसमक्ष राष्ट्रियता, जनतन्त्र र जनजीविकासँग सम्बन्धित ४० बुँदे माग अघि सारेको थियो । देउवा सरकारले माओवादीका मागहरूप्रति कुनै सुनुवाइ मात्र नगरेको नभएर बेवास्ता, अनास्था र तिरस्कार नै प्रकट गरेपछि बाध्य भएर माओवादीले २०५२ सालमा जनयुद्ध आरम्भ गरेको थियो । सामन्ती राजतन्त्रको अन्त्यबाहेक नेपाली जनताका कुनै पनि माग पूरा भएका छैनन् । नेपाल र नेपाली जनताका समस्या अझ बढेका छन् । देश राजनीतिक रूपमा झन् जर्जर बनिरहेको छ । युवा पलायन रोकिनुको साटो सत्तरी लाखभन्दा बढी युवा कामको खोजीमा विदशी भूमिमा कष्टपूर्ण जीवन व्यतित गरिरहेका छन् र तिनैले पठाएको रेमिट्यान्सले देशको अर्थतन्त्र धानिएको छ । शिक्षा, स्वास्थ्यलगायत देशको पूर्वाधारको क्षेत्र दलालहरुको कब्जामा पुगेको छ । देश महँगी, भ्रष्टाचार, कमसिनतन्त्रको जालोमा बाँधिएको छ । संसद्वादी पार्टीहरु देश र जनताका समस्या समाधान गर्नुभन्दा घिनलाग्दो तरिकाले सत्ताको लुछाचुँडीमा लागेका छन् । संसद्वादी दलहरुका गलत क्रियाकलापका कारण संसदीय व्यवस्था झन्झन् असफल बन्दै गएको अनुभूति जनताले नै गरिरहेका छन् । एकाध रहस्यमय पात्रका गलत हर्कतहरुले देशको राजनीति झनै दूषित बनाएका छन् ।


नेकपा (बहुमत) ले जनयुद्धकालीन माग र वर्तमान सन्दर्भमा विकसित मागहरूसहित ४४ बुँदे मागपत्र वर्तमान दाहाल सरकारसमक्ष प्रस्तुत गरेको छ । जनयुद्ध दिवसको पूर्वसन्ध्यामा हामी सरकारलाई जनता र देशको समस्यासँग गाँसिएका ४४ बुँदे माग अविलम्ब पूरा गर्न आह्वान गर्दछौँ । माघ ६ गते नेकपा (बहुमत) ले ४४ बुँदे मागपत्र बुझाएपछि पनि सरकारले ती मागहरूप्रति कुनै वास्ता गरेको छैन । भारतीय साम्राज्यवादले नेपालका लिपुलेक, लिरिम्पयाधुरा, कालापानीलगायत भूभाग कब्जा गरिरहेकै छ भने अमेरिकी साम्राज्यवाद एमसीसी, एसपीपीलगायत राष्ट्रघाती र युद्धउन्मादी परियोजना लादिरहेको छ । संसद्वादी दल र सरकार जनताको माग पूरा गर्नुभन्दा साम्राज्यवादका दास बन्दै जनतामाथि दमनचक्र चलाइरहेका छन् । हामी सरकारलाई तत्कालीन नेकपा माओवादीले अघि सारेका ४४ बुँदे माग, नेकपा (बहुमत) ले अघि सारेका ४४ बुँदे माग र नेकपासँग सरकारले गरेको तीनबुँदे सहमति पालना गर्न, आस्थाका बन्दीहरू अविलरम्ब रिहा गर्न, झूट्टा मुद्दाहरू खारेज गर्न, यातनापीडित नेता–कार्यकर्ताको उपचार गर्न, झूट्टा मुद्दामा फसाइएका नेता–कार्यकर्ताको धरौटी फिर्ता गर्न पनि माग गर्दछौँ ।

तत्कालीन अर्धसामन्ती तथा अर्धऔपनिवेशिक राज्यसत्ताका विरुद्ध नेकपा माओवादीको आह्वान र अगुवाइमा नेपाली जनताले एक दशकसम्म वीरतापूर्ण वर्गसङ्घर्ष अर्थात् जनयुद्धमा भाग लिएका थिए । त्यस क्रममा राज्य पक्षले दस हजारबराबरको सङ्ख्यामा नेपाली आमाका वीर सन्ततिको हत्या गर्‍यो र कयौँलाई बेपत्ता र घाइते अपाङ्ग बनायो । जनयुद्धकै मुख्य नेतृत्व भनिएका पुष्पकमल दाहाल 'प्रचण्ड' तेस्रोपटक प्रधानमन्त्री नै बनेको अवस्थामा जनयुद्धकालीन र हाल नेकपा (बहुमत) ले प्रस्ताव गरेका ४४ बुँदे माग अविलम्ब पूरा गर्न पुनः माग गर्दछौँ किनकि उनै दाहालको नेतृत्वमा २८ वर्षअघि राखिएका माग पूरा भएका छैनन् र दाहाल आफैँ माग पूरा गर्ने ठाउँमा तेस्रोपटक पुगेका छन् । दाहाल सरकारले पनि देउवा सरकारले जस्तो उल्टो बाटो हिँडेर जनतालाई पुनः युद्धमा सहभागी हुन बाध्य पार्नेछैन भन्ने आशा व्यक्त गर्न चाहन्छौँ ।

जनताका लागि युद्ध रहर होइन, बाध्यता बन्छ । क्रान्तिकारी पार्टीका लागि पनि जनयुद्ध बाध्यता र आवश्यकता बन्न जान्छ । नेपाली जनताले यति लामो समयसम्म आमूल परिवर्तनका लागि त्याग, शौर्य र बलिदान गरिसकेका छन् । २००७ सालको आन्दोलनको मुख्य नेतृत्व गरेको नेपाली काङ्ग्रेस दलाल पुँजीवादको रक्षक र अगुवा बनिसकेको छ । २०२८ सालको झापा विद्रोहको अवशेष नेकपा एमाले–माले–एस प्रकारान्तरले प्रतिक्रियावादको मतियार बनेर दलाल पुँजीवादका पहरेदार बनिसकेका छन् । जनयुद्धको नेतृत्व गरेको ठान्ने पुष्पकमल दाहालहरूको नेतृत्वको माके र बाबुराम भट्टराई नेतृत्वको समाजवादी दलहरू पनि दलाल पुँजीवादको रक्षाका लागि विभिन्न हथकण्डा अपनाएर सत्ता र त्यसकै वरिपरि छन् । एकीकृत जनक्रान्तिबाट वैज्ञानिक समाजवाद स्थापना गर्ने सपना देखाएर १२ जनाको बलिदान र कयौँ योद्धाहरूलाई जेल र हिरासत बस्न बाध्य पार्ने नेत्रविक्रम चन्दहरू पनि संसदीय संशोधनवादको बाटो हिँडेर दाहाल नेतृत्वको माकेमा विलय हुने उचित अवसर हेरेर बसेका छन् । यो अवस्थामा जनयुद्धका बाँकी कार्यभार पूरा गर्ने जिम्मा नेकपा (बहुमत) र नेकपा (क्रान्तिकारी माओवादी) सहितका क्रान्तिकारी पार्टी र नेतृत्वलाई आएको छ । क्रान्तिकारी शक्तिहरूका सामुन्ने दलाल पुँजीवादका अगुवा तथा मतियारका साथै साम्राज्यवादका भरियाहरूसँग वैचारिक र भौतिक दुवै युद्ध लड्नुपर्ने बाध्यता छ । त्यसैले २८ औँ जनयुद्ध दिवसको पूर्वसन्ध्यामा सम्पूर्ण क्रान्तिकारी पार्टी, शक्ति र आमूल परिवर्तनका पक्षधर जनताले श्रमिक जनता र देशका शत्रु र मित्रलाई चिनेर आमूल परिवर्तनको बाटोमा हिँड्नु नै जनयुद्धको असली उत्तराधिकारी बन्नु हो । तसर्थ नेपाल र नेपाली श्रमिक–उत्पीडित जनताको मुक्तिलाई केन्द्रमा राखेर क्रान्ति अघि बढाउनु अपरिहार्य आवश्यकता बनेको छ ।

# मार्क्स–एङ्गेल्सपछिको पदार्थ !

***लेनिनले १९०८ मा 'भौतिकवाद र अनुभव सिद्ध आलोचना' को 'पदार्थ लुप्त भएको हो' मा पदार्थको अवस्थाका बारेमा लेख्नुभएको छ । उक्त खण्डलाई संश्लेषण गर्दै उहाँले लेख्नुभयो, 'तर रे र भौतिकशास्त्रीहरू जसका बारेमा उनले भौतिकवादको खण्डन जतिसुकै गरे पनि यो प्रश्न मेकानिक्स मध्यम चालको वास्तविक गतिहरूको प्रतिलिपि थियो जब कि नयाँ भौतिक विज्ञान विशाल चालको वास्तविक गतिहरूको प्रतिलिपि हो । वास्तविकताको अनुमानित प्रतिलिपिका रूपमा भौतिकवाद हो ।***




**गुणराज लोहनी**

### मार्क्स–एङ्गेल्सकालीन पदार्थ

यहाँ पदार्थ भन्नाले भौतिक वस्तुलाई लिइएको छ । त्यसैले यहाँ मार्क्स–एङ्गेल्सकालीन पदार्थलाई तत्कालीन अवस्थामा पदार्थको अध्ययन कहाँसम्म पुगेको थियो र त्यसैका आधारमा पदार्थको व्याख्या गरिएको थियो भन्न खोजिएको हो । मार्क्सभन्दा अगाडि ग्रिक दर्शनशास्त्री डिमोक्रिट्सले ४६०–३७० ईसापूर्व परमाणुको अवधारणाको विकास गरेका थिए । परमाणु जसलाई अङ्ग्रेजीमा एटम भनिन्छ, ग्रिक एटोमोसबाट अनुवाद गरिएको अर्थ ' अविभाज्य' हुन्छ । १३ खर्ब ७० अर्ब वर्षअघि अस्तित्वमा आएको परमाणुका बारेमा केवल २५ सय वर्षअघि मान्छेले खोजी गर्न थालेको थियो । त्यही परमाणुको संरचना, सङ्ख्या र तौललाई आधार मानेर १८६९ मा डिमिट्री मेन्डेलिवले पिरियोडिक टेबल तयार पारेका थिए । त्यो समयमा प्रोटोन, इलेक्ट्रोन र न्युट्रोनको सङ्ख्या मात्र पत्ता लागेको थियो । त्यसैलाई पदार्थको सानो रूप मानिएको थियो । यसैलाई पदार्थको स्वरूप मानिएको थियो । तर २० औँ शताब्दीमा प्रवेश गर्दै गर्दा प्राकृतिक विज्ञान, त्यसमा पनि पदार्थको खोज, अनुसन्धान र आविष्कारका क्षेत्रमा निकै ठूलो प्रगति भएको थियो । ती आविष्कार र खोजहरूले पदार्थको स्वरूप र अवस्थालाई अझ सूक्ष्म रूप लिएको थियो ।

### लेनिन र पदार्थ

लेनिनले १९०८ मा 'भौतिकवाद र अनुभव सिद्ध आलोचना' को 'पदार्थ लुप्त भएको हो' मा पदार्थको अवस्थाका बारेमा लेख्नुभएको छ । उक्त खण्डलाई संश्लेषण गर्दै उहाँले लेख्नुभयो, 'तर रे र भौतिकशास्त्रीहरू जसका बारेमा उनले भौतिकवादको खण्डन जतिसुकै गरे पनि यो प्रश्न मेकानिक्स मध्यम चालको वास्तविक गतिहरूको प्रतिलिपि थियो जब कि नयाँ भौतिक विज्ञान विशाल चालको वास्तविक गतिहरूको प्रतिलिपि हो । वास्तविकताको अनुमानित प्रतिलिपिका रूपमा भौतिकवाद हो । जब रे भन्छन्– आधुनिक भौतिकशास्त्रीहरूमाझ त्यहाँ 'सङ्कल्पनावादी मेचियने र ऊर्जावादी स्कुलका विरुद्ध प्रतिक्रिया छ' र जब उनले इलेक्ट्रोन सिद्धान्तका भौतिकशास्त्रीहरूलाई यस प्रतिक्रियाका प्रतिनिधिहरू (p. 46) मा स्थान दिन्छन्, हामी योभन्दा राम्रो इच्छा गर्न सक्दैनौँ । सङ्घर्ष मूलतः भौतिकवादी र आदर्शवादी प्रवृत्तिहरूबीच हुन्छ भन्ने तथ्यको पुष्टि हुन्छ । तर हामीले यो बिर्सनु हुँदैन– भौतिकवादविरुद्धका सामान्य पूर्वाग्रहहरूबाहेक सबै शिक्षित फिलिस्टिनहरूका लागि सबैभन्दा उत्कृष्ट सिद्धान्तकारहरू द्वन्द्ववादको पूर्ण अज्ञानताले अक्षम छन् ।'




लेनिनका यी निष्कर्षहरू सही छन् तर उहाँले पदार्थलाई वस्तु, कण, अणु, रासायनिक परमाणु, प्राथमिक परमाणु र माध्यमका रूपमा इथरका रूपमा व्याख्या गर्नुभयो । उहाँले इथरलाई प्रकाशको माध्यमका बारेमा व्याख्या गर्नुभन्दा २१ वर्षअगाडि नै अर्थात् १८८७ मा अल्बर्ट अब्राहम मिकेल्सन र इड्वार्ड विलियम मिचेलले लुमिनो फेरारिस इथर वा इथरको अस्तित्व नै नरहेको प्रयोगद्वारा सिद्ध गरेका थिए । तर त्यो प्रयोगले प्रकाशको गति शून्यमा एकै किसिमको ३ लाख किलोमिटर प्रतिसेकेन्ड हुन्छ भन्ने प्रमाणित भएको थियो । यसबाट लेनिनले उहाँको समयको पदार्थको खोजका बारेमा जानकारी राख्न सक्नुभएन । त्यसले गर्दा भौतिकवादको थप व्याख्या हुन सकेन । पदार्थको वास्तविक रूपका बारेमा थप व्याख्या हुन सकेन । यद्यपि पदार्थको अस्तित्वको अवधारणा भौतिकवादी दृष्टिकोणबाट दिनुभएको थियो ।

### पदार्थको अवस्थाको नयाँ खोज

सन् १९०० मा जर्मन भौतिकशास्त्री म्याक्स प्लङ्कले क्वान्टम सिद्धान्तको आविष्कार गरेका थिए । यो सिद्धान्तले परमाणु सहपरमाणुको सोचाइमा क्रान्तिकारी परिवर्तन ल्याइदिएको छ । यस सिद्धान्तका आधारमा अहिले पदार्थका बारेमा व्याख्या गरिएको छ । ब्रह्माण्डमा रहेका प्रत्येक पदार्थ, वस्तु, कणहरूको यो सिद्धान्तले परिभाषित गर्दछ । यो सिद्धान्तको खोजी हुनुभन्दा पहिला पदार्थमा प्रोटोन, इलेक्ट्रोन र न्युट्रन रहेको मानिन्थ्यो । त्यो कुरा सही पनि हो । परमाणुको नाभीमा न्युक्लस हुन्छ र त्यसभित्र न्युट्रोन र प्रोटोन रहेको हुन्छ । तर पछिल्लो खोजअनुसार यिनीहरू प्रारम्भिक कण होइनन् । न्युट्रोनभित्र दुईवटा डाउन र एउटा अप क्वार्क रहेका हुन्छन् । त्यसैगरी प्रोटोनभित्र दुईवटा अप र एउटा डाउन क्वार्क रहेका हुन्छन् । प्रोटोन, इलेक्ट्रोन र क्वार्क कसरी बनेको हुन्छ भन्ने बारेमा क्वान्टम फिल्ड सिद्धान्तले परिभाषित गर्दछ । साथै स्ट्याण्डर्ड मोडेल इलिमेन्टरी पार्टिकल के हो त्यसलाइ बुझ्न जरुरी छ ।

कणलाई स्केलेटेरलमा उच्च उर्जामा ठोक्दा लगभग नगन्य कणहरूमा विभाजित हुन पुगेको थियो । यो प्रयोगले कणको स्पेन(घुमाइ), इलेक्ट्रिकल चार्ज, पिण्ड र जीवित समय(कण क्षय भएर हलुका नभइञ्जेलको समय)को विशेषता पत्ता लागेको थियो । एउटा यस्तो मोडेल बनाइयो कि ती आधारभूत कणहरूलाई उनीहरूको विशेषताका आधारमा एकैसाथ राख्न सकियोस् । साथसाथै फरकफरक बलले के कारणले काम गर्दछन् भन्ने परिभाषा गर्‍यो । यसै मोडेललाई स्ट्यान्डर्ड मोडेल अफ पार्टिकल फिजिक्स भनियो । यो मोडलअनुसार ब्रह्माण्डमा भएका कणहरूलाई दुई अलगअलग प्रवर्ग बाँड्न सकिन्छ ।

माथिको चार्टले पदार्थ कसरी बन्दछ भन्ने व्याख्या गर्दछ । पदार्थ फर्मिओनमा बन्दछन् । कणलाई पदार्थ बनाउन बोसोनको भूमिका रहेको हुन्छ । कणलाई पदार्थ बदल्ने काम हिगस बोसोनले गर्दछ । ब्रह्माण्डामा विभिन्न क्षेत्र (फिल्ड) रहेका हुन्छन् ।

बोसोन्स कणको खोज क्वान्टम मेकानिक्स र फिल्ड सिद्धान्तको संयोजनबाट क्वान्टम फिल्ड सिद्धान्त बनेको हुन्छ । वस्तु वास्तवमा न कण हो, न तरङ्ग नै । यिनीहरू तरङ्ग र कणको संयोजन हुन् । ब्रह्माण्डामा कहीँकतै खाली हुँदैन । यसमा विभिन्न क्षेत्रहरू रहेका हुन्छन् । यिनी एकैपटक सबै क्षेत्रमा यस्ता क्षेत्रहरू रहेका हुन्छन् जसलाई हामी देख्न सक्दैनौँ । म्याग्नेटिक, इलेक्ट्रिक, गुरुत्वाकर्षण, क्वार्क, ग्लुअन, हिग्स, स्केलर फिल्डहरू रहेका हुन्छन् । यही अवधारणालाई क्वान्टम फिल्ड सिद्धान्त भनिन्छ । यी फिल्डहरूमा ऊर्जा पठायो भने कणहरूमा परिणत हुन्छन् । जस्तै क्वार्क फिल्डमा ऊर्जा पठाए क्वार्क कण बन्दछन् । तिनै कणहरूलाई हिगस फिल्डमा पठाइयो भने पदार्थमा परिणत हुन्छ ।

**क्रमशः**

### 'वृद्धि गरिएको शुल्क फिर्ता ...

मेयर रेणु दाहालको उपस्थितिमा शिक्षा शाखाले निजी विद्यालयमा कक्षा ११ र १२ का विभिन्न सङ्कायमा शुल्क वृद्धि गरी अभिभावकको ढाड सेक्ने निर्णय गरेकाले अविलम्ब शुल्क वृद्धिको निर्णय फिर्ता नलिइए सङ्घर्ष सञ्चालन गर्ने चेतावनी दिएको हो ।

सङ्गठनका जिल्ला अध्यक्ष सविन खड्काले जारी गरेको प्रेस विज्ञप्तिमा भनिएको छ, 'देशको अर्थतन्त्र सङ्कटग्रस्त अवस्थामा हुँदा मुठीभर दलालहरूको स्वार्थअनुकूल गरिएको शुल्क वृद्धि तुरुन्त खारेज गर्न दलाल व्यवस्थाको भरतपुर महानगरलाई अनुरोध गर्दछौँ । अन्यथा हाम्रो सङ्गठन अखिल (क्रान्तिकारी) सङ्घर्षको कार्यक्रममा जान बाध्य हुने यसै विज्ञप्तिमार्फत जानकारी गर्दछौँ ।'

विज्ञप्तिमा भनिएको छ, 'भरतपुर महानगरपालिकाले दलाल संसदीय व्यवस्थाको संविधानले नै ग्यारेन्टी गरेको निःशुल्क शिक्षाको अधिकारलाई कुण्ठित गर्दै माघ १८ गते भरतपुर महानगर मेयर रेणु दाहालको उपस्थितिमा शिक्षा शाखाले निजी विद्यालयमा कक्षा ११ र १२ मा विभिन्न सङ्कायमा शुल्क वृद्धि गरी अभिभावकको ढाड सेक्ने गरी गरिएको शुल्क निर्धारणप्रति हाम्रो सङ्गठनको गम्भीर ध्यानाकर्षण भएको छ ।'

### सम्झौताहीन सङ्घर्षमा उत्रिन ...

राज्यले पछिल्लो समयमा सवारी तथा यातायात व्यवस्था ऐन २०४९ दफा ६० अनुरूप र प्रदेश सवारी तथा यातायात ऐन २०७६ को केही प्रावधानअनुरूप चालक अनुमतिपत्र निलम्बनसम्म गर्ने गरेको कार्यबाट देशैभर यातायात मजदुरहरू अत्यन्तै मारमा परेकाले सङ्घर्षमा उत्रिन आह्वान गरिएको छ ।

विज्ञप्तिमा भनिएको छ, 'श्रम तथा पुँजी बजारको वर्तमान समस्याको मूल विषय भनेको एकाधिकार तथा दलाल पुँजीवादको हस्तक्षेप प्रमुख कारण बन्दै गइरहेको र यसको समाधान सम्पूर्ण श्रमजीवी मजदुरहरू हकअधिकारका लागि सङ्घर्षको मोर्चामा सामेल हुन जरुरी छ ।'

थापाले विज्ञप्तिमा भनेका छन्, 'हाम्रो सङ्गठन सबै क्षेत्रका श्रमिकहरूलाई आह्वान गर्दछ– एकचोटि निर्णायक सङ्घर्षमा सहभागी बनौँ । श्रमिकविरोधी दलाल संसदीय व्यवस्थालाई बदलौँ ।'

### मूल्य वृद्धिविरुद्ध सङ्घर्षमा ...

बक्यौता तिर्नुपर्ने' बताइएको छ । इन्धनको मूल्य वृद्धिले समग्र क्षेत्रको मूल्य वृद्धिमा सबैभन्दा बढी प्रभाव पार्ने भएकाले पछिल्लो समयमा आमजनताको दैनिक जीवन महँगीको भारले अचाक्ली थिचिएको छ ।'

विज्ञप्तिमा अगाडि भनिएको छ, 'अन्तर्राष्ट्रिय बजारमा इन्धनको मूल्य बढ्दा बढाउने र घट्दा घटाउने 'स्वचालित नियम' विपरीत नेपाल आयल निगमले गरेको यो पछिल्लो मूल्य वृद्धि सातौँपटकको हो । खरिद मूल्यको तुलनामा करिब १०० प्रतिशतको हाराहारीमा गरिएको मूल्य वृद्धि कालोबजारीको एक चरम नमुना हो । बर्सौंसम्म एउटै कारण बताएर पटकपटक मूल्य वृद्धि गरिरहनु र जतिपटक मूल्य बढाए पनि ऋण चुक्ता कहिल्यै नहुनुको रहस्यका बीच नेपाल आयल निगमभित्रको चरम भ्रष्टाचार एवम् त्यसमा सरकार तथा ठूला राजनीतिक दलहरूको संलग्नता 'ओपन सेक्रेट' विषय हो । हाम्रो पार्टी यसखाले जनघाती, राष्ट्रघाती कार्यको निन्दा गर्दछ । नेपाल सरकार तथा नेपाल आयल निगमलाई यथाशीघ्र 'स्वचालित नियम' लागू गर्न तथा खरिद मूल्यका आधारमा अधिकतम २० प्रतिशत नाफा कायम गरी नयाँ मूल्य तोक्न पार्टी जोडदार माग गर्दछ । यसखाले जनविरोधी कार्यको सशक्त विरोध गर्न पार्टी आमजनतालाई हार्दिक अपिल गर्दछ ।'

**खाना पकाउने ग्याँस (एल.पी. ग्याँस) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी नेपाल आयल निगम लि. को अति आवश्यक जानकारी**

एल.पी. ग्याँस अत्यन्तै प्रज्वलनशिल पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवं सावधानी अपनाउनु जरुरी हुन्छ । त्यसैले खाना पकाउने ग्याँसको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुर्‍याउन सम्पूर्ण उपभोक्तावर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।



**दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरू :**

१. सिलिण्डर ल्याउदा लैजादा नगुडाऔं । भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्टाएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रवर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौ । साथै हरेक दुई वर्षमा ग्याँसको पाइप फेरौ ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौ ।
४. खाना पकाउदा सधै झ्याल ढोका खुल्ला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौ ।

**ग्याँस चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू :**

१. खाना पकाउने स्थानमा एल.पि. ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्याँस चुहिएको भन्ने बुझ्नु पर्दछ । ग्याँस लिक भएमा पहिले रेगुलेटरको र पछि चुल्होको नव बन्द गरौ ।
२. झ्याल ढोका खुल्ला राखौ र झिल्का निस्कने बस्तुहरु जस्तै ग्याँस चुल्हो, सलाई, लाईटर, धुप आदि नबालौ । विद्युतजन्य उपकरणको प्रयोग नगरौ ।
३. ग्याँस लिक भएमा रेगुलेटरलाई सिलिण्डरबाट छुटाई सिलिण्डरमा सेफ्टी क्याप लगाइ बाहिर खुल्ला स्थानमा राखौ र यथाशिघ्र नजिकको ग्याँस विक्रेता अथवा ग्याँस उद्योगमा सम्पर्क गरौ ।

"सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।
उपभोक्ता जनहितका लागि जारी

नेपाल आयल निगम लि.
केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं, नेपाल
फोन : ०१–४२६२९७०, ४२६३४८५

# शब्द र चित्रमा जनयुद्ध ...

## प्रथम सफल कारबाही बेथान (पानीघाट), रामेछाप

जनयुद्धको सुरुआत भएदेखि माओवादी लडाकु योद्धाहरूले प्रहरीको हतियार खोस्ने थुप्रै योजना बनाए तर ती कोही पनि सफल भइरहेका थिएनन् । युद्धको सुरुआत भएयता करिब ११ महिना यसरी नै बितिसकेका थिए । देशका तीनवटा कमान्डअन्तर्गत चौकी आक्रमणको केन्द्रीय योजना नबनेको पनि होइन । त्यसलाई कार्यान्वयन गर्न पश्चिम कमान्डको त्रिवेणी (रुकुम, जाजरकोट र डोल्पाको सिमाना–२०५३ मङ्सिर २८) मा गरिएको कारबाही असफल भइसकेको थियो । पश्चिम कमान्डकै प्युठानको लुङ प्रहरीचौकी (२०५३ पुस १) मा गरिएको कारबाही प्रहरीसँग हतियार नभएको कारण निर्धारित लक्ष्यमा सफल हुन सकेन । यसैक्रममा २०५३ पुस १९ गते पूर्वी कमान्डअन्तर्गत रामेछाप जिल्लाको बेथान पानीघाटमा अवस्थित प्रहरीचौकीमाथि आक्रमण भयो जुन कारबाही निर्धारित उद्देश्यमा सफल मात्र भएन, बरु जनयुद्धको इतिहासमै पहिलो सफल फौजी हमलामा दर्ज भयो ।

## प्रथम सफल कमान्डो कालिकाटार, तनहुँ

२०५४ जेठ १२ गते तनहुँ जिल्लाको कालिकाटारमा सम्पन्न यो कारबाही 'जनयुद्धको तेस्रो योजना' सुरुआतीको एक उत्कृष्ट कारबाही थियो । कालिकाटारको उक्त कारबाहीबाट छापामार हरूले प्रहरीका सम्पूर्ण हतियार कब्जा गरेका थिए तर आफ्नै क्रस–फायरका कारण छापामारतर्फ एकजनाको क्षति भएको थियो । भिडन्तमा प्रहरीतर्फ एकजनाको क्षति भएको थियो । बिहान करिब दस बजेतिर जनताको शैलीमा गएर गरिएको यो कारबाहीमा महिला छापामारहरूको भूमिका विशेष उल्लेखनीय रहेको थियो । अत्यन्त जोखिम मोलेर प्राप्त कालिकाटारको उक्त उपलब्धि बच्न भने सकेन । प्रहरीले तुरुन्त 'काउन्टर अप्रेसन' चलायो । कारबाहीबाट फर्किंदै गर्दा प्रहरीको घेरामा परी थप एकजना छापामारको नदीमा डुबेर क्षति भयो ।

## प्रथम सफल एम्बुस क्युबाङ, रुकुम

क्युबाङ कारबाही जनयुद्धको इतिहासमै प्रथमपटक एम्बुसको तरिकाले हतियार कब्जाको कारबाही थियो । आक्रमणको सुरुमा प्रहरीको पैदल–गस्तीमाथि माइन विस्फोट गरियो । भरुवा बन्दुक र सुतली बमले आक्रमणलाई थप मद्दत गरी प्रहरीमाथि थप आक्रमण गरेर यो कारबाही सम्पन्न भएको थियो । यो गुञ्जायमान वातावरणमा लड्दै जाँदा साढे पाँचतिर १ राइफल र पचासौँ गोलीहरू हाम्रो कब्जामा पर्दछ । २०५४ माघ १६, रुकुमको क्युबाङमा भएको एम्बुसमा ३ प्रहरीको मृत्यु, ४ घाइते र एक थान राइफल प्राप्त भयो ।

## अभियानात्मक कारबाहीअन्तर्गत उच्च केन्द्रीकृत आक्रमण लहँ, जाजरकोट

२०५५ देखि देशव्यापी सञ्चालित प्रहरीको 'किलो सेरा टु' (राज्यद्वारा सञ्चालित किल एन्ड सर्च अप्रेसन) अप्रेसन जारी नै थियो । प्रहरीद्वारा हत्या, लुटपाट र बलात्कारका घटना व्यापक बढिरहेका थिए । लहँ पूर्वी जाजरकोटको एक निकै सामरिक स्थल थियो । त्यहाँ माओवादी प्रतिकारका लागि स्थानीय स्तरबाटै प्रहरीको बलमा 'खुकुरी दल' नामक भिजिलान्ते समूह गठन गरिएको थियो । सोही अखडामा २०५६ जेठ ३१ गते विशेष कार्यदलका रूपमा सङ्गठित माओवादी छापामारहरूद्वारा भीषण हमला भयो । कारबाहीमा छापामारतर्फ कुनै मानवीय क्षति भएन । २५ जनाको सङ्ख्यामा रहेको दङ्गा प्रहरीतर्फ चारजनाको घटनास्थलमै मुत्यु भयो । बाँकीले आत्मसमर्पण गरेका थिए । छापामारहरूले प्रहरीका १८ थान राइफल, २ थान माउजर र १ थान रिभल्बर एवम् हजारौँ गोली कब्जा गरेका थिए ।

## प्रतिरणनीतिक कारबाही महत, रुकुम


यता देशव्यापी कथित जङ्गल सर्च अभियानअन्तर्गत व्यापक अप्रेसन र हत्याको शृङ्खला थालियो । त्यस अप्रेसनको प्रतिरोध, हत्याको बदला र योजनाको प्रारम्भका रूपमा २०५६ असोज ५ गते फौजी, गैरफौजी कार्यक्रम सम्पन्न गरियो । यसमा उल्लेख्य घटनाका रूपमा रुकुमको स्ट्राइकिङ बेसक्याम्पमाथिको साहसिक हमला र डीएसपी ठूले राईको गिरफ्तारी रह्यो । डीएसपी ठूले राईलाई लिएर ३ महिनापछि आफन्तहरूलाई बुझाउने काम भयो । यस कारबाहीले कथित जङ्गल सर्च अभियानलाई काफी हदसम्म असफल तुल्यायो र क. वासु वाग्लेको हत्याको बदला लिने र देशव्यापी राज्यआतङ्क रोक्नलाई महत्वपूर्ण भूमिका खेल्यो ।

महत कारबाहीमा माओवादी पार्टीले 'दुस्मनका महत्वपूर्ण मान्छे कब्जा गरेर आफ्ना मान्छे छुटाउन वा उनीहरूको जीवनरक्षाका लागि दबाब दिने नयाँ युद्ध कार्यनीतिको ढोका खोल्यो; जसको परिणाम माओवादी पार्टीका तत्कालीन केन्द्रीय सदस्य देव गुरुङलाई महतबाट कब्जा गरिएका डीएसपी ठूले राईसँग साटिएको थियो ।

## पहिलो सदरमुकाम हमला दुनै, डोल्पा

सिङ्गो राज्यसत्तालाई तहसनहस र ठूलो झट्का दिने गरी यो कारबाही २०५७ असोज ८ गते राती बटालियनस्तरको शक्तिले सम्पन्न गरेको थियो । यस कारबाहीमा जिल्ला कारागार शाखा, जिल्ला प्रशासन कार्यालय, मालपोत कार्यालय र जिल्ला प्रहरी कार्यालयहरू पूर्ण रूपले ध्वंस गरियो । ४ घन्टासम्म चलेको उक्त कारबाही उच्च प्रकारको चलायमान मोर्चाबद्ध युद्धको पनि एउटा अभ्यास बन्यो । यो आक्रमण जनयुद्धको इतिहासमा ऐतिहासिक महत्वको कारबाही हो । कारबाहीबारे सुइँको पाएर राज्यद्वारा आधुनिक तालिमप्राप्त दङ्गा फोर्ससमेत थप्दा पनि प्रहरीको पराजय भयो । अत्यन्तै भीषण रूपले भएको यस लडाइँमा जनसेनातर्फ २ जनाको क्षति भएको थियो भने १७ जना घाइते भएका थिए । प्रहरीतर्फ दर्जनौँको मृत्यु भएको थियो । यस कारबाहीबाट करिब ५ करोड नगदसहित ५० औँ थान प्रहरीका हतियार कब्जा गरियो ।




***मङ्सिर १ गते जनमुक्ति सेनाले काठमाडौँ–चितवन पृथ्वी राजमार्गको कृष्णभीरमा सडक जाम गरी शाहीसेनालाई योजनाबद्ध बोलाएर आक्रमण गऱ्यो । उक्त कारबाहीमा पहिला माइन विस्फोट गरी त्यसलगत्तै फायरबाट आक्रमण गरिएको थियो । सडक अवरोध हटाउन भनेर शाहीसेना गाडी र पैदल दुवै तरिकासहित आएको थियो । शाहीसेना जब आफ्नो निर्धारित ठाउँमा आइपुग्यो तब जनसेनाले भीषण आक्रमण सुरु गऱ्यो । शाहीसेनाले सकेजतिको प्रतिरोध गऱ्यो तर टिक्न सकेन ।***

## प्रहरी शक्तिमाथिको रणनीतिक हमला : रुकुमकोट र नौमुले

रुकुम जिल्लाको दोस्रो सदरमुकामका रूपमा अवस्थित रुकुमकोट एउटा सामरिक महत्वको ठाउँ थियो भने दैलेखको नौमुले पनि निकै व्यवस्थित प्रहरी क्याम्प थियो । दुवै ठाउँमा व्यवस्थित किल्लाबन्दी (तार–बार, ट्रेन्च, टनेल, बुबी ट्र्याप आदि) थियो । सयौँको सङ्ख्यामा रहेको प्रहरी शक्ति, उनीहरूसँग प्रशस्त राइफलहरू थिए । गोलीगट्ठाको अभाव थिएन तर पनि माओवादी पार्टीले ती दुई क्याम्पलाई नै आफ्नो निशाना बनाए र सफलतापूर्वक नियन्त्रणमा लिन सफल भयो । जनयुद्धको दोस्रो आधारका रूपमा विकसित भेरी–कर्णालीमा कार्यरत प्लाटुनहरूको सहभागितामा नौमुलेमा आक्रमण भएको थियो । दुवै कारबाहीहरूमा स्थानीय प्लाटुन र स्क्वायडहरूको पनि सहभागिता रहेको थियो । लडाइँमा दर्जनौँ प्रहरीको मृत्यु भयो । दुवै ठाउँमा प्रहरीतर्फ इन्स्पेक्टरसहित ३२/३२ जनाको मृत्यु भयो । पचासौँजना घाइते भए । जनसेनातर्फ रुकुमकोटमा ८ जना र नौमुलेमा ७ जनाको मानवीय क्षति भयो । छापामारतर्फ पनि उक्त क्षति त्यति बेलासम्मकै सबभन्दा ठूलो थियो । दुवै ठाउँको कारबाहीबाट साना–ठूला गरेर सयौँ थान प्रहरीका हतियार र हजारौँ राउन्ड गोलीहरू छापामारहरूले कब्जा गरे ।

## पुरानो सत्ताभित्र अन्तर्विरोधको विस्फोट : होलेरी आक्रमण, रोल्पा

२०५८ असार २८ गते रोल्पाको होलेरीमाथिको आक्रमणमा जनमुक्ति सेनाले आफ्नोतर्फ बिनाकुनै मानवीय क्षति ७१ जना प्रहरीहरूलाई कब्जामा लिएको थियो । माओवादी आक्रमणको डरले रातभरि अन्तै कतै सुत्ने र बिहान मात्र क्याम्पमा आउने यति बेलाको प्रहरीको रक्षात्मक रणनीति थियो । फेरि पनि उनीहरू बच्न सकेनन् । यो कारबाहीपछि पुरानो सत्ताभित्र अन्तर्विरोध विस्फोटन हुन गयो । दरबार र सरकार (संसद्वादी शक्ति) बीच विवादले उत्कर्ष रूप लिएको थियो । यो आक्रमणपछि पहिलोपटक शाही नेपाली सेनाको परिचालन गरिएको थियो । होलेरी कारबाहीमा सरकार फौजी रूपले होइन, त्योभन्दा धेरै नैतिक रूपले पराजय भयो ।

## शाहीसेनामाथिको पहलकदमीपूर्ण हमला दाङ आक्रमण

जनयुद्ध थालनीको करिब पाँच वर्षपछि माओवादी पार्टीको दोस्रो राष्ट्रिय सम्मेलन (२०५७ माघ–फागुन) सम्पन्न भयो । यसै अवधिबीच २०५८ जेठ १९ गते तत्कालीन राजा वीरेन्द्रको वंश विनास हुने गरी नारायणहिटी दरबारमा नृशंस हत्याकाण्ड भयो । दरबार हत्याकाण्डले देशको राजनीतिक वातावरणमा निकै ठूलो हलचल ल्याइदियो । सुरुका केही दिनहरूमा उत्तेजक अभिव्यक्तिका बाबजुद माओवादी पार्टीले दरबारसँग सहकार्यको आफ्नो नीतिलाई निरन्तरता नै दियो । फलस्वरूप दरबार हत्याकाण्डपछि गठित सरकारसँग वार्ताको प्रक्रिया (२०५७ साउन) समेत सुरु भयो । तीन चरणसम्म जारी वार्ता भने निष्कर्षविहीन भयो ।

२०५८ मङ्सिर ८ गते धक्कापूर्ण हमलाको मिति तय भइसकेको थियो । देशभरि सानाठूला सयौँ कारबाहीको योजना बनेका थिए । मुख्य कारबाहीका रूपमा दाङको अञ्चल सदरमुकाम घोराही कब्जा रहेको थियो । उता मध्यकमान्डअन्तगर्तको स्याङ्जा र पूर्वी कमान्डअन्तर्गतको सोलु सदरमुकाम पनि आक्रमणको निशानामा थिए । दाङको हमला ऐतिहासिक र भव्य रूपले सफल भयो । स्याङ्जा मुकाम हमला पनि शानदार सफल भयो तर सोलुखुम्बुको सदरमुकाम सल्लेरी कारबाही भने निर्धारित समयमा हुन सकेन । दुई दिनपछि गरिएको सोलु–सल्लेरी कारबाही पनि सफल नै भयो तर त्यहाँ रहेको नेपाली सेनाको क्याम्प भने कब्जा हुन सकेन ।

लडाइँका क्रममा ७ जना प्रहरी र मेजरसहित १४ जना शाही नेपाली सैनिकको मृत्यु भयो । जनमुक्ति सेनातर्फ ७ जनाको क्षति भयो । शाहीसेनाका विरुद्ध पहिलो पहलकदमीपूर्ण यस आक्रमणमा सेनाका सयौँ अत्याधुनिक हतियारहरू कब्जा भए । ५ थान ८१ एमएम मोर्टार, ३ थान टु इन्च, ३ थान रकेट लन्चर, २ थान जीपीएमजी, २ थान वेस्ट स्नाइपर, १४ थान एलएमजी, ४८ थान एसएमजीसहित सयौँको सङ्ख्यामा एसएलआर तथा थ्री नट थ्री राइफल कब्जा गरिए । बम, गोलीहरूलगायत कैयौँ ट्रक युद्ध–सामग्रीसमेत कब्जा भयो । उता त्यही दिनमा गरिएको स्याङ्जा सदरमुकाम हमला जनसेनातर्फ बिनाकुनै क्षति सदरमुकाममाथिको ऐतिहासिक सफल हमला बन्यो । सल्लेरीको हमला भने त्यो दिन हुन सकेन । कारबाहीका लागि नजिकै पुगिसकेको बेला जनसेनाको एकजना सदस्यले ग्रिनेड विस्फोटको दुर्घटना गरिदिँदा निर्धारित योजना रद्द गरियो । दुई दिनपछि अर्थात् मङ्सिर १० गते गरिएको सल्लेरी हमलामा सेनाको ब्यारेकबाहेक सम्पूर्ण सदरमुकाम जनसेनाले कब्जा गर्न सफल भयो । कारबाहीमा १४ जना जनसेनाको क्षति भयो । विगतका सम्पूर्ण लडाइँहरूको संश्लेषणसहितको यी आक्रमणहरूमा जनमुक्ति सेनाद्वारा कुशल युद्धक्षमता प्रदर्शन गरियो । जनमुक्ति सेनाको यो एक व्यवस्थित र बृहत् हमला थियो । यी ठूला कारबाहीको मद्दतमा देशैभरि अन्य थुप्रै साना र प्रचारात्मक कारबाहीहरू भएका थिए ।

## शाहीसेनामाथि 'काउन्टर अप्रेसनल' कारबाही : लिस्ने–गाम भिडन्त, रोल्पा

माओवादी पार्टीले शाहीसेनामाथिको हमला सुरु गरिसकेपछि ऊ यसलाई निरन्तर बढाउन चाहन्थ्यो । पुरानो सत्ताको विघटन वा कम्तीमा पनि उसलाई फौजी ढङ्गले समेत झुकाउन निरन्तर विजयको जरुरी थियो । दाङको केही समयपछि अछाम सदरमुकाम मङ्गलसेनको हमला र विजयले यो कुराको पुष्टि गर्दछ । त्यसको थप निरन्तरताका लागि दोस्रो धक्काको कार्यक्रम तय गऱ्यो ।

शाहीसेनाको अप्रेसन फोर्समाथि जनसेनाबाट गरिएको यो पहिलो हमला थियो । यो निकै शानदार सफल भयो । गाम सैन्य–बेसक्याम्पमाथि हमला प्रकारान्तरले अमेरिकी सैन्य रणनीतिका विरुद्धको हमला थियो । यो हमलामा शाहीसेनाको सर्मनाक पराजय भयो । जनाधार क्षेत्रलाई निशाना बनाएर सुरु गरिएको पुरानो सत्ताद्वारा सञ्चालित 'सर्च एन्ड डिस्ट्रोय' नामक घेरा हाल र सखाप पारको नीतिमा आधारित जनसंहारकारी अभियानमाथि समेत भयङ्कर हमला भयो । गाम हमलापछि रोल्पा, रुकुमका प्रायः सैनिक क्याम्पहरू उठाएर सदरमुकाम र केही निश्चित इलाकामा केन्द्रित गरिए । जनसेनाले यी दुवै कारबाहीमा अत्यन्त उच्च युद्धकौशल र साहस प्रदर्शन गरे । जनसेनातर्फ करिब ४० जनाको क्षति भएको यो कारबाहीमा सेना–प्रहरीतर्फ एक सयभन्दा बढीको क्षति भयो । सेना–प्रहरीका सयौँ थान अत्याधुनिक हतियारहरू जनसेनाले कब्जा गर्न सफल भयो ।

## व्यवस्थित किल्लाबन्दीविरुद्धको आक्रमण सन्धिखर्क, अर्घाखाँची

जब रोल्पाको गाममा रहेको शाही नेपाली सेनाको अप्रेसन बेसक्याम्प जनमुक्ति सेनाले ध्वस्त पारिदियो, तब त्यसको चोट नेपाली सेनालाई होइन, सीधै अमेरिकालाई पर्न गयो । त्यसपछि नेपाली सेनाले आफ्नो रणनीति बदल्यो । आफ्नो किल्लाबन्दीलाई बलियो बनाउने र रक्षात्मक पङ्क्तिको लडाइँ लड्ने उनीहरूको विशेष रणनीति बन्यो जुन कुरा जनमुक्ति सेनाका लागि नयाँ चुनौती बन्यो । यही कुरालाई ख्याल गरी माओवादी पार्टीले आफ्नो रणनीतिमा नेपाली सेनाको व्यवस्थित किल्लाबन्दीसमेत तोड्ने नयाँ योजना बनायो जसअनुसार २०५९ भदौ २३ गते अर्घाखाँचीको सदरमुकाम सन्धिखर्कमाथि आक्रमणको योजना तय भयो । यो आक्रमणमा भारी मात्रामा अत्याधुनिक हतियारहरू–एलएमजी, एसएमजी, एसएलआर, टु इन्च मोर्टार, राइफल, पेस्तोल, रिभल्बोर, म्यग्नम, हर्नेटजस्ता १७५ थान हतियार तथा ४ करोड ४५ लाख नगद, २० किलो सुन र जिन्सी गरेर थुप्रै युद्धसामग्री कब्जामा लियो ।



## बाहिरी पङ्क्तिका उच्च प्रतिहमलाहरू : पण्डौन, खैरीखोला, सिद्धधारा, कृष्णभीर र लेउतीखोला

मङ्सिर १ गते जनमुक्ति सेनाले काठमाडौँ–चितवन पृथ्वी राजमार्गको कृष्णभीरमा सडक जाम गरी शाहीसेनालाई योजनाबद्ध बोलाएर आक्रमण गऱ्यो । उक्त कारबाहीमा पहिला माइन विस्फोट गरी त्यसलगत्तै फायरबाट आक्रमण गरिएको थियो । सडक अवरोध हटाउन भनेर शाहीसेना गाडी र पैदल दुवै तरिकासहित आएको थियो । शाहीसेना जब आफ्नो निर्धारित ठाउँमा आइपुग्यो तब जनसेनाले भीषण आक्रमण सुरु गऱ्यो । शाहीसेनाले सकेजतिको प्रतिरोध गऱ्यो तर टिक्न सकेन । केही मिनेटमै आफ्नो निर्धारित सफलता हासिल गरेर जनसेना आफ्नो बाटो लाग्यो । समग्र जनयुद्धको यो एक चर्चित कारबाही हो । यो कारबाहीमा शाहीसेनातर्फ ४ जनाको र जनसेनातर्फ २ जनाको मानवीय क्षति भएको थियो । कारबाहीबाट जनमुक्ति सेनाले १ थान टु इन्च मोर्टार, ६ थान इन्सास राइफल, २ थान एसएलआर, २ थान एसएमजीलगायत हतियार कब्जा गरेको थियो । बोलाएर आक्रमण गर्ने तरिकाअनुसार नै मङ्सिर १ र २ गते बाँकेको खैरीखोलामा जनमुक्ति सेनाको एउटा टुकडीले लगातार पुरानो सत्ताको सेना र सशस्त्र प्रहरीसँग भिडन्त गऱ्यो । उक्त भिडन्तमा आफ्नोतर्फ बिनामानवीय क्षति जनमुक्ति सेनाले सशस्त्र प्रहरीका ८ थान एसएलआर र एक थान ५१ एमएम मोर्टार कब्जा गर्न सफल भयो । जनसेनालाई लखेट्न भनेर अप्रेसनको व्यापक सरजामसहित गएको यो टुकडीलाई 'एन्टी अप्रेसन प्लान' मा जनसेनाले आक्रमण गरेको थियो । भिडन्तमा शाहीसेनातर्फ ९ जना र जनमुक्ति सेनातर्फ ११ जनाको क्षति भयो । यसक्रममा शाहीसेनाले भीषण हवाई हमलासमेत गरेको थियो तर शाहीसेनाको केही जोर चलेन । उनीहरू पछाडि हटे । कारबाहीबाट जनमुक्ति सेनाले उनीहरूको साथमा रहेका अत्याधुनिक हतियारहरू १ थान एम १६ कोल्ट कमान्डो, १ थान ४० मिमी लन्चर सेट एम १६ तथा ४ थान एम १६ ए टु गरी कुल ६ थान एम १६ कब्जा गरेको थियो ।

मङ्सिर ३० गते अर्घाखाँचीको सिद्धधारा दोबाटोमा योजनाबद्ध फायर एम्बुसद्वारा गस्तीमा निस्केको शाहीसेनाको पैदल फोर्समाथि जनमुक्ति सेनाले अर्को हमला गऱ्यो । पूर्व–पश्चिम राजमार्गमा गरिएको यो आक्रमणबाट जनसेनाले शाहीसेनाको साथमा रहेका १ थान एलएसडब्लू र ८ थान इन्सास राइफल कब्जा गऱ्यो । यो हमलामा जनमुक्ति सेनातर्फ कुनै पनि मानवीय क्षति भएन । शाहीसेनातर्फ १९ जनाको घटनास्थलमै क्षति भयो ।

पुस १७ गते धनकुटाको लेउतीखोलामा जनमुक्ति सेनाले शाहीसेनाको एउटा टुकडीमाथि अर्को एउटा हमला गऱ्यो । फायर एम्बुसको तरिकाले गरिएको यो हमला सडकलाई अवरुद्ध बनाएर बोलाएर गरिएको थियो । शाहीसेनाको टुकडीलाई नजिकभन्दा नजिक आउन दिएर गरिएको यो आक्रमणमा दुवै पक्षबीच गुत्थमगुत्थाको लडाइँसमेत भएको थियो । शाहीसेनाले घटनास्थल आउनुपूर्व निकै ठूलो बमबार्ड गरी एरिया क्लियरको कारबाही गरेको थियो । त्यसका बाबजुद पनि जनसेनाले आफूलाई उद्देश्यमा अविचलित राखेर आक्रमणका लागि कुरेर बसेको थियो जसको परिणाम नै लडाइँमा जनसेना शानदार विजयी भयो । यो लडाइँमा जनसेना शाहीसेनाका दर्जनौँ अत्याधुनिक हतियार खोस्न सफल भयो । शाहीसेना र प्रहरीतर्फ भने दर्जनौँको क्षति भयो ।

## भारतीय प्रविधिविरुद्धको हमला : पिली, कालीकोट

२०६२ साउन २३ गते पिलीमा रहेको शाहीसेनाको ब्यारेकमाथिको भीषण आक्रमण गरी अत्यन्त शानदार सफलता हासिल गरिएको थियो । पिली कारबाही एकातिर जनयुद्धको आन्तरिक जीवनका उपर्युक्त प्रश्नहरूको जबाफ थियो भने अर्कोतिर जनयुद्धको इतिहासमै सबैभन्दा धेरै स्वचालित हतियार कब्जाको कारबाही बन्न पुग्यो । जनसेनाद्वारा दिउँसै जीपीएमजी र ८१ मिमी मोर्टारबाट आक्रमणको सुरुआत गरिएको थियो । त्यसपछि एसल्ट ग्रुपहरू क्याम्पको तीनतिरबाट घेराबन्दी गर्दै (एक साइडमा भीर भएकाले) अघि बढेका थिए । लडाइँमा जनमुक्ति सेनातर्फ दुई दर्जनभन्दा बढी र शाहीसेनातर्फ १५९ जनाको मानवीय क्षति भयो । ६४ जना शाहीसेनालाई जनसेनाद्वारा बन्दी बनाइयो । उनीहरूलाई केही समयपछि ससम्मान छोडिएको थियो । कारबाहीबाट १ थान ८१ मिमी मोर्टार, १ थान जीपीएमजी, टुइन्च मोर्टार २ थान, एसएमजी २ थान, ब्राउनिङ २ थान, एसएलआर ८० थान, इन्सास ७० थान र एलएमजी २० थान कब्जा भएका थिए ।

## शाही निरङ्कुशताविरुद्ध प्रतिरोधको सन्देश : तानसेन आक्रमण, पाल्पा

चुनबाङ बैठकले ढाडमा टेकेर टाउकोमा हान्ने नीति पारित गऱ्यो । मध्यक्षेत्रले मुख्यतः राजधानी आसपास, पूर्व र पश्चिमले पूर्व–पश्चिम राजमार्गलाई युद्धक्षेत्र निर्धारण गरी सैन्य कारबाहीका स्थानहरूसमेत छनोट गरिए । यो परिभाषामा सिङ्गो योजनाको केन्द्रीय टाउको राजधानी थियो भने कमान्ड, क्षेत्र र जिल्लाका टाउकाहरू पनि सापेक्षित रूपमा निर्धारण गरिएका थिए । सामान्यतः सहर, सदरमुकाम र सडक टाउकाको परिभाषामा राखिएका थिए । त्यसअन्तर्गत पश्चिम कमान्डको गण्डककेन्द्रित जनमुक्ति सेनाले पाल्पाको सदरमुकाम आक्रमण गरेको थियो । यो आक्रमणपूर्व गण्डक केन्द्रित जनमुक्ति सेनालाई शाहीसेनाले निकै ठूलो घेराबन्दी गरिरहेको थियो । पैदल र हवाई हमलाहरू दिनहुँजसो भइरहेका थिए । त्यही आक्रमण र घेराबन्दीकै बीचबाट गरिएको यो आक्रमण भएको थियो । यो अवधिमा देशभरि अरू सयौँ सानाठूला कारबाहीहरू भएका थिए । राजधानीको थानकोट र दधिकोट तथा सर्लाही जिल्ला सदरमुकाम मलङ्गवामा गरिएका हमलाहरू पनि निकै उच्चस्तरका थिए । तर ती सबैको नेतृत्व तहमा भने पाल्पा आक्रमण नै रहन गएको थियो ।

*(२८ औँ जनयुद्ध दिवसका अवसरमा यो सामग्री कमरेड दीपकको 'जनयुद्ध र जनमुक्ति सेना : सङ्क्षिप्त सिंहावलोकन' पुस्तक २०७४ बाट लिएर पुनः प्रकाशन गरिएको हो– सम्पादक)*

## देशभर २८ औँ जनयुद्ध दिवस मनाउँदै ...

मागहरू आजका दिनसम्म पनि पूरा भएका छैनन्, पूरा हुन सक्ने सकारात्मक सङ्केत पनि छैन । अर्कोतिर जुन महान् उद्देश्य राखेर जनयुद्ध सुरु भएको थियो त्यसको विघटन मात्र भएको छैन, माओवादी पार्टी दर्जनौँ चिरामा विभाजित भएको छ । माओवादीको एउटा हिस्सा जसले संसद्मा भाग लिएको छैन, त्यो पनि एकत्रित छैन भने संसद्मा भाग लिएको हिस्साबाट पुष्पकमल दाहाल प्रचण्डहरू कहिले शेरबहादुर देउवाहरूकै आड र समर्थनमा त कहिले केपी वलीहरूको आशीर्वाद लिएर चुनाव जित्ने र प्रधानमन्त्री, मन्त्री बन्ने अवस्थामा पुगेका छन् ।

नेपाल कम्युनिस्ट पार्टी (बहुमत) माओवादी आन्दोलनका विभिन्न आरोह र अवरोहहरू पार गरेर संसद्वादका बिरुद्ध बिद्रोह गरेको पङ्क्तिबाटै पछिल्लो चरणमा पुनर्गठिन शक्ति हो । यसको मुख्य नेतृत्व धर्मेन्द्र बास्तोला 'कञ्चन' र हेमन्तप्रकाश ओली 'सुदर्शनहरू' ले गरेका छन् । कञ्चन, सुदर्शनलगायत नेकपा (बहुमत) मा आबद्ध सम्पूर्ण पङ्क्ति उनै प्रचण्ड नेतृत्वको जनयुद्धका सहयोद्धा र उत्पादन हुन् । नेकपा (बहुमत) को मूल लक्ष्य र उद्देश्य माओवादी जनयुद्धकै निरन्तरता एवम् त्यसको विकास हो । जति बेला प्रचण्डको नेतृत्वमा सेना समायोजनका नाममा जनमुक्ति सेनाको विघटन गरिँदै थियो त्यो बेला कञ्चनहरू मोहन वैद्य किरणको नेतृत्वमा त्यसको विरोधमा उत्रिएका थिए । संविधानसभाको विघटनपछि आयोजना गरिएको दोस्रो अर्थात् नक्कली संविधानसभाको निर्वाचनमा प्रचण्डहरू सामेल हुँदै गर्दा कञ्चनहरूले त्यसको सशक्त विरोध र बहिष्कार गरे । दोस्रो संविधानसभाबाट 'आधा भरिएको गिलास' को उपमा दिएर लोकतान्त्रिक गणतन्त्रको संविधान जारी हुँदै गर्दा कञ्चनहरूले नेत्रविक्रम चन्द विप्लवको नेतृत्वमा काठमाडौँको शान्तिवाटिकाबाट उक्त संविधानको विरोध तथा जनसंविधानको घोषणा भएको थियो । विरोध त्यत्तिमा सीमित रहेन । विप्लव-कञ्चन-सुदर्शनहरूले पुरानो सत्तालाई चुनौती दिँदै देशभर भ्रष्टाचार र बेथितिका विरुद्ध 'जनकारबाही' हरू अघि बढाए । भ्रष्टाचारीहरूलाई कालो मोसो र जुत्ताका मालाहरू लगाउने मात्र नभएर भ्रष्टाचारको आरोपमा एनसेलका टावरहरूमा देशव्यापी आगजनी तथा बम विस्फोट गरियो । परिणामस्वरूप राज्यले विप्लव-कञ्चन-सुदर्शनले नेतृत्व गरेको तत्कालीन नेपाल कम्युनिस्ट पार्टीमाथि प्रतिबन्ध लगायो । झन्डै दुई वर्षसम्मको प्रतिबन्धित अवस्थामा हजारौँ नेता-कार्यकर्ताहरू राज्यद्वारा गिरफ्तार गरिए । जेल, नेल, यातना त हुने नै भयो, एक दर्जन कार्यकर्ताले जीवनको आहुति दिए । राज्यले नेपाल कम्युनिस्ट पार्टीमाथि प्रतिबन्ध थोपरे पनि पार्टीका तर्फबाट औपचारिक युद्धको घोषणा भएको थिएन । त्यो अवस्थामा वार्ताको प्रक्रियाअन्तर्गत २०७७ फागुन २१ गते नेपाल सरकार र नेपाल कम्युनिस्ट पार्टीबीच तीनबुँदे सहमति भएर पार्टीमाथिको प्रतिबन्ध फुकुवा भयो । पार्टीले आफ्नो घोषित नीतिअन्तर्गत गतिविधिहरू सञ्चालन गर्दै गएको थियो । त्यहीबीचमा पुरानो सत्ताअन्तर्गतको स्थानीय निर्वाचन घोषणा भयो । स्थानीय निर्वाचनलाई उपयोग वा बहिष्कार/अवज्ञाको विषयलाई लिएर पार्टीमा बहस सुरु भयो । मुख्य नेतृत्वमा रहेका विप्लवलगायतको अल्पमत हिस्साले चुनाव उपयोगको नीति अघि सार्‍यो भने कञ्चन-सुदर्शनसहितको बहुमत हिस्साले अवज्ञा/बहिष्कारको प्रस्ताव अघि सार्‍यो । विप्लवसहितको पङ्क्ति स्थानीय चुनावमा सामेल भयो । उता बहिष्कार/अवज्ञाका पक्षमा रहेका कञ्चन-सुदर्शनहरूले संसदीय संशोधनवादका मतियार बनेका विप्लवहरूलाई कारबाही गर्दै नेपाल कम्युनिस्ट पार्टी (बहुमत) को पुनर्गठन गरे । नेकपा (बहुमत) यति बेला जनयुद्धका कार्यभार पूरा गर्न सडक सङ्घर्षमा छ । जनयुद्धका कार्यभार पूरा गरी नेपालमा जनवादी क्रान्तिसहित वैज्ञानिक समाजवादी क्रान्ति सम्पन्न गर्ने उद्देश्यले नेकपा (बहुमत), नेकपा (क्रान्तिकारी माओवादी) र नेकपा -मशाल) का बीचमा एकताका लागि संयोजन समितिसमेत बनिसकेको छ ।

देशको आर्थिक अवस्था दिनप्रतिदिन सङ्कटग्रस्त बन्दै गइरहेको छ । ७० लाख बढी युवाहरू रोजगारका क्रममा विदेशमा छन् र तिनैले पठाएको रेमिटेन्सले देशको मुख्य अर्थतन्त्र चलिरहेको छ । वैदेशिक व्यापारघाटा खर्बौंले बढिरहेको छ । २०७७/०७८ को व्यापारघाटा १३ खर्ब, ९८ अर्ब ७१ करोड रहेको छ । धनी र गरिबबीचको खाडल डरलाग्दो तरिकाले विस्तार भइरहेको छ । देशका १० प्रतिशत धनीहरूको हातमा ४० प्रतिशत गरिबहरूको भन्दा २६ गुणा बढी सम्पत्ति केन्द्रीकृत भएको छ । माथिल्लो तहका २० प्रतिशत धनीसँग ५६.२ प्रतिशत सम्पत्ति थुप्रिएको छ भने तल्लो तहमा रहेका २० प्रतिशत गरिबसँग ४.१ प्रतिशत सम्पत्ति रहेको छ । नेपालका धनी ७ प्रतिशतसँग ३९ प्रतिशत कृषियोग्य जमिन रहको छ । आधाभन्दा बढी किसानसँग ०.५ हेक्टरभन्दा कम जमिन छ र ३ लाख परिवारसँग एक टुक्रा पनि जमिन छैन । ८१ प्रतिशत महिला र ४४ प्रतिशतभन्दा बढी दलित भूमिहीन रहेका छन् । बैँकहरूमा मौज्दात अत्यधिक पुँजी ठूला घराना र उद्योगपतिहरूले परिचालन गरिरहेका छन् । सांस्कृतिक र सामाजिक क्षेत्रका समस्याहरू पनि दिन-प्रतिदिन विकराल बन्दै गएका छन् । शिक्षा र स्वास्थ्य आधारभूत जनताको पहुँचभन्दा निकै टाढा गएको छ ।

लिपुलेक, लिम्पियाधुरा, कालापानीलगायत भूमिमाथि भारतीय साम्राज्यवादको अतिक्रमण बढेको छ । अमेरिकी साम्राज्यवादी योजना एमसीसीजस्तो राष्ट्रघाती सम्झौता संसद्बाटै पारित हुनु कम लज्जाको विषय होइन । महँगी, भ्रष्टाचार, कालोबजारी, कमिसनतन्त्र, दलाली, माफियागिरी, बेरोजगारी, महिला हिंसा र बेचबिखन, मिटरब्याज, सूदखोरीलगायत समस्या चरम बढिरहेका छन् । यी र यस्तै तमाम समस्याहरूको समाधानका लागि भन्दै नेकपा (बहुमत) ले वर्तमान सरकारलाई बुझाएको ४४ बुँदे मागपत्रलाई सर्वत्र विशेष चासोका साथ हेरिएको छ । के प्रचण्ड नेतृत्वको सरकारले यी मागहरू पूरा गर्ला ? आफ्ना मागहरू पूरा नभए नेकपा (बहुमत) ले के गर्ला ?

मानिसहरू दैनन्दिनका समस्याहरूले यति आक्रान्त छन्, समस्याहरूसँग जुध्न सक्ने राज्यको परिपाटी नभएकै कारण, आर्थिक सम्बन्ध नभएकै कारण, सांस्कृतिक मूल्य नभएकै कारण आत्महत्याजस्तो गलत बाटो अपनाउन बाध्य छन् । सरकारी तथ्याङ्कअनुसार नै पनि प्रतिदिन १४ जनाले आत्महत्या गर्ने गरेका छन् । के यी समस्याहरूको निराकरण जनयुद्धको पूर्णताबिना हुन सक्ला ? अवश्य सक्तैन । त्यसका लागि दलाल पुँजीवादी राज्यप्रणालीमै हेरफेर हुनु आवश्यक छ ।

अधिकांश मानिसहरू सहमत भएको विषय भनेको प्रणालीकै हेरफेर पहिलो आवश्यकता हो । प्रणालीको हेरफेर भन्नाले मूलतः आर्थिक प्रणालीमा हेरफेर भन्ने हो किनकि राजनीतिक प्रणालीमा धेरैपटक नाम मात्रका भए पनि हेरफेर हुँदै आएका छन् । गणतन्त्रको स्थापना त्यसकै एउटा उदाहरण हो । गणतन्त्रको आर्थिक सम्बन्ध पनि पुरानै प्रकृतिको शोषणकारी र साहुकारी रहेको छ । आमजनता, गरिब किसान, साना तथा मध्यम व्यवसायी, निम्न वैतनिक कर्मचारी, राष्ट्रिय पुँजीपतिहरू दिनदिनै अधोगतिको रसातलमा जाकिँदै गइरहेका छन् । महिला र दलित समुदायमाथिको अत्याचार विगतको भन्दा बढेर गएको छ । के यी समस्याहरूको सही समाधानबेगर अबको नेपाली समाजले, नेपाली राजनीतिले अग्रगति लिन सम्भव छ त ? स्पष्ट जबाफ के हो भने सम्भव छैन । ४४ बुँदे मागपत्र यसकै नयाँ आवश्यकता हो र २८ औँ जनयुद्ध दिवसका अवसरमा देशभर यी विषयमा गहन अन्तरक्रिया र मन्थन आवश्यक छ ।

नेकपा (बहुमत) को ४४ बुँदे मागपत्र जनयुद्धका ४० बुँदे मागपत्रकै निरन्तरता हो । यो आजको वस्तुगत आवश्यकता हो । यसको सही सम्बोधन देश र जनताप्रतिको उच्च जिम्मेवारीबोध हो । देश र जनताले सहज निकास पाउने हुन् वा दोस्रो जनयुद्ध र तेस्रो जनआन्दोलनको सृष्टि हुनु अनिवार्य हुने हो ? अधीरताका साथ प्रतीक्षाको विषय बनेको छ ।

### नेकपा (बहुमत) ले माघ ६ गते प्रधानमन्त्री पुष्पकमल दाहालसमक्ष पेस गरेको ४४ बँदे मागपत्रः

सम्माननीय प्रधानमन्त्रीज्यू,
प्रधानमन्त्रीको कार्यालय
सिंहदरबार, काठमाडौँ

**विषय : मागपत्र**

**नेपालको वर्तमान संविधान र यो संविधान अन्तर्गत बन्ने सबै जसो सरकारद्वारा जारी कैयौँ नीति-कार्यक्रमहरूमा समाजवाद शब्द प्रयोग गरिए पनि राज्य प्रणालीमा रहेको दलाल पुँजीवादी प्रभुत्वबाट सम्पूर्ण राष्ट्र आक्रान्त बनेको छ । नेपाली जनताले हरेक क्षेत्रमा हुने चरम भ्रष्टाचार, महँगी, राष्ट्रघात र सामाजिक विभेदका नारकीय समस्याहरू हरपल झेल्नु परेको सर्वविदित छ । यी समस्याहरूको वास्तविक समाधानका बारेमा हाम्रो पार्टीले आफ्ना धारणाहरू सार्वजनिक गर्दै आएको छ । यी समस्याहरू आधारभूत रूपले प्रणालीगत समस्या हुन् र तिनलाई प्रणालीगत रूपान्तरणबाट मात्रै समाधान गर्न सकिन्छ । यी समस्याहरू नेपाली जनता र नेपाल राष्ट्रका समस्या नभएर हामीले भोगिरहेको दलाल पुँजीवादी राज्यप्रणालीद्वारा सृजित समस्याहरू हुन् र यसको समाधान दलाल पुँजीवादको अन्त्य एवम् वैज्ञानिक समाजवाद स्थापनाबाट मात्र सम्भव छ । दलाल पुँजीवादको विस्थापन र समाजवाद लागू गर्ने विषयमा नेपालका अधिकांश पार्टीहरू नीतिगत रूपमा सहमत भएपनि त्यसको कुनै साझा राष्ट्रिय सहमति बन्न सकेको छैन । अतः समाजवाद शब्द जनतालाई झुक्याउने शब्दजाल मात्र बनेको छ । यो अवस्थामा जनताप्रति सरकारको न्यूनतम उत्तरदायित्वस्वरूप तत्कालका लागि तपसिलका मुद्दाहरू कार्यान्वयन गर्न यो मागपत्र पेस गरेका छौँ । हामीलाई विश्वास छ- यी मुद्दाहरू कार्यान्वयनका लागि वर्तमान सरकार र सम्माननीय प्रधानमन्त्रीको विशेष चासो र तत्परता रहनेछ ।**

#### राष्ट्रियतासम्बन्धी मागहरू

**१) हिन्द-प्रशान्त रणनीतिअन्तर्गत अमेरिका र नेपालबीच भएको सहश्राब्दी चुनौती निगम (MCC) तथा राज्य साझेदारी कार्यक्रम (SPP) सम्बन्धी राष्ट्रहित विपरीतको सम्झौता खारेज गरियोस् ।**
**२) नेपाल र भारतबीच भएका असमान सन्धि-सम्झौताहरू खारेज तथा पुनरावलोकन गरियोस् ।**
**३) भारतद्वारा अतिक्रमित लिम्पियाधुरा, कालापानी, लिपुलेक, सुस्ता, महेशपुर, पशुपतिनगरलगायत नेपाली भूभागहरू फिर्ता गराउन राज्यद्वारा पहल गरियोस् ।**
**४) नेपाल-भारत खुला सिमाना बन्द गरी श्रम स्वीकृति (वर्क परमिट) को व्यवस्था गरियोस् ।**
**५) साम्राज्यवादी तथा प्रतिक्रियावादी उद्देश्यद्वारा सञ्चालित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूलाई राज्यद्वारा नियन्त्रण तथा नियमन गरियोस् ।**
**६) आत्मनिर्भर राष्ट्रियअर्थतन्त्रको विकासका लागि उद्योग, व्यापार र वित्तीय क्षेत्रमा विदेशी एकाधिकार पुँजीको आधिपत्य अन्त्य गरियोस् । यसको विकल्पमा राज्यद्वारा सञ्चालित राष्ट्रिय उद्योगहरू स्थापना गरियोस् । विगतमा बेचिएका भृकुटी कागज कारखाना, बाँसबारी छालाजुत्ता उद्योगलगायत सम्पूर्ण विस्थापित उद्योगहरू पुनर्स्थापित गरियोस् ।**
**७) माथिल्लो कर्णाली, पश्चिम सेती, अरुण तीन, माथिल्लो मर्स्याङ्दीलगायत एकाधिकार पुँजीपति वर्गलाई दिइएका जलसम्पदा राष्ट्रको योजनामा निर्माण गर्ने नीति बनाइयोस् ।**
**८) सम्पूर्णखाले साम्राज्यवादी सांस्कृतिक अतिक्रमण अन्त्य गरियोस् ।**
**९) गोरखा भर्तीकेन्द्र र भारतीय सेनाका लागि नेपाली सैन्य भर्ती खारेज गरियोस् ।**
**१०) भारतीय नम्बर प्लेटका गाडीहरूको निर्बाध नेपाल प्रवेश नियन्त्रण गरियोस् ।**

#### जनतन्त्रसँग सम्बन्धित मागहरू

**१) जनताको वास्तविक जनगणतन्त्र स्थापना गर्न प्रत्याह्वानको व्यवस्थासहित निर्वाचित कार्यकारी प्रमुख र निर्वाचित न्यायपालिका प्रमुखको व्यवस्था गरियोस् । यो प्रणाली परिवर्तन गर्न तत्कालका लागि स्वाधीन संयुक्त सरकार गठन गरियोस् ।**
**२) आत्मनिर्णयको अधिकारसहित उत्पीडित राष्ट्रियतार उत्पीडित क्षेत्रहरूको स्वायत्तता लागू गरियोस् ।**
**३) महिला हिंसा तथा लैङ्गिक विभेद, जातीय विभेद, वर्णविभेद, मुस्लिम तथा मधेसी समुदायमाथिको विभेद अन्त्य गरियोस् ।**
**४) विभिन्न राजनीतिक आन्दोलनका क्रममा तथा तीनबुँदे सहमतिविपरीत बन्दी बनाइएका राजबन्दीहरूलाई यथाशीघ्र रिहा गर्नुका साथै सम्पूर्ण झुट्टा मुद्दाहरु खारेज गरियोस् ।**
**५) राज्यद्वारा गिरफ्तार व्यक्तिलाई लगाइएको मुद्दा प्रमाणित नभएमा त्यसको क्षतिपूर्ति दिने व्यवस्था गरियोस् ।**

#### जनजीविकासम्बन्धी मुद्दाहरू

**१) सम्पूर्ण नेपाली जनतालाई जमिनमाथिको जन्मसिद्ध अधिकार सुनिश्चित गरियोस् ।**
**२) दलाल तथा नोकरशाही पुँजीराज्यद्वारा अधिग्रहण गरी राष्ट्रिय उद्योगहरू स्थापना गरियोस् । साथै साना तथा मझौला उद्योगहरूलाई विशेष सहुलियतको व्यवस्था गरियोस् ।**
**३) सम्पूर्ण नेपाली नागरिकको आवासको व्यवस्था राज्यद्वारा सुनिश्चित गरियोस् र सुकुमबासी तथा अव्यवस्थित बसोबासीहरूको तुरुन्त वैकल्पिक व्यवस्था गरियोस् ।**
**४) सम्पूर्ण श्रमिकहरूको न्यूनतम ज्याला दैनिक एक हजार हुने नीति लागू गरियोस् ।**
**५) संशोधित श्रम ऐन-२०७४ का श्रमिक विरोधी प्रावधानहरू धारा १०२, १२७, १४५ र १४७ खारेज गरियोस् ।**
**६) सेज (क्उभअष्ब िभ्अयलयफष्अ श्यलभ) मा सञ्चालन हुने उद्योगहरूमा ट्रेड युनियनहरू माथि लगाइएको प्रतिबन्ध खारेज गरियोस् ।**
**७) ठेकेदारी प्रथा, दैनिक ज्यालादारी, पिसरेट र करार प्रथा खारेज गरियोस ।**
**८) राष्ट्रिय श्रम आयोग गठन गरियोस् ।**
**९) विदेशमा पलायन भइरहेको सीप र श्रमलाई रोक्न स्वदेशमा रोजगारीको योजनाबद्ध व्यवस्था गरियोस् ।**
**१०) किसानहरूलाई उपयुक्त समयमा नै मल, बिउ, औजारको सस्तो र सुलभ व्यवस्था गरियोस् । किसानको उपज राज्यद्वारा खरिद गर्ने नीति लागू गर्नुका साथै बजारको उचित व्यवस्था गरियोस् । कृषिजन्य उत्पादनको आयातलाई नियन्त्रण गरियोस् ।**
**११) कृषि उत्पादनका लागि उचित अनुदानको व्यवस्था गर्नुका साथै शक्ति र पहुँचका भरमा गरिने अनुदानरूपी भ्रष्टाचार बन्द गरियोस् ।**
**१२) अनाथ, अपाङ्ग, वृद्ध र बालबालिकाको राज्यद्वारा उचित संरक्षण प्रदान गरियोस् ।**
**१३) दस वर्षसम्म सञ्चालित जनयुद्ध र विभिन्न जनआन्दोलन तथा जनसङ्घर्षका क्रममा घाइते योद्धाहरूको उपचार तथा जीविकाको पूर्ण सुनिश्चितता गर्नुका साथै त्यसक्रममा जीवन गुमाएका सहिद परिवारहरूको नियमित व्यवस्थापन गरियोस् ।**
**१४) कालोबजारिया, तस्कर, घूसखोर, भ्रष्टाचारी, कमिसनखोरहरूलाई कडा सजाय गरी अनुचित रूपले आर्जित सम्पत्ति राष्ट्रियकरण गरियोस् ।**
**१५) मिटरब्याज लगानीकर्ताहरू, लघुवित्तीय संस्थाहरू, सहकारीहरू र बैङ्कहरूद्वारा गरिएको सूदखोरीको नियमन गरी अपराधमा संलग्न व्यक्तिहरूलाई कडा कारबाही गरियोस् ।**
**!^_ लागूपदार्थको दुर्व्यसन अन्त्य गर्न राष्ट्रिय संयन्त्र गठन गरियोस् ।**
**१७) सम्पूर्ण तहका जनप्रतिनिधिहरूको तलबभत्ता खारेज गरियोस् ।**
**१८) २०४७/०४८ पछिका राष्ट्रपति, प्रधानमन्त्री, मुख्यमन्त्री, गभर्नर, सभामुख, संवैधानिक आयोगका प्रमुख, मुख्यसचिव, सेना-प्रहरीका प्रमुख, संस्थानका प्रमुखहरूको सम्पत्ति विवरण छानबिन गरी सार्वजनिक गरियोस् ।**
**१९) स्वास्थ्यमा निजीकरणको अन्त्य गरियोस् । पहिलो चरणमा ५० वर्ष नाघेका सम्पूर्ण नागरिकलाई र दोस्रो चरणमा सम्पूर्ण उमेरसमूहलाई लागू हुनेगरी पाँच वर्षभित्र निःशुल्क स्वास्थ्य सेवा प्रदान गरियोस् ।**
**२०) शिक्षामा निजीकरणको अन्त्य गरियोस् । तत्कालका लागि सरकारी कर्मचारी र जनप्रतिनिधिहरूको लगानी भएका निजी विद्यालयहरू खारेज गरियोस् ।**
**२१) विदेशी विश्वविद्यालयबाट सम्बन्धन प्राप्त कलेजहरूलाई शिक्षा ऐनमा भएको व्यवस्था बमोजिम कारबाही गरियोस् ।**
**२२) 'नो अब्जेक्सन लेटर' लिएर विदेश पढ्न जाने स्थितिको अन्त्य गरियोस् । यसका लागि मेडिकल कलेजहरूमाथि थोपरिएका अनावश्यक प्रावधान खारेज गरियोस् ।**
**२३) त्रिभुवन विश्वविद्यालयको अनियमितता बन्द गर्नुका साथै शैक्षिक तालिकालाई नियमित गरियोस् ।**
**२४) निजी शिक्षाको पकडमा रहेको राष्ट्रिय परीक्षा बोर्डलाई स्वतन्त्र बनाइयोस् । परीक्षा प्रणालीमा नीतिगत अनियमितता गरिरहेका निजी शैक्षिक संस्थाहरूलाई कारबाही गरियोस् ।**
**२५) वैदेशिक रोजगारीका क्रममा अङ्गभङ्ग हुने र मृत्युवरण गर्नेको हकमा कम्तीमा १ करोड रुपैयाँ बराबरको बिमाको व्यवस्था गरियोस् । प्रतिबन्धित देशहरूमा रोजगारीका नाममा भैरहेको मानव तस्करी बन्द गरियोस् ।**
**२६) निजी क्षेत्रद्वारा सञ्चालन गरिने सुरक्षा नीति खारेज गरियोस् ।**
**२७) सडक व्यापारीहरूको व्यवसायलाई उचित विकल्प प्रदान गरियोस् ।**
**२८) विभिन्न उद्योग तथा परियोजनाका नाममा विकल्पहीन अतिक्रमण रोकियोस् ।**
**२९) विभिन्न तरिकाले अतिक्रमित सार्वजनिक जमिनको सुरक्षा गरियोस् ।**

..................
**संयोजक**
**धर्मेन्द्र वास्तोला 'कञ्चन'**

### तत्कालीन नेकपा (माओवादी) को खुला मोर्चा संयुक्त जनमोर्चा नेपालका नामबाट २०५२ साल माघ २१ गते तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवासमक्ष राखिएका ४० बुँदे माग यसप्रकार थिए-

#### (क) राष्ट्रियतासम्बन्धी मागहरू

१) सन् १९५० को नेपाल-भारत सन्धि लगायतका सम्पूर्ण असमान सन्धि, सम्झौताहरू खारेज गरिनुपर्छ ।
२) राष्ट्रघाती टनकपुर सम्झौतालाई ढाकछोप गर्न र नेपालको सम्पूर्ण जलसम्पदामाथि भारतीय विस्तारवादलाई एकाधिकार सुम्पन २०५२ माघ १५ गते नेपाल र भारत सरकारबीच सम्पन्न कथित एकीकृत महाकाली सन्धि अझै बढी राष्ट्रघाती र दीर्घकालीन दृष्टिकोणले बढी खतरनाक भएकोले उक्त सन्धि तत्काल खारेज गरिनुपर्छ ।
३) नेपाल भारत खुल्ला सिमाना नियन्त्रित र व्यवस्थित गरिनुपर्छ । नेपालभित्र भारतीय नम्बर प्लेटका गाडीहरू चलाउन तत्काल रोक लगाउनुपर्छ ।
४) गोरखा भर्ती केन्द्र रद्द गरिनुपर्छ र नेपालीहरूलाई स्वदेशभित्रै सम्मानजनक रोजगारीको व्यवस्था गरिनुपर्छ ।
५) नेपालभित्र विविध क्षेत्रमा कामको निम्ति स्वदेशी कामदार हरूलाई नै प्रश्रय दिइनुपर्छ र विशेष अवस्थामा विदेशी कामदार हरूलाई काममा लगाउनुपर्दा 'वर्क परमिट' प्रथा लागू गरिनुपर्छ ।
६) नेपालको उद्योगधन्दा, व्यापार र वित्तीय क्षेत्रमा विदेशी एकाधिकार पुँजीको आधिपत्य अन्त्य गरिनुपर्छ ।
७) आत्मनिर्भर राष्ट्रिय अर्थतन्त्रको विकास हुने गरी भन्सार नीति तय र लागू गरिनुपर्छ ।
८) साम्राज्यवादी तथा विस्तारवादी सांस्कृतिक प्रदूषण र अतिक्रमणको अन्त्य गरिनुपर्छ । देशभित्र छाडा हिन्दी सिनेमा, भिडिओ र पत्रपत्रिकाहरूको आयात र वितरणमा तुरुन्त रोक लगाइनुपर्छ ।
९) एन.जी.ओ./आई.एन.जी.ओ. आदिको नाउँमा देशभित्र साम्राज्यवादी/विस्तारवादी घूसपैठको अन्त्य गरिनुपर्छ ।

#### (ख) जनतन्त्रसँग सम्बन्धित मागहरू

१०) जनगणतन्त्रात्मक व्यवस्था स्थापनाको निम्ति चुनिएका जनताका प्रतिनिधिहरूद्वारा नयाँ संविधान निर्माण गरिनुपर्छ ।
११) राजा र राजपरिवारका सबै विशेषाधिकार अन्त्य गरिनुपर्छ ।
१२) सेना, प्रहरी, प्रशासन पूर्ण रूपले जनताको नियन्त्रणमा हुनुपर्छ ।
१३) सुरक्षा ऐन लगायतका सबै दमनकारी ऐनहरू खारेज गरिनुपर्छ ।
१४) राजनीतिक प्रतिशोधका कारणले झुट्टा मुद्दामा फसाइएका रुकुम, रोल्पा, जाजरकोट, गोरखा, काभ्रे, सिन्धुपाल्चोक, सिन्धुली, धनुषा, रामेछाप लगायतका जिल्लाहरूका सम्पूर्ण बन्दीहरू तत्काल रिहा गरिनुपर्छ र सबै झुट्टा मुद्दाहरू खारेज गरिनुपर्छ ।
१५) जिल्ला जिल्लामा भइरहेको सशस्त्र प्रहरी अप्रेसन, दमन र राज्य आतंक तुरुन्त बन्द गरिनुपर्छ ।
१६) विभिन्न समयमा पुलिस हिरासतबाट बेपत्ता पारिएका दिलीप चौधरी, भुवन थापा मगर, प्रभाकर सुवेदीलगायतका व्यक्तिहरूको बारेमा निष्पक्ष छानबिन गरी अपराधीहरूलाई कडा कारबाही गरिनुपर्छ र पीडित परिवारलाई उचित क्षतिपूर्ति प्रधान गरिनुपर्छ ।
१७) जन-आन्दोलनको क्रममा मारिएकाहरूलाई सहिद घोषणा गरिनुपर्छ, सहिदका परिवार तथा घाइते र अपाङ्गहरूलाई उचित क्षतिपूर्ति दिइनुपर्छ र हत्याराहरूमाथि कडा कारबाही गरिनुपर्छ ।
१८) नेपाललाई धर्म-निरपेक्ष राज्य घोषित गरिनुपर्छ ।
१९) महिलामाथिको पितृसत्तात्मक शोषणको अन्त्य गरिनुपर्छ । छोरीलाई छोरासरह पैतृक सम्पत्तिमाथि समान अधिकार दिइनुपर्छ ।
२०) सबै खाले जातीय शोषण र उत्पीडनको अन्त्य गरिनुपर्छ । जनजातिहरूको बाहुल्य भएका क्षेत्रहरूमा जातीय स्वायत्त शासनको व्यवस्था गरिनुपर्छ ।
२१) दलितहरूमाथि भेदभाव अन्त्य गरिनुपर्छ । छुवाछूत प्रथा पूर्ण रूपले बन्द गरिनुपर्छ ।
२२) सबै भाषा-भाषीहरूलाई समान अवसर र सुविधा दिइनुपर्छ । उच्च माध्यमिक तहसम्म मातृभाषामा शिक्षा प्राप्त गर्ने व्यवस्था मिलाउनुपर्छ ।
२३) वाक् तथा प्रकाशन स्वतन्त्रताको पूर्ण ग्यारेन्टी हुनुपर्छ । सरकारी सञ्चार माध्यमहरू पूर्ण रूपले स्वायत्त हुनुपर्छ ।
२४) बुद्धिजीवी, साहित्यकार, कलाकार र सांस्कृतिक कर्मीहरूको प्राज्ञिक स्वतन्त्रताको ग्यारेन्टी गरिनुपर्छ ।
२५) पहाड र तराईको क्षेत्रीय भेदभावको अन्त्य गरिनुपर्छ । पिछडिएका इलाकाहरूलाई क्षेत्रीय स्वायत्तता प्रदान गरिनुपर्छ । गाउँ र सहरबीच सन्तुलन कायम गरिनुपर्छ ।
२६) स्थानीय निकायहरूलाई अधिकार र साधन सम्पन्न बनाइनुपर्छ ।

#### (ग) जनजीविकाको प्रश्नसँग सम्बन्धित मागहरू

२७) जमिन जोत्नेको हुनुपर्छ । सामन्तहरूको जमिन जफत गरेर भूमिहीन तथा सुकुम्बासीहरूमा वितरण गरिनुपर्छ ।
२८) दलाल तथा नोकरशाही पुँजीपतिहरूको सम्पत्ति जफत गरी राष्ट्रियकरण गरिनुपर्छ । अनुत्पादक क्षेत्रमा अल्झिएको पुँजीलाई औद्योगिकीकरणमा लगाउनुपर्छ ।
२९) सबैलाई रोजगारीको ग्यारेन्टी गरिनुपर्छ । रोजगारी नपाउन्जेल बेरोजगार भत्ताको व्यवस्था गरि नुपर्छ ।
३०) उद्योग, कृषिलगायतका सबै क्षेत्रमा काम गर्ने मजदुरहरूको न्यूनतम ज्याला निर्धारण गरी त्यसलाई कडाइका साथ लागू गर्ने व्यवस्था गरिनुपर्छ ।
३१) सुकुम्वासीहरूलाई बसोबासको उचित व्यवस्था गरिनुपर्छ । वैकल्पिक बसोबासको व्यवस्था नगरी सुकुम्बासीहरूलाई उठीबास गर्ने काम तुरुन्त बन्द गरिनुपर्छ ।
३२) गरीब किसानहरूलाई पूर्ण रूपले ऋण मुक्त गरिनुपर्छ । कृषि विकास बैँकबाट साना किसानहरूले लिएको ऋण मिनाहा गरिनुपर्छ । साना उद्योगीहरूलाई समुचित कर्जाको व्यवस्था गरिनुपर्छ ।
३३) मल, बीउ सस्तो र सुलभ हुनुपर्छ । किसानहरूलाई उत्पादनको उचित मूल्य र बजारको व्यवस्था गरिनुपर्छ ।
३४) बाढी पीडित र सुख्खाग्रस्त क्षेत्रहरूमा उचित राहतको व्यवस्था गरिनुपर्छ ।
**३५) सबैलाई निःशुल्क र वैज्ञानिक स्वास्थ्य सेवा र शिक्षाको व्यवस्था गरिनुपर्छ । शिक्षा क्षेत्रमा व्याप्त व्यापारीकरणको अन्त्य गरिनुपर्छ ।**
**३६) महँगी नियन्त्रण गरिनुपर्छ । महँगीको अनुपातमा ज्याला वृद्धि गरिनुपर्छ र दैनिक उपभोगका वस्तुहरू सस्तो र सुलभ तरिकाले आपूर्ति गर्ने व्यवस्था गरिनुपर्छ ।**
**३७) गाउँगाउँमा खानेपानी, बाटोघाटो र बिजुलीको व्यवस्था गरिनुपर्छ ।**
**३८) कुटीर तथा साना उद्योगहरूलाई विशेष सहुलियत र संरक्षण दिइनुपर्छ ।**
**३९) भ्रष्टाचार, कालोबजारी, तस्करी, घूसखोरी, कमिसनतन्त्र अन्त्य गरिनुपर्छ ।**
**४०) अनाथ, अपाङ्ग, वृद्ध र बालबालिकाहरूको उचित संरक्षणको व्यवस्था गरिनुपर्छ ।**

नेपाली राष्ट्र र जनताको जीवनसँग अत्यावश्यक रूपले जोडिएका उपरोक्त मागहरू यथाशीघ्र पूरा गर्नेतर्फ पहल गरियोस् भन्ने वर्तमान गठबन्धन सरकारसमक्ष हाम्रो हार्दिक आग्रह छ । आगामी २०५२ फागुन ५ गतेसम्म सरकारको तर्फबाट यसबारे कुनै सकारात्मक पहल नभएमा हामी विद्यमान राज्यसत्ताको विरोधमा सशक्त सङ्घर्षको बाटोमा उत्रन बाध्य हुनुपर्ने जानकारी पनि गराउन चाहन्छौँ ।'

गताङ्कबाट क्रमशः

मार्क्सवादको निर्माण अवधिको अन्तिम तर अत्यधिक महत्वपूर्ण कृति मार्क्स र एङ्गेल्सद्वारा लिखित **कम्युनिस्ट पार्टीको घोषणापत्र** थियो । मार्क्सवादको ऐतिहासिक विकासमा यसको निकै महत्वपूर्ण स्थान रहेको छ । यो विश्वसर्वहारा आन्दोलनको पहिलो कार्यक्रमगत दस्तावेज थियो– यस्तो दस्तावेज जसमा मार्क्सवादी विश्वदृष्टिकोणका आधारभूत तत्वहरूको ज्यादै उत्कृष्ट, विस्तृत र व्यवस्थित रूपबाट व्याख्या गरियो ।

**कम्युनिस्ट घोषणापत्र** पुँजीवादको उत्पत्ति र विकास, उत्पादक शक्तिहरूको विकासमा त्यसद्वारा गरिएको मजदुरहरूको निर्मम शोषण तथा उत्पीडन, त्यसका आन्तरिक अन्तर्विरोधहरू र सर्वहारावर्ग र पुँजीपतिवर्गबीच बढ्दो वर्गवैरभाव आदि स्पष्टसित देखाइएका छन् । पुँजीपतिवर्गका विरुद्ध मजदुर सङ्घर्ष विभिन्न चरणहरू पार गरेर आएको कुरा स्पष्ट पारी **घोषणापत्रले** विश्वसर्वहारावर्गलाई पुँजीवादी शोषण र उत्पीडनबाट मुक्तिको बाटो देखाइदिएको छ । इतिहासको चालक शक्तिका रूपमा वर्गसङ्घर्षको महत्वलाई स्पस्ट पारेर **घोषणापत्र**ले कुन कुरा देखायो भने पुँजीवादले आफ्नो विकासका क्रममा आफ्नो विनाशका लागि हतियार मात्र होइन, सर्वहारावर्गका रूपमा उक्त हतियार प्रयोग गर्ने मानिसहरू पनि तयार पारेको छ । पुँजीवादको चिहान खन्ने र नयाँ, वर्गहीन समाजको निर्माण गर्ने शक्ति सर्वहारावर्ग हो भन्ने महत्वपूर्ण विचार प्रस्तुत गर्दै **घोषणापत्र**ले के बताएको छ भने *'सर्वहारावर्गले आफ्नो राजनीतिक प्रभुत्व प्रयोग गरी पुँजीपतिवर्गबाट बिस्तार-बिस्तार सारा पुँजी खोस्नेछ । राज्यको हातमा अर्थात् शासकवर्गका रूपमा सङ्गठित सर्वहारावर्गको हातमा उत्पादनका सारा साधनहरूलाई केन्द्रित पार्नेछ र सकेसम्म तीव्र गतिले कुल उत्पादक शक्तिहरूलाई बढाउनेछ ।'* (१२)

**कम्युनिस्ट घोषणापत्र**को एउटा ठूलो उपलब्धि के थियो भने त्यसले सर्वहारावर्गका नेता तथा सङ्गठनकर्ताका रूपमा कम्युनिस्ट पार्टीसम्बन्धी सिद्धान्त र उक्त पार्टीका लागि आधारभूत कार्यनीतिको प्रतिपादन गरेको छ । त्यसले कुन कुरामा जोड दियो भने कम्युनिस्टहरूले ऐतिहासिक परिस्थितिअनुसार काम गर्नुपर्छ, सर्वहारावर्गको तात्कालिक उद्देश्यलाई त्यसको अन्तिम उद्देश्यको अधीनस्थ राख्नुपर्छ र प्रत्येक क्रान्तिकारी आन्दोलनलाई समर्थन गर्नुपर्छ ।

**घोषणापत्र**मा विभिन्नखालको समाजवाद- सामन्ती, क्रिस्चियन, निम्नपुँजीवादी तथा पुँजीवादी समाजवादको वास्तविक वर्गचरित्रको पर्दाफास गरिएको छ ।

**घोषणापत्र**मा भावी साम्यवादी समाजको विस्तृत वर्णन छैन तर सारभूत रूपमा त्यसका मुख्य विशेषताहरू दिइएका छन् । ती विशेषताहरू यसप्रकार छन्– मानिसद्वारा मानिसको शोषण तथा उत्पीडनको उन्मूलन, जातीय थिचोमिचोको अन्त्य, औपनिवेशिक दासत्वको अन्त्य, मानसिक तथा शारीरिक श्रमबीचको र गाउँ तथा सहरबीचको भेदको उन्मूलन, महिलाहरूको समानता, व्यक्तिको सच्चा स्वतन्त्रता, समाजका सारा सदस्यहरूका भौतिक तथा बौद्धिक खाँचोहरूको पूर्ण सन्तुष्टिका लागि उत्पादक शक्तिहरूको तीव्र विकास आदि । यस्तो समाजको स्थापना तुरुन्तै होइन, बरु बिस्तार-बिस्तार, पुरानो समाजको रूपान्तरणद्वारा मात्र गर्नसकिने कुरामा पनि जोड दिइएको छ ।

**घोषणापत्र** तलको महान् नारका साथ टुङ्गिएको छ : 'सबै मुलुकहरूका मजदुरहरू हो, एक होऊ ।' यस नारामा मजदुरहरूको अन्तर ष्ट्रवादको विचार अभिव्यक्त भएको छ ।

पहिलो मार्क्सवादी कार्यक्रमका रूपमा **घोषणापत्र** मार्क्सवादको निर्माणकालमा मार्क्स र एङ्गेल्सको सिर्जनात्मक क्रियाकलापको एउटा ठूलो उपलब्धि थियो । त्यसले एक एकीकृत क्रान्तिकारी विश्वदृष्टिकोणका रूपमा मार्क्सवादलाई ठोस रूप दियो । **घोषणापत्र**को प्रकाशनपछि मार्क्सवादको निर्माणप्रक्रिया आधारभूत रूपमा पूरा भयो र ऐतिहासिक रङ्गमञ्चमा पूरै वैज्ञानिक सिद्धान्तको उदय भयो । ऐतिहासिक निर्माणको अवधि टुङ्गिएपछि त्यसको विकासको ऐतिहासिक प्रक्रिया सुरु भयो । अर्थात् त्यसको निर्माण अवधिको अन्त्य र त्यसको विकासको अवधिको सुरुआत थियो ।

# मार्क्सवादका विचारधारात्मक स्रोतहरू


## (मार्क्सवाद परिचयमाला– ३)

***पुँजीवादी क्रान्तिको युगको सूत्रपात भएपछि सामन्ती सामाजिक सम्बन्धहरू खतम हुन थाल्यो । पुँजीवादको हमलामा परेर पुराना उत्पादन सम्बन्धहरू चकनाचुर हुँदै गए । उत्पादनका नयाँनयाँ शाखाहरू र नयाँ वर्गहरू देखापरे र विज्ञान तथा सामाजिक जीवनको विकास भयो । उपयुक्त कुराहरूले गर्दा पुराना विचारधारात्मक धारणाहरू र मुख्य रूपले अतिभूतवादी चिन्तन-तरिकालाई हटाउनुपर्ने खाँचो प्रस्तुत भयो ।***

### मार्क्सवादका विचारधारात्मक स्रोतहरू

यस मालाको पहिलो भागमा के बताइसकिएको छ भने तत्कालीन परिस्थिति र सर्वहारा वर्गको वर्गसङ्घर्षबाट उत्पन्न ऐतिहासिक खाँचोको पूर्तिस्वरूप मार्क्सवादको जन्म भएको हो । त्यो इतिहासको उपज थियो तर यसको अर्थ के होइन भने मार्क्सवादको उत्पत्ति आफूभन्दा पहिलेका कुनै पनि विचारधारासित मतलब नराखीकन आफ्नै आधारमा भएको हो । मार्क्सवादका पुँजीवादी आलोचकहरूमा कतिपय यस्ता पनि पाइएका छन् जो के देखाउन खोज्छन् भने मार्क्सवादपहिलेका सम्पूर्ण वैज्ञानिक तथा सांस्कृतिक उपलब्धिहरूलाई अस्वीकार गर्छ । म्युनिकका प्रोफेसर एच. फाल्करले आफ्नो पुस्तक **कम्युनिज्मका विचारात्मक आधार हरू**मा व्यक्त गरेको तलको विचारलाई त्यसको एउटा नमुनाका रूपमा लिन सकिन्छ । उनको भनाइ यस्तो थियो : 'कम्युनिस्ट विचारधारा २००० वर्षको संस्कृतिको विकासिलामा सञ्चित अपरिमित दार्शनिक ज्ञानको आधारभूत अस्वीकृति हो ।' मार्क्सवादी सिद्धान्तलाई मानवजातिको संस्कृतिसित नमिल्ने भनी साबित गर्न प्रतिक्रियावादी विद्वान्हरूको प्रयास रहिआएको छ । यसबाहेक मार्क्सवादलाई मानवजातिको बौद्धिक विकासको राजपथबाट छुट्टै रूपमा विकसित विचारधारा ठान्ने प्रवृत्ति त्यसका केही समर्थकहरूमा पनि पाइन्छ ।

उपर्युक्त प्रयास बिल्कुल निरर्थक साबित भएको छ । उपर्युक्त धारणा वास्तविकताको पूरै विपरीत छ । तल गरिएको हाम्रो व्याख्याले त्यसको अनुचिततालाई स्पष्ट रूपमा देखाउनेछ ।



एउटा सुस्पष्ट तथ्य के छ भने सबै विज्ञानहरूमा झैँ संस्कृतिका विभिन्न क्षेत्रहरूमा पनि शून्यबाट होइन, बरु पहिलेको विकासद्वारा प्राप्त गरिएका उपलब्धिहरूको अरू विकास गरेर मात्र वास्तविक प्रगति प्राप्त गरिन्छ । कुनै पनि नयाँ सिद्धान्त जतिसुकै क्रान्तिकारी किन नहोस्, त्यसको उदय पहिलेको सैद्धान्तिक विकासद्वारा सञ्चित 'विवेकयुक्त गुदीहरू' लाई आत्मसात् गरेर र उक्त विकासको आलोचनात्मक मूल्याङ्कनका क्रममा हुने गर्छ । वास्तवमा पहिलेको सैद्धान्तिक विकासको सच्चा उत्तराधिकारी र त्यसको विस्तारका रूपमा मात्र सच्चा क्रान्तिकारी सिद्धान्तको जन्म हुन्छ । त्यसैले कुनै पनि युगको विचारधारा तत्कालीन सामाजिक-आर्थिक अवस्थाहरूबाट निर्धारित भएर जन्मिने भए पनि त्यसको सम्बन्ध पहिलेको युगको विचारधारासित आवश्यकीय रूपले रहेको हुन्छ । उक्त सम्बन्ध सकारात्मक वा नकारात्मक हुन सक्छ वा सकारात्मक र नकारात्मक दुवै स्वरूपको हुन सक्छ । जहाँसम्म उल्लिखित ' विवेकयुक्त गुदीहरू' लाई आत्मसात् गर्ने सवाल छ त्यो तम्तयार सूत्रहरूलाई ग्रहण गर्ने सवाल होइन, बरु जीवन र व्यवहारको परिप्रेक्ष्यमा पहिलेको सैद्धान्तिक विकासको परिणामहरूको आलोचनात्मक पुनर्व्याख्या गर्ने जटिल प्रक्रिया हो । यसलाई पहिले विकसित गरिएको सिद्धान्तहरूसित 'आलोचनात्मक रूपले हिसाबकिताबको छिनोफानो गर्नु' भनिन्छ र यो छिनोफानोको काम नयाँ सिद्धान्तको प्रतिपादन र विशद् व्याख्यामा एक महत्वपूर्ण तथा आवश्यक तत्व हो ।

अतः मार्क्सवादी सिद्धान्त पनि पहिलेका केही विचारधाराहरूसित घनिष्ठ रूपले सम्बन्धित रहेको छ । यस कुरालाई एङ्गेल्सले यसरी स्पष्ट पार्नुभएको छ : '(भौतिक) आर्थिक तथ्यहरूमा जतिसुकै गहिराइसम्म यसका जराहरू रहे पनि प्रत्येक नयाँ सिद्धान्तले झैँ यसले (आधुनिक समाजवादले- लेखक) पनि सर्वप्रथम आफूलाई तम्तयार रूपमा प्राप्त बौद्धिक सामग्रीहरूसित सम्बन्धित पार्नुपरेको थियो ।' (१३)

त्यसैले मार्क्सवादी सिद्धान्तको उदय सामाजिक विचार वा मानवसभ्यताको विकासको मूल धाराबाट छुट्टै रूपमा, शुद्ध आफ्नै आधारमा भएको हो भनी भन्नु वा ठान्नु अवश्य पनि गलत र पूरै अवैज्ञानिक तथा अयथार्थवादी कुरा हो । बरु त्यसको उल्टो मार्क्सवाद मानवजातिको वैचारिक विकासको एक उच्चतर चरण हो र मानवीय विचारको विकासको निरन्तरतामा एउटा महत्वपूर्ण खुड्किलो हो । ऐतिहासिक विकासको खास चरणमा उत्पन्न खाँचोको पूर्तिस्वरूप उसको उदय भयो भने यसको उदयका लागि बाटो बनाउने काम सामाजिक विचारको त्यस बेलासम्मको विकासले गरेको थियो ।

प्रकृति र सामाजिक जीवनको अध्ययन क्षेत्रमा मानवजातिबाट प्राप्त गरिएका ठूलठूला उपलब्धिहरूका आधारमा र त्यसको वैधानिक हकदारका रूपमा मार्क्सवाद इतिहासको रङ्गमञ्चमा देखापर्‍यो । खास रूपले यो १८ औँ शताब्दीको आखिरि र १९ औँ शताब्दीको सुरुका अत्यधिक प्रमुख तथा महत्वपूर्ण दार्शनिक, आर्थिक तथा समाजवादी सिद्धान्तहरूको प्रत्यक्ष तथा तात्कालिक विस्तार रहेको छ । कुरा त्यति मात्र होइन । त्यसका साथै मार्क्सवाद ती सिद्धान्तहरूको निषेध पनि हो, यस्तो निषेध जसले तिनीहरूलाई उच्चस्तरमा, नयाँ चरणमा विकसित गरेको छ । मार्क्सवादको निर्माणका लागि चाहिने आधारभूमि मार्क्सवादपूर्वका सिद्धान्तहरूले तयार पारेका थिए । तसर्थ मार्क्सवाद र त्यसपूर्वका सिद्धान्तहरूमाझको सम्बन्ध द्वन्द्वात्मक निरन्तरताको सम्बन्ध रहेको छ । आफ्ना अग्रज सिद्धान्तहरूमा रहेका सीमाहरूलाई हटाउँदै, तिनका गलत कुराहरूविरुद्ध सङ्घर्ष गर्दै र तिनमा भएका सकारात्मक पक्षहरूलाई आत्मसात् गरी नयाँ आधारमा विकसित गर्दै मार्क्सवादको जन्म भएको हो । अर्को शब्दमा भन्ने हो भने मार्क्स र एङ्गेल्सले दर्शन, अर्थशास्त्र र समाजवादका क्षेत्रहरूमा सारा सकारात्मक तथा विवेकयुक्त तत्वहरूलाई ग्रहण गर्नुभयो, मजदुर आन्दोलनको अनुभवको प्रकाशमा त्यसको लेखाजोखा गर्नुभयो र त्यसलाई आलोचनात्मक ढङ्गले आत्मसात् गरेर नयाँ विश्वदृष्टिकोणको प्रतिपादन गर्नुभयो । त्यसैले सामाजिक विचारका उपयुक्त क्षेत्रहरूमा मानवजातिद्वारा प्राप्त गरिएका महत्वपूर्ण उपलब्धिहरूसित मार्क्सवादको अभिन्न सैद्धान्तिक नाता रहेको छ ।

यस सम्बन्धमा लेनिनले लेख्नुभएको छ : *'दर्शन, राजनीतिक अर्थशास्त्र र समाजवादका महानतम प्रतिनिधिहरूका शिक्षाहरूको प्रत्यक्ष तथा तात्कालिक विस्तारका रूपमा उहाँका (मार्क्सका- लेखक) शिक्षाहरूको उदय भयो ।'* फेरि उहाँ भन्नुहुन्छ : *'मार्क्सवादी सिद्धान्त 'जर्मन दर्शन, अङ्ग्रेजी राजनीतिक अर्थशास्त्र र फ्रान्सेली समाजवादका रूपमा उन्नाईसौँ शताब्दीमा मानवजातिद्वारा सिर्जना गरिएका सर्वोत्तम कुराहरूको वैधानिक उत्तराधिकारी हो ।'* (१४)

लेनिनको उपरोक्त भनाइले मार्क्सवादका विचारधारात्मक पूर्वाधारहरू के हुन् भन्ने कुरालाई स्पष्ट पारेको छ । त्यसका तीन विचारधारात्मक स्रोतहरू यसप्रकारका छन् :

१. जर्मन शास्त्रीय दर्शन
२. शास्त्रीय पुँजीवादी राजनीतिक अर्थशास्त्र
३. उन्नाईसौँ शताब्दीको काल्पनिक समाजवाद

तल उपरोक्त विचारधारात्मक स्रोतहरूका सम्बन्धमा हामी छोटकरीमा चर्चा गर्नेछौँ ।

### १. जर्मन शास्त्रीय दर्शन

जर्मन शास्त्रीय दर्शन मार्क्सवादको एउटा अत्यधिक महत्वपूर्ण सैद्धान्तिक स्रोत हो । १८ औँ शताब्दीको आखिरि र १९ औँ शताब्दीको सुरुमा जर्मन शास्त्रीय दर्शनले दार्शनिक क्षेत्रमा ठूल्ठूला उपलब्धिहरू हासिल गरेको थियो र ती उपलब्धिहरू कान्ट, फिच्टे, स्केलिङ, हेगेल र फायरबाखका दार्शनिक सिद्धान्तहरूका रूपमा प्राप्त गरिएका थिए ।

जर्मन शास्त्रीय दर्शनले विचारको विकासमा जुन महत्वपूर्ण भूमिका निर्वाह गरेको थियो त्यसलाई त्यसताकाको वैचारिक क्षेत्रको स्थितिप्रति ध्यान दिइएमा राम्ररी मनन गर्न सकिन्छ । त्यसताका दार्शनिक चिन्तनका क्षेत्रमा अतिभूतवादी (Metaphysical) तरिकाको निकै बोलवाला थियो । त्यसको प्रभाव कति व्यापक र गहन थियो भने त्यस बेलाको अत्यधिक प्रगतिशील भौतिकवादी दर्शनसमेत पनि त्यसको प्रभावमुनि परेको थियो । तत्कालीन भौतिकवाद अर्थात् मार्क्सवादपूर्वको भौतिकवाद द्वन्द्ववादमाथि आधारित थिएन, बरु अतिभूतवादी थियो ।

तर पुँजीवादी क्रान्तिको युगको सूत्रपात भएपछि सामन्ती सामाजिक सम्बन्धहरू खतम हुन थाल्यो । पुँजीवादको हमलामा परेर पुराना उत्पादन सम्बन्धहरू चकनाचुर हुँदै गए । उत्पादनका नयाँनयाँ शाखाहरू र नयाँ वर्गहरू देखापरे र विज्ञान तथा सामाजिक जीवनको विकास भयो । उपयुक्त कुराहरूले गर्दा पुराना विचारधारात्मक धारणाहरू र मुख्य रूपले अतिभूतवादी चिन्तन-तरिकालाई हटाउनुपर्ने खाँचो प्रस्तुत भयो । यस मामिलामा जर्मन शास्त्रीय दर्शनले निकै प्रमुख भूमिका निर्वाह गर्‍यो । द्वन्द्ववादका प्रमुख समस्या र नियमहरूको विशद् व्याख्या गरेर त्यसले मानवीय विचारको विकासमा महान् तथा चिरस्थायी सेवा पुर्‍यायो । उक्त दर्शनको महत्वपूर्ण देनका सम्बन्धमा एङ्गेल्सले लेख्नुभएको छ : *'वैज्ञानिक समाजवाद... त्यस्तो राष्ट्रमा नै उत्पन्न हुन सक्छ जसको शास्त्रीय दर्शनले सचेत द्वन्द्ववादको जिउँदो परम्परालाई कायम राखेको छ अर्थात् त्यसको उत्पत्ति जर्मनीमा नै हुन सक्छ । द्वन्द्ववादको मद्दतबाट मात्र इतिहासको भौतिकवादी व्याख्या र सर्वहारा वर्ग तथा पुँजीपति वर्गबीचको समकालीन वर्गसङ्घर्ष र त्यसको विशेष कार्यान्वियन सम्भव भएको थियो ।'* फेरि उहाँ भन्नुहुन्छ : *'हामी जर्मन समाजवादीहरू सेन्ट-साइमन, फ्युरेर र ओवेनलाई मात्र होइन, बरु कान्ट, फिच्टे र हेगेललाई पनि आफ्नो स्रोतका रूपमा पाउँदा गर्व गर्छौं ।'* (१५)

उक्त भनाइमा एङ्गेल्सले द्वन्द्वात्मक भौतिकवाद र वैज्ञानिक साम्यवादी सिद्धान्तको प्रतिपादनमा द्वन्द्ववादको अति महत्वपूर्ण भूमिकालाई स्पष्ट रूपले देखाउनुभएको छ । वास्तवमा कुनै पनि चीजको ठीकसित अध्ययन गर्ने हो भने त्यहीअनुसारको तरिकाको अपेक्षा गरिन्छ । हामीलाई के थाहा छ भने मानवसमाज र त्यसको विकासको इतिहास ज्यादै जटिल चीज हुन् र त्यसको अध्ययनका लागि त्यत्तिकै परिपूर्ण तथा सही तरिका चाहिन्छ । द्वन्द्ववाद नै त्यस्तो एक मात्र तरिका हो जसको मद्दतबाट अध्ययन गरेमा नै राम्रो प्रतिफल प्राप्त हुन सक्छ । त्यसैले द्वन्द्ववादको अभावमा ऐतिहासिक भौतिकवाद, वैज्ञानिक साम्यवाद आदि सम्भव थिएनन् ।

सचेत अर्थात् सैद्धान्तिक रूपले बोध गरिएको द्वन्द्ववाद जर्मन शास्त्रीय दर्शनको सबभन्दा प्रमुख र महत्वपूर्ण देन थियो । उक्त दर्शनद्वारा प्राप्त गरिएका मुख्य उपलब्धिहरूको चर्चा गर्दै लेनिन लेख्नुहुन्छ : *'यी उपलब्धिहरूमा मुख्यचाहिँ द्वन्द्ववाद अर्थात् एकाङ्गीपनबाट मुक्त, सबभन्दा पूर्ण तथा सबभन्दा गहन रूपको विकासको सिद्धान्त हो, मानवीय ज्ञानको सापेक्षतासम्बन्धी सिद्धान्त हो र त्यसले अनन्त रूपले विकसित भौतिक तत्वको प्रतिबिम्ब हामीलाई प्रदान गर्छ ।'* (१६)

यसरी उपर्युक्त कुरामा जर्मन शास्त्रीय दर्शनको ठूलो योगदान रहेको थियो । अर्थात् त्यसको स्थायी योगदान कुन तथ्यमा रहेको थियो भने त्यसले द्वन्द्ववादका मुख्यमुख्य समस्याहरूको र खास रूपले बोध प्रक्रियासम्बन्धी द्वन्द्ववादको विशद् व्याख्या प्रस्तुत गर्‍यो । जर्मन शास्त्रीय दार्शनिकहरूमा सबभन्दा महान् जार्ज विल्हेल्म फ्रेडरिक हेगेल (१७७०–१८३१) थिए । हेगेलभन्दा अघि द्वन्द्ववाद एक व्यवस्थित सिद्धान्तमा विकसित भएको थिएन र त्यो छुट्टाछुट्टै द्वन्द्वात्मक धारणा र अड्कलहरूका रूपमा मात्र रहेको थियो । हेगेल नै त्यस्ता पहिलो व्यक्ति थिए जसले सामाजिक जीवन र विज्ञानको विकासका आधारमा विकाससम्बन्धी विस्तृत द्वन्द्ववादी सिद्धान्तको प्रतिपादन गरे, द्वन्द्वात्मक प्रक्रियाहरूको सर्वव्यापी रूपलाई स्पष्ट पारे, एक व्यवस्थित, सर्वव्यापी चिन्तनको तरिकाका रूपमा द्वन्द्ववादको महत्वलाई दर्साए र यसरी अतिभूतवादी चिन्तन-तरिकामाथि कठोर प्रहार गरे । जर्मन शास्त्रीय दर्शनको महानतम उपलब्धि रहेको हेगेलीय द्वन्द्ववाद मार्क्सवादपूर्वको दर्शनमा त्यसको उच्चतम ऐतिहासिक रूप थियो ।

विकाससम्बन्धी द्वन्द्ववादी सिद्धान्तको प्रतिपादन र विशद् व्याख्या हेगेलीय दर्शनको सबभन्दा ठूलो उपलब्धि थियो । उनको द्वन्द्वात्मक तरिकाले प्रकृति र समाजका सारा चीज र परिघटनाहरूलाई विकासशील र परिवर्तनशील रूपमा हेर्छ । संसारमा हरचीज गतिशील छ, अस्तित्वमा रहेको हरचीजको विनाश हुन्छ । हरचीज विकसित र परिवर्तित हुन्छ । द्वन्द्ववाद प्रकृति र समाजको अनन्त विकाससम्बन्धी सिद्धान्त हो । हेगेलीय द्वन्द्ववादअनुसार यो सम्पूर्ण जगत्, प्राकृतिक, ऐतिहासिक तथा वैचारिक जगत्को विकास एक अविरल, अनन्त सिलसिला हो, तल्लो स्तरबाट माथिल्लो स्तरमा निरन्तर बढ्ने सिलसिला हो । कुनै बाहिरिया शक्ति विकासको मूल प्रेरक शक्ति होइन, बरु विकास र आत्मगति हो । कुनै पनि चीजमा अनिवार्य रूपमा हुने विरोधी पक्षहरूका माझ सङ्घर्षले त्यसलाई गतिशील बनाउँछ । त्यसैले अन्तर्विरोध हरचीजको गति र विकासको प्रेरक शक्ति हो । हेगेलको शब्दमा *'गति भनेको स्वयम् विद्यमान अन्तर्विरोध हो ।'* हरेक गति एउटा द्वन्द्वात्मक सिलसिला हो, *'एउटा सजीव अन्तर्विरोध हो ।'* (१७)

आफ्नो दर्शनमा हेगेलले द्वन्द्ववादका तीन आधारभूत नियमहरूको विशद् व्याख्या गरेका छन् । उक्त नियमहरू र अन्य द्वन्द्ववादी धारणाहरूको प्रतिपादन नै उनको दर्शनको क्रान्तिकारी पक्ष हो । उपर्युक्त द्वन्द्वात्मक नियमहरू यी हुन् : विरोधी पक्षहरूको एकता तथा सङ्घर्षको नियम, परिमाणबाट गुणमा परिवर्तनको नियम र निषेधको निषेध नियम । यी नियमहरू नै द्वन्द्वात्मक तरिकाका, विकाससम्बन्धी द्वन्द्ववादी सिद्धान्तका आधार र सारतत्व हुन् ।

हेगेलको आधारभूत दृष्टिकोण विकासको दृष्टिकोण हो तर विकासलाई पनि भिन्नाभिन्नै ढङ्गबाट बुझ्ने गरिन्छ । यस्ता प्राकृतिक वैज्ञानिकहरू पहिले थिए र अहिले पनि छन् जसले विकासलाई क्रमिक परिवर्तनहरूद्वारा सम्पन्न हुने रूपमा हेर्छन् र के भन्छन् भने प्रकृतिमा फड्कोहरू हुँदैनन् । उक्त दृष्टिकोण ग्रहण गर्ने सामाजिक वैज्ञानिकहरू जोड दिएर के भन्छन् भने सामाजिक विकास बिनाफड्को, बिस्तार-बिस्तार, क्रमिक रूपबाट हुन्छ । यो विकासवादी (Evolutionist) दृष्टिकोण हो, क्रमिकतावादी (Gradualist) धारणा हो । तर विकाससम्बन्धी हेगेलको दृष्टिकोण त्यसको एकदमै विपरीत छ । उनको दृढ धारणा के थियो भने प्रकृतिमा फड्कोहरू अनिवार्य छन् र त्यस्तै इतिहास पनि फड्कोहरूमार्फत अघि बढ्छ । हेगेलीय द्वन्द्ववादअनुसार विकास एक अविरल र अन्त्यहीन प्रक्रिया हो जसमा पुरानोको विनाश र नयाँको उत्पत्ति भइरहन्छ जसमा विकास तल्लो स्तरबाट माथिल्लो स्तरमा हुन्छ र जसमा विस्तार-बिस्तार, क्रमिक रूपले हुने परिमाणात्मक परिवर्तनहरूको फलस्वरूप फड्कोद्वारा गुणात्मक परिवर्तन हुन्छ । यसरी द्वन्द्ववादले विकासका दुईवटा रूप– क्रमिक र क्रान्तिकारी साथै ती दुई माझको सम्बन्धलाई सही ढङ्गबाट दर्साएको छ । तर हेगेल एक वस्तुगत आदर्शवादी थिए । आदर्शवादी हुनाले उनको के विश्वास थियो भने सत्ताले चेतनालाई निर्धारित गर्दैन, बरु चेतनाले सत्तालाई निर्धारित गर्छ । उनको दृष्टिमा 'परम विचार' (Absolut Idea) प्राथमिक हो र भौतिक संसार गौण हो । एङ्गेल्सले भन्नुभएको छ : *'हेगेल एक आदर्शवादी थिए । उनको दृष्टिमा उनको दिमागभित्र रहेका विचारहरू वास्तविक चीज र प्रक्रियाहरूका थोरबहुत निराकार चित्र होइनन्, बरु त्यसको उल्टो, चीजहरू र तिनको विकास संसार रहनुभन्दा अघि अनन्तदेखि कहीं रहेको 'विचार' का प्रत्यक्षीकृत चित्रहरू मात्र हुन् ।'* (१८)

आदर्शवादीको हैसियतबाट हेगेलको मुख्य धारणा के भने 'परम विचार', 'विश्व आत्मा' सम्पूर्ण विकासप्रक्रियाको मूल आधार र प्रेरक शक्ति हो । त्यही 'विचार' विश्वको सञ्चालनकर्ता हो । उक्त 'विचार' ले प्रकृतिमा, सामाजिक जीवनमा र विश्वइतिहासमा आफूलाई प्रकट गर्छ । त्यसको विकास तीन चरणमा हुन्छ : पहिलो चरणमा विचारको विकास आफ्नैभित्र हुन्छ र त्यसले विभिन्न तार्किक धारणाहरूमा आफूलाई व्यक्त गर्छ । दोस्रो चरणमा त्यसले आफूलाई 'अर्को सत्ता' मा अर्थात् प्रकृतिमा व्यक्त गर्छ । अनि अन्तिम चरणमा त्यसको विकास विचारमा नै हुन्छ र आत्मज्ञान प्राप्त गरेर आफैँमा फर्कन्छ । यस ढङ्गबाट उनको दृष्टिमा सारा विकासको कारण रहेको 'परम विचार' ले विभिन्न चरणहरूबाट विकास गरेर आत्मज्ञान प्राप्त गर्छ ।

यो हेगेलीय दर्शनको प्रतिक्रियावादी पक्ष थियो । उनको दर्शनमा क्रान्तिकारी पक्ष- द्वन्द्ववाद- आदर्शवादी खोलभित्र गुटमुटिएर रहेको थियो । तर पनि द्वन्द्वात्मक तरिकाका प्रतिपादक तथा विशद् व्याख्याकर्ताका रूपमा उनको योगदानको ठूलो महत्व रहेको छ । मार्क्स र एङ्गेल्स हेगेलको आदर्शवादका आलोचक हुनुहुन्थ्यो तर पनि उहाँहरूले हेगेलीय द्वन्द्ववादलाई जर्मन दर्शनको सबभन्दा ठूलो र अमूल्य सम्पत्ति मान्नुभयो । मार्क्सले लेख्नुभएको छ : *'हेगेलको हातमा द्वन्द्ववाद एउटा रहस्य बन्न गएको छ तर पनि त्यसले विस्तृत तथा सचेत ढङ्गले काम गर्ने त्यसको सामान्य रूप प्रस्तुत गर्ने पहिला व्यक्ति उनी नै हुन् भन्ने कुरामा कदापि फरक पर्दैन । उनको हातमा द्वन्द्ववाद टाउकोले टेकेर उभिरहेको छ । रहस्यमय खोलभित्रको विवेकयुक्त गुदी पत्ता लगाउने हो भने त्यसलाई सुल्ट्याएर खुट्टाले टेकाइदिनुपरेको हो ।'* (१९)

हेगेलले प्राकृतिक परिघटनाहरूको अध्ययनमा मात्र होइन, सामाजिक जीवनको परिघटनाहरूको अध्ययनमा पनि द्वन्द्ववादलाई प्रयोग गरी इतिहासमा अन्तर्निहित सम्बन्ध पत्ता लगाउन खोजे । त्यस ढङ्गबाट उनले इतिहासका क्षेत्रमा पनि अधिभूतवादी तरिकामाथि हमला गरे ।

क्रमशः

रातो खबर साप्ताहिक



अशोक सुवेदी

सन्दर्भ : २८ औँ जन युद्ध दिवस

# जनयुद्ध र युद्ध साहित्य

***जनयुद्धकाललाई नेपाली प्रगतिवादी (मार्क्सवादी) साहित्य, कला र संस्कृति निर्माण अर्थात् नयाँ यथार्थ उद्‌बोधन गर्ने चेतनाका दृष्टिले महत्वपूर्ण अर्थात् उर्वर काल मानिएको छ । मानिस वर्गस्वार्थका लागि आफ्नो व्यक्तिगत स्वार्थलाई तिलाञ्जली दिएर वर्गसङ्घर्षमा होमिएको कालखण्ड भएकाले र यस अवस्थामा युद्धका तीक्ष्ण अनुभूतिहरू, मानिसका चौतर्फी समस्या, मान्छेका उदात्तता, त्याग, शौर्य, बलिदान अनि मानिसका सीमा र समस्याहरू नजिकैबाट अध्ययन गर्न वा बुझ्न पाएकाले सिर्जनाका विविध क्षेत्र र आयामका रूपमा यसले उपस्थिति देखाएको पाइन्छ ।***

नेपालमा २०५२ साल फागुन १ गतेदेखि सुरु भएको जनयुद्ध नेपाली श्रमिक-उत्पीडित जनताले नेकपा (माओवादी) को नेतृत्वमा आफ्नो वर्गको मुक्तिका लागि १० वर्षसम्म लडेको महान् र समग्र युद्ध थियो । जनयुद्धका क्रममा जनताका तर्फबाट दस हजारको हाराहारीमा बलिदान भएको थियो भने फासिवादी संसदीय व्यवस्थाका तर्फबाट झन्डै सात हजार मानिस मारिएका थिए । जनताका तर्फबाट हजारौँ योद्धा बेपत्ता पारिए । दसौँ हजार योद्धा घाइते र अङ्गभङ्ग भए । पुरानो सत्ताले लाखौँ जनतालाई उठीबास लगाएर घरबासविहीन बनायो तर पनि जनताले आफ्नो वर्गको मुक्तिको सपना देखेर सत्ताका सबै किसिमका दमन, जाल, झेल र षड्यन्त्र चकनाचुर पार्दै आफ्नो विवेक, शौर्य, त्याग, समर्पण र बलिदानको अद्वितीय कला प्रदर्शन गर्‍यो । जनसत्ताको अभ्यास गर्‍यो । कम्युनहरू निर्माण गर्‍यो र प्रयोग गर्‍यो । सत्ताबाट चरम रूपमा हेपिएका, शोषण, दोहन र ज्यादतीमा पारिएका महिला, दलित, आदिवासी, जनजाति, दुर्गम तथा पिछडिएका वर्गका जनताले निहत्था अवस्थामै पुरानो सत्ताको हातको हतियार खोसेर, बलिदान गरेर र कयौँ मोर्चा, स्थान, विषय र सन्दर्भमा गौरवशाली विजय प्राप्त गरेर त्याग र उत्सर्गको कीर्तिमान कायम गरे ।

जनयुद्धले नेपालमा तत्काल विद्यमान अर्धसामन्ती, अर्धऔपनिवेशिक आर्थिक, राजनीतिक, सांस्कृतिक अवस्थामा ठूलो हलचल मच्चाइदियो । नयाँ संस्कार र संस्कृति निर्माण गरेर मानिसका पुरातन र चिन्तन र व्यवहार भङ्ग गरी नयाँ मानिस निर्माण गर्‍यो । अढाइ सय वर्षदेखि श्रमिक जनतामाथि ढलिमली गरिरहेको सामन्ती राजतन्त्र समाप्त पारेर मुलुकलाई गणतन्त्रसम्म पुर्‍यायो ।

जनयुद्धले नयाँ मानिस, नयाँ सत्ता, नयाँ संस्कृति, नयाँ समाज, नयाँ व्यवस्था निर्माण गर्न जति त्याग, बलिदान र शौर्य प्रदर्शन गर्‍यो, प्रतिफल भने त्यो स्तरमा हुन सकेन । जनताका तर्फबाट त्याग र बलिदानका कुनै पनि कसर बाँकी नरहे पनि जनयुद्धको मुख्य नेतृत्वमा भ्रष्टीकृत भएर देखापरेको आत्मसुरक्षावाद र पलायनका कारण जनताको, श्रमिक वर्गको सपना साकार हुन पाएन । असी प्रतिशत भूभाग जितेर पनि सम्पूर्ण रूपमा जनसत्ता स्थापना हुन सकेन, दिइएन । कमान्डर नै पलायन भएपछि लक्ष्य पूरा हुन सकेन । जनयुद्ध बीचमै समाप्त पारिएका कारण जनतामा पलाएको मुक्तिको सपना पनि भङ्ग पार्ने षड्यन्त्र गरियो तर पनि आफ्नो वर्गको मुक्तिका लागि अघि बढिसकेको जनता फेरि समालिँदै जनयुद्ध व्यवस्थित गर्दै अघि बढेको अवस्था छ । नेकपा (बहुमत) लगायत केही क्रान्तिकारी शक्तिले जनयुद्ध सफल बनाउन योजना बनाइरहेका छन् । क्रान्तिकारीहरूबीचको एकता र ध्रुवीकरणपछि हुने निर्णायक जनयुद्ध/विद्रोहले नै जनयुद्धका बाँकी कार्यभार सम्पन्न गरी नेपालमा वैज्ञानिक समाजवाद स्थापना गर्ने र साम्यवादी समाजतिर लग्ने क्रान्तिकारी आशावाद जीवितै छ र अझ आशालाग्दो गरी अघि बढेको छ ।

महान् जनयुद्धले सांस्कृतिक क्षेत्रमा पनि ठूलो हलचल ल्यायो । सिर्जनाका क्षेत्रमा अद्वितीय कीर्तिमानहरु कायम भए । योद्धाहरुले बन्दुक र कलम एक साथ चलाए । लड्दालड्दै सिर्जनाहरु गरे । सहादतजस्तो गरिमामय त्याग र शौर्यको कीर्तिमान कायम गर्ने हजारौँको सङ्ख्याका योद्धाहरुले आफ्ना अनुभूति, विचार र भावना सिर्जनामा रूपान्तरण गरेर वर्गसङ्घर्ष, सिर्जना र सपनालाई एकाकार/घुलन (फ्युजन) गरे । कयौँ सिर्जना स्रष्टा/योद्धाको बलिदानसँगै सत्ताको कोपभाजनमा परे भने कयौँ सिर्जनाले मूर्तीकृत भएर आकार ग्रहण गरे । कयौँ स्रष्टाले युद्धमैदानबाटै र कयौँले विश्रामको समयमा वर्गसङ्घर्ष र त्यसका उपलब्धिहरुलाई सिर्जनारूप दिन पाए । जनयुद्धबाट आएको एउटा हिस्सा दलाल पुँजीवादको हिस्सा बने पनि कयौँ योद्धा र स्रष्टाहरु अझै जनयुद्ध अर्थात् मुक्तिको सपनालाई विषय बनाएर सिर्जना गरिरहेका छन् । यहाँ जनयुद्धकाल र त्यसपछि पनि जनयुद्ध र वर्गसङ्घर्षलाई विषय बनाएर निर्माण भएका केही सिर्जनालाई विधागत रूपमा प्रस्तुत गरिएको छ । यी सिर्जनाका कतिपय स्रष्टा यति बेला जनयुद्धका पदचापहरु पछ्याइरहेका छैनन् । कयौँ आन्दोलनबाट पलायन भइसकेका छन् भने कतिपय दलाल पुँजीवादका पक्षधर बनेका छन् तर पनि जति स्रष्टा क्रान्तिका पक्षमा छन्, तिनले नै असली रूपमा जनयुद्धका असली उत्तराधिकारीका रूपमा आफूलाई उभ्याइरहेका छन् । कतिपय पात्रहरु पलायन भए पनि जनयुद्धका विषयमा विगतमा लेखिएका तिनका कृति र अभिव्यक्त विचारहरुले भने जनयुद्ध महान् र सही थियो र त्यसको निरन्तरता र पूर्णता आवश्यक र अपरिहार्य छ भन्ने विषयलाई नै जोड दिन्छन् ।

### जनयुद्धकालीन साहित्य/कला/संस्कृतिको समग्र अवस्थिति : एक सङ्क्षिप्त झलक

जनयुद्धकाललाई नेपाली प्रगतिवादी (मार्क्सवादी) साहित्य, कला र संस्कृति निर्माण अर्थात् नयाँ यथार्थ उद्‌बोधन गर्ने चेतनाका दृष्टिले महत्वपूर्ण अर्थात् उर्वर काल मानिएको छ । मानिस वर्गस्वार्थका लागि आफ्नो व्यक्तिगत स्वार्थलाई तिलाञ्जली दिएर वर्गसङ्घर्षमा होमिएको कालखण्ड भएकाले र यस अवस्थामा युद्धका तीक्ष्ण अनुभूतिहरू, मानिसका चौतर्फी समस्या, मान्छेका उदात्तता, त्याग, शौर्य, बलिदान अनि मानिसका सीमा र समस्याहरू नजिकैबाट अध्ययन गर्न वा बुझ्न पाएकाले सिर्जनाका विविध क्षेत्र र आयामका रूपमा यसले उपस्थिति देखाएको पाइन्छ । यस कालमा राष्ट्रियता, जनतन्त्र र जनजीविकाका सवाल, राज्यआतङ्क, सहयोद्धाहरूको बलिदान, वियोगले सिर्जना गरेको बदलाभाव, मान्छेले मान्छेमाथि देखाएको अपार ममता र वर्गवैरीप्रति प्रदर्शन गरेको अपार घृणाका सन्दर्भहरूले निर्माण पाएको देखिन्छ । यसलाई मोटामोटी रूपमा निम्न शीर्षकमा विभक्त गरेर सूचीकृत गर्न सकिन्छ :

### १.कविता/काव्य

कविता यस अध्ययनको केन्द्रीय वा मुख्य विषय हो । सबैभन्दा बढी लेखिने र कृति प्रकाशन हुने विधा पनि कविता हो । केही कविता कृतिमा समकालीन नेपाली कविता (२०५४), जनयुद्धका कविता (२०६६), विजय शब्द-बिम्ब (२०६३), सहिद हस्ताक्षर (२०६४), कृष्ण सेन 'इच्छुक' का इतिहासको यस घडीमा (२०५४), बन्दी र चन्द्रागिरि (२०५७), ईश्वरचन्द्र ज्ञवालीका हुरीका स्पन्दनहरू (२०५६), यसरी देश मरिरहेछ (२०५९), हाम्रो रातो यात्रा (२०६३), आगोका शब्द-बिम्ब (२०६३), पूर्ण विरामका गोविन्दले ठीक भन्यो (२०५०), ए ! मेरो आदरणीय लेकाली फूल (२०६४), लड्न जन्मेकाहरूले (०६४), पौवाकी पौवालीलाई, अशोक सुवेदीका युद्धघोष (२०५५), गाउँको रङ फेरिएको छ (२०६२), नयाँ समयका नयाँ मान्छेहरू (२०६२) र चिहानमाथि ठडिएको सालिक (२०६३), अनिल शर्माका मनका खाडलहरू (२०६०) र अग्निपक्षीका गीतहरू (२०६३), पोषराज पौडेलका पागल-प्रलाप (२०५५), शहीदगाथा (२०५७) र आदर्श कोकिल (२०६५), गणेश भण्डारीका अन्तिम विजय (२०५५), आस्थाको नीहारिकाबाट (२०६२) र आठौँ महादेशमा कोलम्बस (२०६६), गङ्गा श्रेष्ठका तानाशाहलाई प्रश्न (संयुक्त, २०५३), बन्दी आवाज (संयुक्त, २०५३), म प्रतिध्रुवीय यात्री (२०५६), जूनको देशबाट (२०५७) र एक्काइसौँ शताब्दीका प्रमिथसहरू (२०६३), पुण्य कार्कीका बाघले घाँस खायो (२०५४) र आस्थाको अग्निपथ (२०६५), खगेन्द्र रानाको म र क्यान्टोनमेन्ट (२०६५), हीरामणि दुःखीका परिभाषा (२०६१) र जून पस्किने यात्रामा (२०६६), लोकेन्द्र बिष्टका रगतको इतिहास (२०६०) र ओ ! मेरा सुन्दर लालीगुराँसहरू (२०६६), मणि थापाको बगिरहेको सुनकोसी (२०५८) र गङ्गा काबेरी एक्सप्रेसलाई चिठी, बलराम तिमिल्सिनाको युद्धभूमिका गीतहरू (२०६३), दीपशिखाको संसार फेरि रचिनेछ (२०६३), निभा शाहका इन्कलाब जिन्दावाद (२०६३), कालापानीकी द्रौपदी (२०६६), मनसरा (२०७२), आर.पी. तिमिल्सिनाको आगो र सपनाहरू (२०६४), मोदनाथ मरहट्‌ठाका पाइलाहरू शिखरतिर उकासिँदै गर्दा (२०५५) र उज्यालो जन्मनुअघि (२०६२), वीरबहादुर केसी (रोल्पाली) को राता फूलहरू (२०६३), रामप्रसाद जैसीको सालिक र मान्छेहरू, लोकबहादुर थापामगरको बूढा इम (२०५७), प्रदीप बालाचनका रणमैदानबाट (२०६४) र मेरो माटो, भीमबहादुर फडेराको उसैको मन खोल्दा (२०६३), विद्याधर पोखरेलको लालकिल्ला (२०६४), आक्रोश केसी र कला अनुरागीको हामी ब्युँझेको बिहान (२०६४), गङ्गामुक्ति पुनको मृत्युञ्जय (२०६३), सत्य पहाडीको आगो, लाभा र हुरी (२०६४), केएल पीडितका सहर पसेपछि (२०५२), झोला र सपनाहरू (२०६२) र हृदयका सरगमहरू, गणेश शाही 'प्रतीक' को सङ्घर्षका डोबहरू (२०६५), विष्णुबहादुर विश्वकर्माको जुनी (२०६४), झकबहादुर मल्लको मैले रोजेको बाटो (२०६५), भीम रानाभाटको रङ, रगत र मान्छे (२०६४), नारायण मरासिनीको रणमैदानबाट (२०६३), परशुराम कोइरालाका नर्कमा रमाउने देवताहरू (२०५८) र माटाको गीत (२०५९), देवेन्द्र लम्सालको बौलाही राइँदाल्नी (२०५६), अनेलेसङ्घ ललितपुरको आस्थाको स्तम्भ (२०६६), कुशल बोगटीको श्रीपेचमाथि उभिएर (२०६५), सीताराम केसीको मन्द मन्द मुस्कुराएँ (२०६६), जनक महतराको रक्तिम क्रान्तिको युग (२०६५), डबल महतराको मुक्तियुद्ध (२०६६), शोभा थापाको कठिन यात्राका यात्री (२०६४), तुलराज गिरीको क्रान्ति (२०६५), प्रतिरोध सांस्कृतिक परिवारको प्रतिरोधका आवाजहरू (२०६५), जनार्दन वियोगीको मुक्तिमार्ग (२०५३), अनिल श्रेष्ठका राष्ट्रले शोकधुन बजाएको छ (२०५१), मृत्युपर्व होइन मेरो देश (२०५५), आरु फुलेको साँझ (२०६३) र मफलर युद्ध, धनेश्वर पोखरेलको विद्रोहको युग (२०६४), यज्ञराज प्रसाईंको रगतको इतिहास (२०६३), पुण्यप्रसाद आचार्यको भन्न मिल्दैन (२०६२), मगरात



राज्यको प्रतिरोधका आवाजहरू, कुलानन्द गिरीको प्रचण्डका सपना र महायात्रामा माड्साब, कल्पना बुढाथोकीको क्रान्तिको लम्बेयात्राबाट, रोल्पाली कवि र कविता, दाङका सुसेली, झपेन्द्रराज वैद्यको अग्रगमन, जनक महताराको रक्तिम क्रान्तिको युग, अम्बिका गजुरेलको मुक्तिकामी हरफहरू, गङ्गराज सेजुवालको अमरदीप बलेको छ, पुष्पराज ढुङ्गानाको तानाशाही यज्ञ, गणेश शाही प्रतीकको सङ्घर्षका डोबहरू, समीर यात्रीको हिउँ पनि उम्लिरहेछ, युद्धविक्रम शाहीको प्रिय ! म त आकाश बनेको छु (२०६४), चेतकान्त चापागाईंका यात्रा मुक्तिशिखरको (२०५५) र राता फूलहरू (२०६६), वेणु आचार्यको एक चोक्टा इतिहास (२०६१), नारायण पोखरेलका टोपी (२०६१), मर्स्याङ्दी (२०६३) र प्रतिबिम्ब (२०६५), यदुविलास भट्टराईको यही देशमा (२०५६), ऋषि बस्ताकोटीको ज्वालाका रापहरू (२०५५), सोम गुरुङको शिखरमा फुलेका फूलहरू (२०५६), मदन भण्डारी र मन क्षेत्रीको जनयुद्ध जारी छ (२०६४), राजकुमार कुँवरको युद्धरत सगरमाथा (२०६६), झपेन्द्र वैद्यका चम्पा (महाकाव्य, २०६६) र अग्रगमन (२०६५), खगेश्वर भण्डारीको रातो सिपाही (खण्डकाव्य, २०६५), गिरिराज शर्माको आचारविचार (२०५८), बूढा जोरसिमलका रूखहरू (२०४९), चुनु गुरुङको बेलिसरा (२०६६), जयन्ता घर्ती रमाको लडाइँका गीतहरू (२०६६), ऋषिराम लामिछानेको आँधी आउँदैछ (२०६६), डी. कौडिन्यको बन्दुक आँसु र फूलहरू (२०६६), हेमराज पहारीको देशको अभिभारा (२०६१), उदयबहादुर चलाउने 'दीपक' को विद्रोहका पदचापहरू (२०६४), दिल साहनीका आस्थाको सगरमाथा (२०६६), फिलिङ्गा (२०५७) र साइलन्ट इको (अङ्ग्रेजी कवितासङ्ग्रह २०६३), देवेन्द्र पौडेलको उन्यू फुलेन कार्कीनेटामा (२०६५), वसन्त वान्तवाको सुनगाभा फुल्न थालेपछि (२०६५), युवराज काफ्ले 'नास्तिक' को भत्केको दरबार (२०६५), कृष्ण उदासीका अन्तिम संहार (२०५८), अग्निकुण्ड (२०५९) र नयनतालैमा (२०६२), नारायण भट्टराईको नयाँ नेपाल (२०६६), सहिद सिर्जना संरक्षण अभियानको सहिद हस्ताक्षर (२०६५), शोभा दुलालको ज्वालामुखी फुटेपछि (२०६८), पुरण क्षेत्रीको जलजलाको नूतन सन्देश (२०६३), भाष्करको रातो वेद (२०६७), गुलाफ मगरको इतिहासको कठघराबाट (२०६३), आक्रोश बिहानीको फेरिएका अर्थहरू (२०६३), सहिद टीका श्रेष्ठका कविताहरू (२०६३), रोल्पाली बन्दीहरूको संयुक्त सङ्कलन जन्जिरले बाँधिएका हातहरू (२०५४), घनश्याम ढकालको भवनाका छालहरू (२०६२), पूर्ण इन्फादाको मौन कम्पनहरू (२०५६) र अभिलेख अवशेषहरू (२०६५), ईश्वर रिजाल सुशीलको युद्धका प्रतिबम्बहरू (२०६७), नारायण नेपालको क्रान्तियात्राका भरियाहरू (२०६७), कुमार दिङ्लालीको लालपाती (२०६९), सपना/सचेतको रक्ति युद्धको यात्रा (२०६४), रामचन्द्र श्रेष्ठको लालअभियान (२०६८), सजिना मोक्तानको महासमरका यात्राहरूमा (२०६७), कमल बुढा इमानदारको उद्देश्यको यात्रा (२०६८), धनबहादुर मगरको ङऊ लिङ्घ (२०६५), खेम थपलियाको हाम्रो बाटो (२०६२), डा. शिवशङ्कर बस्यालको तिम्रो कानुनका फर्मानविरुद्ध (२०७२), बैरागी जेठा जूनमायाका फूलहरू (२०७०), लगायत छन् । ढुण्डीराज अधिकारी, अम्बिका चन्द, बीपी विद्रोही, अग्निराज पौडेल 'अराप', प्रसिद्धा शर्मा, छायादत्त न्यौपाने, प्रभात सापकोटा, हरिबहादुर कर्माचार्य, प्रभात चलाउने, श्रीकृष्ण शुलु, रामचन्द्र फुँयाल, हरिहर चापागाईं, माधव ढुङ्गेल, विष्णु ज्ञवाली, जीवन दाहाल, रामचन्द्र हुमागाईं, आशा नेपाली, कमला रोका, रेणु चन्द, भीम क्षेत्री, लम्जेल सङ्घर्षशील पनि यस क्षेत्रमा क्रियाशील छन् ।

यीमध्ये अधिकाङ्श जनयुद्धको समयमा जनयुद्धमा सामेल भएर र जनयुद्ध नजिक भएर कविता लेख्ने कवि हुन् । कतिपय कवि जनयुद्धमा आबद्ध नभए पनि नजिकबाट समर्थन र सहयोग गर्नेहरू छन् । नुमराज बरालका माटो र पसिना (२०६०) र हिमशृङ्खला (०६६), ऋषिराम खड्काको घाम उदाएको देश (२०६६) पनि यसै कोटीमा पर्छन् । यसैगरी कविताकृति प्रकाशन गर्नेहरूमा जगदीशचन्द्र भण्डारी, चिन्तु गिरी, नारायणप्रसाद शर्मा (दाङ), पुरुषोत्तम खनाल लगायत छन् । राजेन्द्र पौडेलको हिमालयतिर हेर (२०६५), हरिगोविन्द लुइँटेलको निर्माणाधीन कविता (२०६३) यसै कोटीमा पर्छन् । कुन्ता शर्मा, रामचन्द्र भट्टराईले पनि जनयुद्धपछि जनयुद्धलाई समर्थन गर्दै कविता लेखेका छन् । घनश्याम शर्मा पौड्याल पनि यस कोटीमा पर्छन् । यस्तै मनोहर लामिछानेको विजय यात्रा, सुकुम शर्माको आगाको यात्रादेखि आगाको यात्रासम्म (२०६५), रामप्रसाद ज्ञवालीका एकादेशमा (२०६१) र असुरग्यास (२०६२), चन्द्रा थानीको नारी चेतना (२०५५), कत्लेयाम, हेमराज भण्डारीको क्रान्तिको पहिलो यात्रा (२०६५), सीता शर्माका नालिस (२०५७) र अस्मिताको खोजी (२०६६), चूडा ढकालका समुद्रमा एक थोपा (२०५६) र देश बिरामी हुँदा (२०५७), गौरी दाहाल, लक्ष्मी मालीको आगोको याम (२०६२), भानु भण्डारीका सगरमाथाको देशबाट (२०६६) र रातो किल्ला (२०६६), मित्रलाल पंज्ञानीको पृथ्वी कसको ? (२०६५), धीरेन्द्र प्रेमर्षिको समयलाई सलाम (२०६६), ध्रुवसत्यको वकपत्र (२०६५), विष्णुविक्रम नेम्बाङको चुँडाल्दै जञ्जिरहरू (२०६५), गणेश शाहको गीत वन लप्का र छल्का (२०६३), पञ्चकुमारी परियारको सपना र आँखाहरू (२०६२) र जूठी (२०७०) यस कोटीका कवितासङ्ग्रह हुन् । यिनमा अन्यायअत्याचारको विरोध र समानतामूलक समाज निर्माणको कामना छ तर जनयुद्ध, त्यसले सम्बोधन र निर्माण गरेका विषय र त्यसको महानताका बारेमा खासै चर्चा छैन । फुटकर कविता र सङ्ग्रह नै प्रकाशन गरेका कयौँ स्रष्टाको नाम यहाँ छुटेको छ ।

### २. कथा

कथा क्षेत्रमा अन्जान विरहीका कथाहरू (२०५५), ऋषिराज बरालका वनमान्छेको कथा (२०५४), सैन्य उपहार (२०५८) र पैयुँ फुल्न थालेपछि (२०६३), गङ्गा श्रेष्ठको महासमरका यात्रीहरू (२०५६), भास्करका चोरबत्ती (२०५४) र स्मृतिका पानाहरू (२०५७), सौगात आचार्यको सङ्कल्प यात्रा (२०६६), कमल निओलका नयाँ इतिहास (२०६३) र भोको रात (२०६५), रोहित दाहालको इस्पातले बनेका मान्छेहरू (२०५६), सीपी गजुरेलको प्रतिरोध (२०६०), अशोक सुवेदीका सेतो गुलाब (२०४७, संयुक्त), मैले रोजेको बाटो (२०६२), नयाँ बस्ती (२०६२), रामप्रसादको सिसमहल (२०७१), सरला रेग्मीको चुँडाल्दै बन्धनहरू (२०६३) र लालविधवा, क्षितिज मगरको सुनछहरीको ऐनामा (२०६४), नवीन विभासको आधा बाटो हिँडेपछि (२०६३), घनश्याम ढकालका आजको महाभारत (२०५५) र सहिदको सालिक (२०६६) आदि कथाकार का कथाकृतिहरू आएका छन् । यसरी नै दिल साहनीको खरानी गाउँ (२०६३), सरल सहयात्रीको क्रान्तिका कथाहरू (२०६४), झकुप्रसाद पुनको अभ्यस्त सिपाही (२०६२), शशिकिरणको फूलमती घर फर्कनै पाइन (२०६१), परशुराम कोइरालाको निरुत्तर (२०६१), हीरामणि दुःखीको युद्धका कथाहरू (२०७०) पनि जनयुद्ध र त्यस परिवेशलाई जनागर गर्ने कथाहरू हुन् ।

जनयुद्धसँग भन्दा विद्यमान कुरीतिका विरुद्ध केन्द्रित कथामा हरिहर खनालका विगत आगत (२०५५), देशभित्र देश खोज्दै (२०६०), विघटन (२०६३), इस्मालीका माछो माछो भ्यागुतो (२०५२) र घाम घाम जस्तो छैन (२०५८), खगेन्द्र सङ्ग्रौलाका हस्तक्षेप (२०५३), मई दिवस (२०५४), मातृका पोखरेलको सन्त्रस्त आखाँहरू (२०६४), हरिगोविन्द लुइँटेलको समय र पोखरी (२०५६), हरिप्रसाद भण्डारीको अस्वीकृत कथाहरू (२०५८) इन्द्र बहादुर भण्डारीको त्रिवेणी (२०५९) र दोभान (२०६०) लगायत कथाकारका कृति प्रकाशन भएका छन् ।

### ३. उपन्यास

उपन्यासमा भवानीप्रसाद पाण्डे 'भास्कर' का अमरबस्ती (२०५३) र समर्पण (२०५७), गङ्गा श्रेष्ठको ज्वालामुखीमाथिको यात्रा (२०६०), सरला रेग्मीको प्रवाह (२०६६), नदीराम केसीको विद्रोहको गीत (२०६३), कमल निओलको मुक्तिमार्ग (२०६४), चन्द्र ढकालको दुई मन (२०६४), ऋषिराज बरालको समरगाथा (२०६४), घनश्याम ढकालको रातो आकाश (२०६०), परशुराम कोइरालाको रक्तज्वाला (२०६५), रविकिरण निर्जीवको कालो कर्णालीको सेतो छाया (२०५६), दलबहादुर साउदको जून फुलेको देशतिर (२०६५), लोकबहादुर थापामगरको आरमिट्‌च मामरी (२०६६) जनयुद्धको कथावस्तु र विचारसँग प्रत्यक्ष गाँसिएका उपन्यास हुन् ।

यसैगरी इस्मालीको जिरो माइल (२०५६), केशव नेपालको चिथोरिएको देश (२०६३), रणेन्द्र बराइलीको इतिहासको एक पैका (२०६५), युग पाठकको उर्गेनको घोडा, अर्जुन जीसीको मुक्तियुद्धमा (लघुउपन्यास, २०६५), भानु भन्डारीको बालुवाका घरहरू (२०५८), सूर्यनाथ साप्कोटाको आगोभित्रको मान्छे (२०५८), आहुतिको नयाँ घर र स्खलन, शरद पौडेलको लिखे (२०५९) लगायत उपन्यासले जनयुद्धको यथार्थ र कथाभन्दा चौतर्फी शोषण-उत्पीडनका आमविषयलाई उठाएका छन् ।

### ४. सौन्दर्यशास्त्र र समालोचना

यस क्षेत्रमा प्रकाशित कृतिहरूमा चैतन्यका मार्क्सवादी कला दृष्टि र समीक्षा (२०५४), सङ्घर्षको दर्शन (२०६०), नेपाली समाज र संस्कृति (२०६१), क्रान्ति र सौन्दर्य (२०६४), समीक्षा र सौन्दर्य (२०६५), मार्क्सवाद र संस्कृति (२०६६), क्रन्ति र सिद्धान्त (२०६७), डा. ऋषिराज बरालका प्रगतिवाद र नेपाली उपन्यास (२०४०), प्रगतिवाद (२०४९), मार्क्सवाद र उत्तरआधुनिकतावाद (२०५२), उपन्यासको सौन्दर्यशास्त्र (२०५६), उत्तरआधुनिकतावाद र समकालीन यथार्थ (२०६३), सङ्गीत र सौन्दर्य (२०६३), सूचनाभूमण्डलीकरण र सांस्कृतिक साम्राज्यवाद (२०६३), साहित्य र समाज (२०६४), सत्ता र संस्कृति, आजको साम्राज्यवाद र माओवादी आन्दोलन (२०६९), माओवादी जनयुद्ध (२०६९),डा. ताराकान्त पाण्डेयका कलासाहित्य, भूमिका र मूल्याङ्कन (२०५३), देवकोटाको व्यङ्ग्य कवित्व (२०५७), समसामयिक नेपाली कविताको संरचना (२०६५), प्रगतिवाद र कविता (२०६५), अर्थभ्रान्तिको उत्तरचेतनाका विरुद्ध (२०६५), प्रतिनिधि नेपाली समालोचना (संयुक्त सम्पादन (२०६८), अर्थको आनन्द (२०६८), समय, संवाद र सिर्जना, डा. गोपीन्द्र पौडेलको कथाको सौन्दर्यशास्त्र (२०६५), नेपाली कथामा २००७ सालको प्रभाव (२०७०), कथाको सिंहावलोकन (२००७), डा.जगदीशचन्द्र भण्डारीका प्रगतिवादी नेपाली कविता : रेखाङ्कन र विश्लेषण (२०५५), पृथक् सृजन : पृथक् निरूपण (२०६०), सौन्दर्यको भूमिका (२०६५), ईश्वरचन्द्र ज्ञवालीको वर्गसङ्घर्षको सन्दर्भ, संस्कृति र सौन्दर्य (२०६६), घनश्याम ढकालका मार्क्सवादी सौन्दर्यशास्त्रको विवेचना (२०५४), यथार्थवादी नेपाली समालोचना (सं. २०६२), सौन्दर्यशास्त्रको आँखीझ्याल (२०६६), मार्क्सवादी साहित्य र जनयुद्धको सौन्दर्य (संयुक्त सम्पादन २०६७), अशोक सुवेदीका नेपाली प्रगतिवादी कवितामा विद्रोहचेत (२०६२), आस्था र निष्ठाका सतिसाल कृष्ण सेन 'इच्छुक' (लेखन/सम्पादन २०६४), सांस्कृतिक क्रान्तिका नायक कृष्ण सेन 'इच्छुक' (लेखन/सम्पादन २०६५), जनगणतन्त्र र राष्ट्रियताका लागि सिर्जनाअभियान (लेखन/सम्पादन, २०६६), रामेछाप जिल्लाका साहित्यकार र कवि हितप्रसाद उपाध्याय सुवेदी (लेखन/सम्पादन २०६७), जनविद्रोहको यात्रा (नौलो बिहानी समालोचना विशेषाङ्क, लेखन/सम्पादन २०६८), प्रथम साहित्यिक सहिद कृष्णलाल अधिकारी र मकैको खेती (लेखन/सम्पादन २०६८), क्रन्तिकारी साहित्य, संस्कृति र पत्रकारिताका स्तम्भ शक्ति लम्साल (सम्पादन २०६९), डा. भवानीप्रसाद पाण्डेको पारिजातका उपन्यासमा समाजवादी यथार्थवाद (२०६५), गङ्गा श्रेष्ठको संस्कृति, समीक्षा र सौन्दर्य (२०६६), दिल साहनीको अ सर्भे अफ मार्क्सिस्ट एस्थेस्टिक्स (अङ्ग्रेजी, २०६१) लगायत छन् । फुटकर समालोचनामा डा. नन्दीश अधिकारी, डा. राजन पोखेल, हीरामणि दुःखीलगायत क्रियाशील छन् । जनयुद्धसँग नजिक नभएर पनि मार्क्सवादी धारासँग गाँसिएका निनु चापागाईं, डा. देवी गौतम,डा. रामप्रसाद ज्ञवाली, रमेशप्रसाद भट्टराई, सुधा त्रिपाठी (नारीवादी लेखन) आदि पनि यस क्षेत्रमा क्रियाशील छन् ।

### ५ निबन्ध/संस्मरण/नाटक

यो क्षेत्रमा अशोक सुवेदीद्वारा सम्पादित दुस्मनका किल्लाहरू कब्जा गर्दा (२०६०), रातो युद्धले जन्माएको राता सहिदहरू (२०६०/२०६३), प्रतिक्रियावादी अखडाहरूमाथि भीषण हमला (२०६०), महान् जनयुद्धका लालयोद्धाहरू लालसलाम (२०६०), युद्धमैदानमा दुस्मनलाई घुँडा

... बाँकी ७ पृष्ठमा

## जनयुद्ध र युद्ध साहित्य ...

टेकाउँदा (२०६०), लालभूमिको यात्रा (२०६८), गोपीन्द्र पौडेलको कामरेडमा नाउँ दरिएन (२०५६), ऋषिराज बरालका फेरि लालभन्ज्याङमा उभिएर (२०६२), प्रियजनहरूको सम्झनामा (२०६६), कुहिरो र घोडचढीहरू (२०६६), सलाम रोल्पा (२०६९), उमा भुजेलको बन्द पर्खालदेखि खुला आकाशसम्म (२०६४), झकबहादुर मल्लको जेलब्रेक (२०६५), लक्ष्मीप्रसाद चौलागाईं शैलेन्द्रको जनसेनाको जीवन (२०६४), बालकराम बुढाको जनक्रान्तिको दशक भाग १ (२०६४), अखिल नेपाल महिला सङ्घ क्रान्तिकारीको पीडाभित्रको आक्रोश (२०६४), शोभा कट्टेल प्रतिभाको समरका स्मृतिहरू (२०६८), सीता विक सम्झनाको युद्धभित्रका संस्मरण (२०६८), लेखनाथ न्यौपानेका प्रतिबिन्धत कलम (२०६०), तिमी अमर भयौ मेरो मुटु चुँडियो (२०६३), चिठीमा जनयुद्ध (२०६४), अनिल शर्मा विरहीका सम्झनामा भारतीय जेल (२०६५), रसुवामा दुखिरहेको कर्णाली (२०६६), राष्ट्रियता र राप्ती दून (२०७०), प्रकाश खनाल शैलेशको सम्झनामा गजुरी जेल ब्रेक (२०६८), गङ्गबहादुर सेजुवाल विवशको म रोएको त्यो दिन (२०६८), क्षितिज मगरको गण्डक अभियान (२०६८), महेश आरोहीको जनयुद्धका नाउँमा (२०६८), राजु क्षेत्रीको ब्यारेक ब्रेक (२०६४), निर्मल महरा 'एटम' को गौरवशाली इतिहास र युद्ध मोर्चाका अनुभूतिहरू (२०६३), प्रवेश पुनको अलबिदा कमरेड सहनशीला (२०६३), आर.पी. तिमिल्सिनाको जेल र ज्वालामुखी (२०६६), रविकिरण निर्जीवको सोझा निर्जीवका थप बाङ्गा निबन्धहरू, पुण्य कार्कीका एउटा हर्कुलसको खोजीमा, कविको छैटौँ इन्द्रिय (२०६०), गणेश भण्डारीको बन्दी आकाशविरुद्ध (२०६३), कृष्ण केसीको मानव बधशालाको यात्रा (२०६३), यज्ञराज प्रसाईंको नमेटिने पाइलाहरू (२०६३), प्रभात चलाउने र राजकुमार कुँवरद्वारा सम्पादित बलिदानका गाथाहरू (२०६६), हेमराज पहारीको उत्तरी गोलार्द्धको एक फन्को (२०६३), कृष्णराज अधिकारीको स्मृतिका बिम्बहरू (२०६३), सत्य पहाडीको मृत्युञ्जयी यात्रा (२०६७), ईश्वर रिजाल सुशीलको बिर्सन नसकिने दिनहरू (२०६७), हिम्मत बराल मगर ध्रुवको समरयात्रा, गङ्गा श्रेष्ठको गढी दरबारदेखि सिंहदरबारसम्म (२०६७), अजयशक्तिको आँधीसँग खेल्दा (२०६६), सुरेश पहाडीको युद्धमोर्चाका डोबहरू (२०६४), मोहित श्रेष्ठको ज्युँदो सपना (२०६५), उदयबहादुर चलाउने 'दीपक' का लालमोर्चाका किल्लाहरूमा (२०६४) र जनयुद्ध र जमुक्ति सेना (२०६६), नन्दकिशोर पुन पासाङको इतिहासका रक्तिम पाइला (२०६४), धनेश्वर पाखरेलेको बेनी मोर्चाको स्मृति : शब्दचित्र (२०६७), राजबहादुर बुढा अविनाशको जङ्गको मैदानमा (२०६७), मायाप्रसाद शर्माको सङ्कल्प अभियान (२०६७), रेशम चौलाईं गोपालको दमन र प्रतिरोध (२०६८), दीपक विश्वकर्माको अपहरणका २२५ घन्टा (२०६४), गङ्गा लामाको दस बर्से जनयुद्ध : स्मृतिका डोबहरू (२०६५), दुर्योधन बस्नेतको यात्रामा रोल्पा र रुकुम (२०६६), मायाप्रसाद शर्माको मुक्तियात्रा (२०६४), सिन्धु शर्माको नसरिनलाई चिठी (२०६३), दीनानाथ शर्माको जीवनयात्रा र जीवन (२०६६), अक्षरको खेती (२०७१), हिमफुलेको रात (२०७२), खिलबहादुर भण्डारीको कलमहरू जङ्गल पसेपछि (२०६३), लक्ष्मीप्रसाद चौलागाईंको जनसेनाको जीवनी (२०६३), उत्तम कँडेलको जोखिमका पाइला (२०६६), अखिल नेपाल जनसांस्कृतिक महासङ्घको इच्छुक स्मृति ग्रन्थ (२०६५), दिल साहनीको विङ्ग रेडिकल (अङ्ग्रेजी, २०६१), अनिल श्रेष्ठको फेरि पनि छिम्कालेकमा गुन्जिरहन्छन् यी गीतहरू (२०६६), सीता विक सम्झनाको जनयुद्धको संस्मरण, सुजन विकको जनयुद्धका पदचापहरू (२०७९ प्रेसमा) आदि प्रकाशित भएका छन् ।

यसैगरी श्यामकुमार बुढामगर चिन्तनको ती आँधीमय दिनहरू, रीतबहादुर खड्का प्रतापको राजनीति र सिर्जना, गोविन्द आचार्यको युद्ध पत्रकारिताका अनुभूति (२०६५), ओनसरी घर्तीमगर उषाको जनयुद्ध र नेपाली महिला आन्दोलन (२०६५), झकबहादुर मल्ल सुदीपको जेल ब्रेक (सुर्खेत जेलब्रेकको अन्तरकथा २०६५), खिमा रिजालको अविचलित यात्रा (२०७१), नरेश भण्डारी चाँदीको घेरा (२०७२) लगायत प्रकाशित छन् ।

संस्मरण विधामा कलम चलाउने अरू पनि छन् । साथै पत्र-साहित्यले पनि ठाउँ लिएको छ । हीरामणि दुःखीको स्मृतिका कुइनेटा (२०५९), दीपेन्द्र रोकायाको नाफाको जिन्दगी (२०६९), अशोक सुवेदीको सम्पादनको दोरम्बाहत्याकाण्ड मुक्तिका लागि बलिदान (२०६८), शान्ता श्रेष्ठको अन्धकारभित्रको अन्धकार, भौतिक मल्ल जङ्गलीको बाल छापामार डायरी (२०६९), सपना र सचेतको रक्तिम युद्धको यात्रा (संयुक्त, २०६४), सहिद सिर्जना संरक्षण अभियानको सहिदका संस्मरणहरू, अनेरास्ववियु क्रान्तिकारीको अजम्वरी हस्ताक्षर (२०६४), इच्छुक सांस्कृतिक प्रतिष्ठानको जनयुद्धका संस्मरण, दीपक सापकोटाको उथलपुथलका दस वर्ष (२०६६), अशोक सुवेदीको जनगणतन्त्र कोरिया र हाइड्रोजन भूकम्प तथा शक्तिशाली समाजवाद जनगणतन्त्र कोरियाको दोस्रो यात्रा पुस्तक प्रकाशित छन् । यसबीचमा पुस्तकाकारमा प्रकाशित संस्मरण/निबन्धका कृति हुन् । मित्रलाल पंज्ञानीको बलेको आगो (२०६६), विनोद दाहालको सम्पादनको सिन्धुलीको बलिदानगाथा (२०७०), विस्फोटन (सिन्धुलीबाट प्रकाशित समसामयिक सङ्कलन २०५८) र सुधा त्रिपाठीको अमर सिर्जना (२०६५) ले पनि प्रगतिवादी निबन्धका क्षेत्रमा सहयोग पुऱ्याएका छन् ।

जनयुद्धकालमा नाटकका सङ्ग्रह प्रकाशित नभए पनि ऋषिराज बराल, मणि थापा, खुसीराम पाखिन, चिरन बराल, चुनु गुरुङ, शारदा श्रेष्ठ, सामना सांस्कृतिक परिवारलगायतका फुटकर नाटक र अपेरा प्रकाशित भएका छन् । सामनाले हालसम्म पनि नाटक र अपेरा लेखन र प्रदर्शन जारी राखेको छ । जनयुद्धपछि भने खेम थपलियाका युद्ध र शान्ति (२०६४) र नागार्जुन एक्सप्रेस (२०६६), प्रगतिवादी एकाङ्की नाटक (सम्पादन २०७०), उनी मरेका छैनन् (माघ २०७२), शोभित नेपालको अमर मृत्यु (२०६४), लोकेश पुनमगरको अधुरो यात्रा (२०६४) शीर्षक नाटकका पुस्तक प्रकाशित भएका छन् । प्रगतिवादी नाटकका क्षेत्रमा शान्तदास मानन्धर र खगेन्द्र सङ्ग्रौलाका रचना पनि प्रकाशित छन् तर यी रचनाले जनयुद्धका विषयवस्तु खासै समेटेका छैनन् ।

### ६. गीति साहित्य

जनयुद्धकालमा गीति साहित्य उर्वर रहेको पाइन्छ । यस क्षेत्रमा खुसीराम पाखिन, माइला लामादेखि मणि थापा, पूर्ण घर्ती, सीता आचार्य, मोहलाल चन्द 'आधार' हरूको क्रियाशीलता बढी देखिन्छ । संस्थागत रूपमा भने अखिल नेपाल जनसांस्कृतिक महासङ्घ, सामना सांस्कृतिक परिवार र देशैभरि गठन भएका सांस्कृतिक परिवार र टोलीहरूको योगदान रहेको पाइन्छ ।

प्रगतिवादी गीतहरूले जीवनका विविध पक्षहरूलाई मार्मिक क्रान्तिकारी चेतनाका हिसाबले नयाँ यथार्थका भाव र अनुभूतिलाई अभिव्यक्त गर्ने गीतिसङ्ग्रह तथा चक्काहरू नै अग्रस्थानमा छन् । त्यस किसिमका चक्काहरूमा सामना केन्द्रीय टोलीका जनताका गीतहरू, भाग १, अभिवादन, जलजला, हुरी चल्दैछ, आँधी आउँदैछ, नयाँ नेपाल, रातो घाम (२०६०), क्षेत्रीय सामना परिवारका रणमैदान (२०६३) र परिवर्तित युगसँगै (२०६३), प्रतिरोध सांस्कृतिक परिवारका एकै रातमा धर्ती हल्लियो (२०५८), अब छिट्टै हाम्रो आधारक्षेत्र बन्दैछ, विद्रोहको युग, युगको आवाज (२०५९), जनविद्रोह (२०६३), क्षितिज परिवारको क्षितिज अभियान गीतसङ्ग्रह (२०५४), युद्ध मैदान (२०५५), युगको आह्वान (२०५५), मार्क्सवाद पुरानो छैन (२०६३) र जनताको सुनौलो राज आउँदै छ, शैलुङ परिवारका मुक्तियुद्धका धुनहरू (२०६०), सेनच्याङ परिवारका एक्काइसौँ शताब्दीको जनयुद्ध (२०५९), युद्ध मैदानरी रेजिङ्ग (२०५९), आस्थाका स्वरहरू (२०६३), युद्धरी निबाए कोलादा, मर्दैन बलिदान कहिल्यै र लालसलाम गणतन्त्र नेपाललाई, इच्छुक सांस्कृतिक सङ्गमको सांस्कृतिक क्रान्तिका यात्रीहरू (२०६३), विसु परिवारको गर्जन (२०६३), चोमोलोङ्मा सांस्कृतिक परिवारका नयाँ युगका आवाजहरू, सांस्कृतिक क्रान्तिका यात्रीहरू, कञ्चनजङ्घाको एउटा कथा, ताम्सालिङ सांस्कृतिक परिवार (अनेकोट) को लक्ष्य, चुनु-शिल्पा सांस्कृतिक परिवारको जनसन्देश, मधेश मुक्ति मोर्चाको लालविद्रोह, इच्छुक सांस्कृतिक प्रतिष्ठानको जनयुद्धका गीतहरू आदि चक्काहरू छन् ।

अन्य गीतिचक्काहरूमा जनमुक्ति यात्रा भाग १, थामी राष्ट्रिय मुक्ति मोर्चाको नाका बिछिन्टे, झन्कार बुढामगरको सारंगीको कथा, माइला लामाका नयाँ संकल्प र मातृभूमि (२०६७), प्रदीप देवानको अभियान भाग १, लोकेन्द्र बिष्टको देशको माया हुनेहरू लगायत प्रकाशित छन् । यसरी नै खुसीराम पाखिनको रक्तक्रान्तिका गीतहरू (२०६३), माइला लामाको राता मान्छेहरू (२०६०), घनश्याम ढकालको भावनाका छालहरू (२०६२), नरबहादुर जीसीको रातो घाम (२०६६), भक्तिप्रसाद लामिछानेको जनगीतिसङ्ग्रह (२०६६), कृष्ण उदासीका एक हुल कन्याकुरुङ (२०६०) र मैयामाला (२०६०), अखिल नेपाल जनसांस्कृतिक सङ्घ (जनकपुर-सगरमाथाका) को जनसमरका झन्कारहरू (२०६२), जलजला सांस्कृतिक परिवारको जलजलाका गीतहरू, सिस्ने सांस्कृतिक परिवारको सिस्नेका गीतहरू, प्रतिरोध सांस्कृतिक परिवारको प्रतिरोधका गीतहरू, शैलुङ सांस्कृतिक परिवारको जनगीति यात्रा भाग १ जस्ता गीतिसङ्ग्रहका पुस्तकहरू पनि प्रकाशित छन् । ढुण्डीराज अधिकारी, निर्मला घिसिङ (२०७२), रमण थामी, अग्र बिष्ट परिवर्तन, आरोह नेपालीका गीतहरू पनि आइरहेका छन् । जनयुद्धकालमा ध्रुव ज्ञवाली, मणि थापा, चुनु गुरुङ, शिव श्रेष्ठ, शारदा श्रेष्ठ, मस्त बिष्ट, च्याङ्बा लामा, मोहति श्रेष्ठलगायत गीतकार, सङ्गीतकार, गायकहरू अत्यन्त सक्रिय पाइन्छन् । युद्धकालमा सांस्कृतिक अभियान सञ्चालन गर्ने क्रममा एक सय ६० भन्दा बढी स्रष्टाहरू राज्य पक्षबाट मारिएको र माओवादीले सबैलाई सहिद घोषणा गरेको पाइन्छ । यस क्षेत्रमा सीता आचार्य, मणिकुमार साम्पाङ, इन्द्र विश्वकर्मा 'किशोर' झङ्कार बुढामगर, प्रदीप देवान, भरत लामा, टेकबहादुर बलम्पाकी, रमण थामी, ढुण्डीराज अधिकारीलगायत थुप्रै प्रतिभा क्रियाशील छन् । पछिल्लो चरणमा सामना सांस्कृतिक परिवारमा आबद्ध ५० भन्दा बढी कलाकार लेखन, गायन, अभिनय, वाद्यवादन, नृत्य सबै क्षेत्रमा संलग्न रहेको पाइन्छ । सामना परिवारले प्रतिक्रान्तिको प्रतिरोधका साथै संशोधनवाद/नवसंशोधनवादविरुद्ध र जनक्रान्तिका पक्षमा देशव्यापी सञ्चालन गरेको अभियान, त्यसक्रममा सिर्जित गीत, सङ्गीत, नाटक र अपेराहरूले नेपालको मार्क्सवादी गीत/सङ्गीतका साथै सांस्कृतिक आन्दोलनको अगुवाइ गरेका छन् । यसका लागि अखिल नेपाल जनसांस्कृतिक महासङ्घ, अखिल नेपाल लेखक सङ्घलगायत सङ्घसङ्गठनहरूको क्रियाशीलता सराहनीय छ ।

### ७. ललितकला

ललितकलाको इतिहास धेरै पुरानो र समृद्ध छ । यो आफ्नो अन्तर्वस्तुमा सामाजिक-आर्थिक संरचनामा आउने परिवर्तनसँग घनिष्ट रूपले जोडिएको छ । कला आत्मिक जीवनकै अभिव्यक्ति हुनाले सामाजिक चेतनाका अन्य रूपहरूसँग यसको सम्बन्ध हुनु स्वाभाविक हो । यथार्थवादी नेपाली कलाको केन्द्रमा जहिले पनि मानिस, सम्पर्क-सूत्र र सम्बन्धहरू रहे । मानिसको सौन्दर्यात्मक आवश्यकतालाई पूर्ति गर्नु नै कलाको काम हो । चित्रकला, मूर्तिकला र कलाका अन्य रूपहरू यही आवश्यकता परिपूर्तिकै सन्दर्भमा सिर्जना गरिँदै आएका छन् । सुरुमा ती धार्मिक चिन्तनबाट प्रभावित थिए र क्रमशः त्यसको प्रभावबाट मुक्त हुँदै आएका हुन् । गतिशील यथार्थलाई ग्रहण गर्ने सन्दर्भमा ललितकलाले सामाजिक यथार्थ, आलोचनात्मक यथार्थको चेतलाई वरण गरी प्रगतिवादी चेतनासम्म आइपुगेको हो । शुद्धकला अर्थात् कला कलाका लागि भन्ने कलावादीहरूले यथार्थवाद, पक्षधरता र विचारधारात्मक प्रतिबद्धताका विपक्षमा आफूलाई उभ्याउँदै आएका छन् । कथित शुद्धकलाले सम्भ्रान्त वा प्रतिक्रियावादी वर्गको पक्ष लिन्छ ।

प्रगतिवादी कलाको विकास गर्ने कलाकारहरूमा अग्निराज पौडेल अराप, नरेन्द्रप्रसाद भण्डारी, प्रेम लामा, विश्वम्भर लामिछाने, सूर्य मध्यरात, विकिल स्थापित, खगेश्वर भण्डारी, मङ्गोलपुत्र, रत्न महर्जन, विमल श्रेष्ठ, बाबुलाल पुन, र यथार्थवादी तथा आलोचनात्मक यथार्थ कलाको विकास गर्ने कलाकारहरूमा चन्द्रमानसिंह मास्के, तेजबहादुर चित्रकार, कुलमानसिंह भण्डारी, बाबुलाल पुन, रामकृष्ण भण्डारी, देवेन्द्र थुम्केली, नारदमणि हार्तुम्छाली, उमेश श्रेष्ठलगायत छन् । ललितकलाले केही समययतादेखि नयाँ यथार्थलाई आत्मसात् गर्दै विभिन्न माध्यमहरूद्वारा त्यसलाई अभिव्यक्त गरिरहेको छ र समाजवादी-यथार्थवादी चिन्तनधारामा समाहित हुँदै गइरहेको छ । यस कर्ममा अखिल नेपाल ललितकला सङ्घको क्रियाशीलता आसलाग्दो छ । हाल यसको नेतृत्व अग्निराज पौडेल अरापले गरिरहेका छन् ।

### ८. चलचित्रकला

चलचित्र अत्यन्त प्रभावशाली कलाको रूप हो । यहाँ साहित्य, गीतसङ्गीत, अभिनय, दृश्य, फोटो चित्रकारिता आदि विभिन्न कला रूपहरूको संयोजन हुन्छ । चलचित्र भनेको कलाको सामूहिक अभिव्यक्ति हो । नेपालमा चलचित्रको सुरुवात व्यावसायिक हिसाबले भएको हो र यसको अहिलेको मूल प्रवृत्ति पनि यही छ । नेपाली चलचित्रहरूले प्रारम्भिक अवस्थादेखि नै सामाजिक यथार्थलाई प्रतिबिम्बन गर्दै आएका छन् । सामाजिक यथार्थको गतिशील रूप आलोचनात्मक यथार्थवाद हुँदै प्रगतिवादोन्मुख बन्दै गएको छ । आमा (२०२१) नेपालको प्रथम चलचित्र हो । त्यपछि निर्माण भएका केही चलचित्रहरूमा निर शाहको वासुदेव (२०४२), शिवजी लामिछानेका आगो (२०५५) र लालसलाम (२०६३), केपी पाठकको मैना (२०६४), नारायण पुरीको अल्पविराम (२०५९), उदय सुब्बाको कानुन (२०५९), किशोर ढकालको नयाँ नेपाल (२०६२), विजय बस्नेतको सहिद (२०६४), विमल पौडेलको जनयुद्ध (२०६४) र नवल खड्काको आवाज (२०६३) छन् । त्यसै गरी बलिदान (२०५२), रक्षक (२०५३) लगायतका थुप्रै चलचित्रहरू निर्माण भएका छन् । जातीय समस्यालाई सम्बोधन गरिएका चलचित्रहरू पनि बनेका छन् । थारु भाषामा भुइँहार, बुह्रान, गुन्याक लागल र बौछार, लिम्बु भाषामा नुमाफुङ छन् भने गुरुङ र तामाङ भाषामा निर्मित चलचित्रहरू पनि छन् ।

लालसलामको विषयवस्तु जनयुद्धसित सम्बन्धित छ । त्यसरी नै रक्षक, अल्पविराम, कानुन, नयाँ नेपाल, सहिद, जनयुद्ध, मैना र आवाज जस्ता चलचित्रहरूले पनि जनयुद्धको विषयवस्तु उठाएका छन् । जनयुद्धको विचारसँग सम्बन्धित डकुमेन्ट्रीहरू पनि निर्माण भएका छन् ।

पछिल्लो समयमा जनयुद्ध सिर्जित नयाँ यथार्थलाई पुट मिल्ने गरी र विशेषतः मालेमामा केन्द्रित रहेर दर्शन, विचार र राजनीतिका क्षेत्रमा कञ्चन, सुदर्शन, दीपक, गुणराज लोहनी, पूर्णबहादुर सिंहलगायतले तीव्रतामा कलम चलाइरहेका छन् । सिंहका नेपाली शैक्षिक क्रान्ति र राजनीतिक सत्ता परिवर्तनको प्रश्न, शैक्षिक आन्दोलन र एकीकृत जनक्रान्ति, वैज्ञानिक समाजवाद र जनगणतन्त्र कोरिया, वैज्ञानिक समाजवादका आधारहरू (प्रेसमा) कृतिहरूले वैचारिक-राजनीतिक क्षेत्रमा राम्रो हस्तक्षेप गरेका छन् ।

(सामान्य परिमार्जनसहित पुनः प्रकाशित)

## परीक्षामाथि पुनर्विचार गर्न ...

चौथो वर्षको परीक्षातालिका पुस २९ गते सार्वजनिक गरेको, फागुन ७ गतेसम्म दोब्बर दस्तुरमा परीक्षा फाराम भर्ने मिति राखिएको छ तर हतार-हतार फागुन १० गते नै परीक्षा गर्ने त्रिविको निर्णय सच्याउन विद्यार्थीले लामो समयदेखि गरिरहेको आन्दोलनप्रति त्रिविले साधेको मौनताप्रति सङ्गठन गम्भीर बनेको उल्लेख छ ।

ज्ञापनपत्रमा भनिएको छ, 'विगतदेखि कार्यतालिका व्यवस्थित गर्न नसकेको त्रिविले आफ्नो कमजोरी र अक्षमता अकस्मात् विद्यार्थीको टाउकोमा थोपरिदिने कुरा हाम्रो सङ्गठनलाई स्वीकार्य छैन । तत्काल त्रिविले वार्षिक कार्यतालिका निर्माण गरी व्यवस्थित कार्यान्वयन गर्न माग गर्दै विद्यार्थीहरूलाई बोझ थोपर्ने गरी आफ्नो अक्षमता लुकाउन हतारमा गर्न खोजिएको परीक्षा विद्यार्थीको मागबमोजिम पुनर्विचार गर्न हाम्रो सङ्गठन जोडदार माग गर्दछ । अन्यथा सङ्गठन कडा सङ्घर्ष गर्न बाध्य हुनेछ ।'

**ज्ञापनपत्रको पूर्ण विवरण यसप्रकार छ :**

श्री परीक्षा नियन्त्रकज्यू,
त्रिभुवन विश्वविद्यालय परीक्षा नियन्त्रण कार्यालय
बल्खु, काठमाडौं ।

**विषय : ज्ञापनपत्र ।**

हाम्रो सङ्गठन अखिल (क्रान्तिकारी) स्थापना कालदेखि नै विद्यार्थीहरूको हक, अधिकारको रक्षा र शैक्षिक रूपान्तरणको आन्दोलनमा अग्रणी भूमिका निर्वाह गर्दै आइरहेको विषय जगजाहेर नै छ । पछिल्लो समय त्रिभुवन विश्वविद्यालयले शैक्षिक कार्यतालिकाअनुसार अध्ययन, अध्यापन, समयमै परीक्षा, उत्तरपुस्तिकाको संरक्षण र परीक्षाफल प्रकाशन गर्न नसकेको कारणले त्रिभुवन विश्वविद्यालय धराशयी बन्दै गइरहेको छ जसले विद्यार्थीहरूमा चरम निराशा उत्पन्न भइरहेको छ ।

यसै सन्दर्भमा त्रिभुवन विश्वविद्यालयले स्नातक तह चौथो वर्षको परीक्षातालिका पुस २९ गते सार्वजनिक गऱ्यो । फागुन ७ गतेसम्म दोब्बर दस्तुरमा परीक्षा फाराम भर्ने मिति राखिएको छ तर हतार-हतार फागुन १० गते नै परीक्षा गर्ने त्रिविको निर्णय सच्याउन विद्यार्थीले लामो समयदेखि गरिरहेको आन्दोलनप्रति त्रिविले साधेको मौनताप्रति हाम्रो सङ्गठन गम्भीर बनेको छ । विगतदेखि कार्यतालिका व्यवस्थित गर्न नसकेको त्रिविले आफ्नो कमजोरी र अक्षमता अकस्मात् विद्यार्थीको टाउकोमा थोपरिदिने कुरा हाम्रो सङ्गठनलाई स्वीकार्य छैन । तत्काल त्रिविले वार्षिक कार्यतालिका निर्माण गरी व्यवस्थित कार्यान्वयन गर्न माग गर्दै विद्यार्थीहरूलाई बोझ थोपर्ने गरी आफ्नो अक्षमता लुकाउन हतारमा गर्न खोजिएको परीक्षा विद्यार्थीको मागबमोजिम पुनर्विचार गर्न हाम्रो सङ्गठन जोडदार माग गर्दछ । अन्यथा सङ्गठन कडा सङ्घर्ष गर्न बाध्य हुनेछ ।

*क्रान्तिकारी अभिवादनसहित !*

## सर्वोच्च अदालतले 'विदेशी' भनेपछि...



सिक्किम डेमोक्रेटिक पार्टीको कार्यालयमा तोडफोड गरिएको थियो । सिक्किमका नेपालीभाषीहरू आन्दोलनमा उत्रिएपछि सिक्किम अस्तव्यस्त बनेको छ । सिक्किममा उर्लिएको आन्दोलनको लहर नेपालीभाषी र जाति रहेका अन्य राज्यहरूमा पनि सर्ने आकलन गरिएको छ ।

नेपालीभाषीलाई आप्रवासी भनिएको फैसला सच्याउनुपर्ने मागसहित सिक्किमका नेपालीभाषीहरू संयुक्त समिति बनाएर आन्दोलनमा उत्रिएका हुन् । त्यसैले यो आन्दोलन भारतभर रहेका नेपालीभाषी र जातिसम्म फैलिने अनुमान गरिएको हो ।

सञ्चारमाध्यमहरूका अनुसार नेसनलिस्ट सिक्किम युनाइटेड अर्गनाइजेसनका नेता देउकुमार प्रधानले भनेका छन्- सिक्किमले आफ्नो माटो दिएर १९७५ मा भारतलाई समर्पित गरिसकेको छ तर हामीलाई विदेशीको लाञ्छना लगाइएको छ । उनले आफूहरू विदेशी नरहेको र भारतका लागि खतरा नरहेको पनि बताएका छन् ।

सिक्किमका पूर्वमुख्यमन्त्री पवनकुमार चाम्लिङले जनवरी १३ मा भारतको सर्वोच्च अदालतले करसम्बन्धी एउटा मुद्दाको फैसलामा सिक्किमका नेपालीभाषीलाई विदेशी नागरिक भनेपछि आफूहरू अस्तित्व रक्षाका लागि सडकमा उत्रिएको बताएका छन् ।

स्मरणीय छ, लेन्डुपले सिक्किमलाई भारतमा विलय गराएपछि भएका ६ मुख्यमन्त्रीमध्ये पाँच नेपालीभाषी छन् । अहिले सिक्किम क्रान्तिकारी मोर्चाको नेतृत्वमा सिक्किमका ६ वटै जिल्लामा नेपालीभाषी सडकमा उत्रिएका छन् । सिक्किममा ५८ प्रतिशत नेपालीभाषी छन् ।

नेपालीभाषीलाई विदेशी मूलका भनेपछि दार्जिलिङका नेपालीभाषी पनि आन्दोलनमा उत्रिएका छन् । दार्जिलिङमा पनि सर्वोच्च अदालतको फैसलाविरुद्ध नेपालीभाषी/जाति आन्दोलनमा उत्रिएका हुन् । आन्दोलन चर्किँदै गएको छ ।

## बन्दी रिहाइ र मुद्दा खारेजी माग गर्दै ...

गोविन्दनारायणले सम्बोधन गरेका थिए ।

कार्यक्रममा नेकपा (क्रान्तिकारी माओवादी) धनुषाका इन्चार्ज शीतल र सेक्रेटरी नन्दुले पनि ऐक्यबद्धतासहित सहभागिता जनाएका थिए ।

यसै क्रममा नेपाल कम्युनिस्ट पार्टी (बहुमत) दाङले पार्टीको केन्द्रीय कार्यक्रमअनुसार जिल्ला प्रशासन कार्यालयमा राजबन्दीहरूको फोटोसहित विरोध प्रदर्शन गरेको छ । सरकारले तीनबुँदे सहमति कार्यान्वयन नगरेको भन्दै नेकपा (बहुमत) ले प्रदर्शन गरेको हो ।

प्रदर्शनमा सम्बोधन गर्दै नेपाल कम्युनिस्ट पार्टी (बहुमत) दाङका संयोजक वीरेन्द्रले राज्यले आफ्ना जायज मागलाई सजिलै नसुने देशमा आन्दोलनको आँधीबेहरी सिर्जना हुने बताए । देशका विभिन्न कारागारमा रहेका नेता-कार्यकर्तालाई झूट्ठा मुद्दा खारेज गरी जेलबाट मुक्त गराउन पार्टी निरन्तर सङ्घर्षमा लाग्ने उनको भनाइ थियो ।

'देश बनाउन, राष्ट्रिय स्वाधीनता बचाउन, जनतालाई अधिकार सम्पन्न बनाउन भनी भ्रष्टाचारीलाई तह लगाउँदै सङ्घर्षमा होमिएका युवाहरूमाथि अन्याय गरी जेलमा अत्याचार गर्ने अनि देश लुटेर बर्बाद बनाउने दलालहरूलाई मालिक बनाउने दलाल व्यवस्थाको अन्त्य गर्न युवाहरूले नै सशक्त सङ्घर्ष गर्नु आवश्यक छ', उनले अगाडि भने, 'राज्य सङ्कट टार्न केही व्यक्तिलाई विकल्पका रूपमा अगाडि बढाउन खोजेको देखिन्छ । यो स्थायी समाधान नभई आक्रोश मात्रै हो ।'

राज्यको रूपान्तरण वैज्ञानिक समाजवादले मात्र गर्ने हुँदा नेपाली जनताको जीवनस्तरलाई प्रगतिपथमा लैजान आन्दोलनमा सहभागी हुन उनले सबैलाई आह्वान पनि गरे ।

कार्यक्रममा युवा, विद्यार्थी, बुद्धिजीवी, पत्रकार, पार्टी नेता-कार्यकर्ताको उपस्थिति थियो । कार्यक्रमको सहजीकरण नेकपा (बहुमत) का जिल्ला कार्यालय सचिव अमर खड्काले गरेका थिए ।

## आन्दोलित किसानलाई किसान महासङ्घ (क्रान्तिकारी) को समर्थन

काठमाडौँ / अखिल नेपाल किसान महासङ्घ (क्रान्तिकारी) ले आफ्नो उत्पादनको बजार नपाएपछि २०६९ माघ २० गते चितवनका किसानले तरकारी फालेर गरेको आन्दोलनलाई समर्थन गरेको छ । क्रान्तिकारीले विज्ञप्ति जारी गरी किसानको बजार सुनिश्चित गर्न उत्पादित कृषि उपज राज्यले नै लागत मूल्यका आधारमा न्यूनतम मूल्य निर्धारण गरी खरिद गरेर बजार व्यवस्था गर्न, बाहिरबाट आयात हुने तरकारी, दूध, फलफूललगायत अन्य कृषि उत्पादन रोक्न, नेपाली कृषि उत्पादनको उचित मूल्यमा खरिद गर्न, बिचौलियाको कृषिमा भएको हस्तक्षेप बन्द गर्न माग गरेको छ ।

अखिल नेपाल किसान महासङ्घ क्रान्तिकारीका अध्यक्ष हरि श्रेष्ठले जारी गरेको विज्ञप्तिमा किसानको आन्दोलनमा भएको क्षतिपूर्ति दिन माग गरिएको छ । क्रान्तिकारीले भारतीय आयातमा प्रतिबन्ध नगरिएमा र नेपाली किसानको उत्पादन सदुपयोग नगरिएमा सम्पूर्ण किसान आन्दोलनमा उत्रने चेतावनी दिइएको छ । क्रान्तिकारीले भारतीय आयात फाल्न बाध्य हुने चेतावनी दिँदै यसको जिम्मेवार सम्बन्धित निकाय हुने पनि जनाएको छ ।

## नेकपा (बहुमत) दोलखाको बैठक सम्पन्न

दोलखा/ नेपाल कम्युनिस्ट पार्टी (बहुमत) जिल्ला सङ्गठन समिति दोलखाको चौथो पूर्ण बैठक २८ औँ जनयुद्ध दिवस भव्यतापूर्वक मनाउने निर्णयसहित सम्पन्न भएको छ ।




बैठकका प्रमुख अतिथि पूर्वी बागमती ब्युरोका इन्चार्ज अटल, अतिथिहरू दोलखा सिन्धुपाल्चोक जिल्लाका इन्चार्ज विनयराज शर्मा, तामाङ राष्ट्रिय मुक्तिमोर्चाका केन्द्रीय संयोजक सुन्तली, अखिल नेपाल क्रान्तिकारी महिला सङ्गठनकी केन्द्रीय उपाध्यक्ष तथा केन्द्रीय सल्लाहकार समितिकी सदस्य पवित्रा, युवाका ब्युरो इन्चार्ज अजयको उपस्थिति रहेको थियो ।

बैठकमा जिल्ला समितिका सदस्यहरूले आआफ्ना क्षेत्रका रिपोर्टिङ गरेका थिए ।

बैठकका प्रमुख अतिथि पूर्वी बागमती ब्युरोका इन्चार्ज अटलले भाव सम्प्रेषणसहित निर्देशनात्मक र प्रशिक्षणात्मक भनाइ राखेका थिए ।

बैठकले १ महिने अभियानसहित २८ औँ जनयुद्ध दिवस मनाउने केन्द्रीय समितिको निर्णय जिल्लामा कार्यान्वयन गर्ने निर्णय गरेको छ ।

बैठकमा क्रान्तिको सम्भावना, चुनौती र समाधानका विषयमा संयोजकले बोलेका थिए । युवाका ब्युरो इन्चार्ज अजय तामाङ, राष्ट्रिय मुक्ति मोर्चाकी संयोजक सुन्तली र सल्लाहकार समितिका सदस्य पवित्राले अनुभूतिजन्य मन्तव्य राखेका थिए ।

बैठकका अतिथि तथा दोलखा-सिन्धुपाल्चोक जिल्लाका इन्चार्ज विनयले पार्टीका आगामी योजना कार्यान्वयनका लागि काम गर्नुपर्ने बताएका थिए । बैठकको अध्यक्षता तथा सञ्चालन जिल्ला संयोजक अन्जान लामाले गरेका थिए ।

# सम्झौताहीन सङ्घर्षका लागि मजदुर सङ्गठनको आह्वान

काठमाडौँ/ अखिल नेपाल क्रान्तिकारी होटेल क्यासिनो रेस्टुराँ मजदुर सङ्घ र अखिल नेपाल क्रान्तिकारी पर्यटन तथा एयरपोर्ट मजदुर सङ्घले प्रेस विज्ञप्ति जारी गर्दै होटेललगायत पर्यटन क्षेत्र मजदुरहरूको पेसागत हक एवम् राजनीतिक अधिकारका लागि सम्झौताहीन निर्णायक सङ्र्षमा होमिन मजदुरहरूलाई आह्वान गरेका छन् । यस क्षेत्रका मजदुरहरूका समस्या समाधान गर्न सङ्घर्ष नै एक मात्र समाधान रहेको बेहोराको प्रेस विज्ञप्तिको पूर्ण विवरण यसप्रकार रहेको छ :

होटेललगायत पर्यटन क्षेत्र मजदुरहरूको पेसागत हक एवम् राजनीतिक अधिकारको मुद्दामा समर्पित नेतृत्वदायी ट्रेड युनियन सङ्गठन १) अखिल नेपाल क्रान्तिकारी होटेल क्यासिनो रेस्टुरा मजदुर सङ्घ र २) अखिल नेपाल क्रान्तिकारी पर्यटन तथा एयरपोर्ट मजदुर सङ्घ, आतिथ्य व्यवसाय क्षेत्र श्रमिक सम्पूर्णका बीचमा चिरपरिचित रहेको सबैमाझ विदितै छ । न्यायप्रेमी आमश्रमिक मित्रहरूको साङ्गठनिक स्वतन्त्रता, समानता, न्याय, समृद्धि र मुक्तिका निमित्त मूलतः विद्यमान दलाल पुँजीवादी आर्थिक प्रणाली र संसदीय व्यवस्थाको समूल अन्त्य र वैज्ञानिक समाजवाद स्थापनामा जोड दिन जरुरी देखिन्छ । परिस्थितिको विषमता, अन्योलग्रस्त, अस्तव्यस्तता र निराशाको बीचमा यथास्थितिमै रही सुनिश्चित र सुरक्षित रोजगारीको सपना बोकेर सेवा क्षेत्र समग्रमा देशैभर कार्यरत होटेल, पर्यटन मजदुरहरूको साँचो मुक्ति र यथास्थितिमाथि आमूल परिवर्तन अनि आतिथ्य श्रमिक मैत्री समाज तथा आर्थिक प्रणाली स्थापनाबीच अन्योन्याश्रित सम्बन्ध रहेको छ । क्रान्तिकारी पर्यटन मजदुर सङ्गठन आफ्नो ऐतिहासिक स्थापनासँगै मुक्ति वा मृत्युको सर्तमा सम्झौताहीन सङ्घर्ष नेतृत्व तहमा चलायमान रहन तल्लीन छ । इतिहास साक्षी छ, जबजब क्रान्तिकारी, न्यायप्रेमी र जुझारु श्रमिक मजदुर हरूमाथि अमानवीय शोषणका हथकण्डा अपनाइने गरिन्छ, चाहे त्यो राज्य वा मातहत कुनै पनि तहबाट किन नहोस् तब क्रान्तिकारीहरूको सडकको मोर्चा पेचिलो सङ्घर्षमा मोडिन बाध्य हुने गर्दछ । श्रमिकमारा शासकहरूको चयन हरणको अनिश्चितकालीन सुरुआत तब हुन्छ हुन्छ । सचेत सरोकारवान सम्पूर्ण पक्ष र श्रमिक सम्पूर्णसमक्ष समेत ज्ञात सवाल त के छ भने श्रमिक वर्गको विजय अपराजेय र सुनिश्चित रहने गरेको छ ।

श्रमिकविरोधी हायर एन्ड फायर, नो वर्क नो पे, न्यून पारिश्रमिक, गैरन्यायिक करार, ठेकेदारी, ज्यालादारी, असुरक्षित, अपर्याप्त र सीमित रोजगारी, अन्यायपूर्ण परीक्षणकाल, बेरोकपूर्ण, एकतर्फी श्रमिक कटौतीलगायत असीम समस्याग्रस्त आजको होटेललगायत पर्यटन क्षेत्र श्रमबजार र साबिक श्रमिक सेवासुविधालाई कटौती गर्दै सर्वोच्च अदालतबाट मिति २०७९/१०/१२ भएको फैसलापछि यसप्रति सङ्गठनको गम्भीर ध्यानाकर्षण पैदा भएको छ ।

विश्व आतिथ्य क्षेत्र श्रमबजारमा समेत सम्बन्धित श्रमिक मजदुरहरूले निःसर्त पाउँदै आएको अधिकारस्वरूप सुविधामाथि बिनाविकल्प यसपछि रोक लगाइएको घटनासँगै श्रमिकहरूको निर्वाहमैत्री रोजगारीमाथि गम्भीर प्रश्न खडा हुन पुगेको देखिन्छ । समग्रमा बहुसङ्ख्यक सेवा क्षेत्र श्रमिकहरूको दैनिकी झन् कष्टकर बनिरहेको र बिनाकारण श्रमिकहरूको गाँस खोसिएको छ ।

तथ्यअनुसार सन् २००६ डिसेम्बर ३० अर्थात् २०६२ सालयता ट्रेड युनियनहरूको रोहबरमा सेवाशुल्क वितरण सम्झौता तय भएको र सम्झौताअनुरूप सन् २०१८ मे २६ अर्थात् २०७५ साल जेठ २ मा पुनः निरन्तरता दिइएको देखिन्छ ।

सेवाशुल्क वितरणले व्यावहारिकता पाएसँगै पछिल्लो समय अर्थात् विसं २०७५ जेठ २३ मा राष्ट्रिय उपभोक्ता मञ्चका तर्फबाट सर्वोच्चमा रिट दायर भएको र मिति २०७९/१०/१२ को संयुक्त इजलासबाट पेस रिटउपर सुनुवाइ गर्दै नेपालको संविधान २०७२ को धारा ४४ अर्थात् उपभोक्ताको कानुनी गुनासो तथा संविधानाकै धारा ११५ अर्थात् कानुनबमोजिम बाहेकको कर असुलीलगायतलाई ध्यान दिई सेवाशुल्क उठाउने, वितरण गर्ने कार्यलाई अनुचित ठहर गरिएको बुझिन्छ ।

पर्यटनलगायत होटेल क्षेत्रमा सर्भिस चार्ज प्रचलन भएसँगै केन्द्रीय स्तरका तीन ट्रेड युनियन र व्यावसायिक सङ्घहरूका बीचमा भएको उक्त सामूहिक सम्झौतालाई कानुनी मान्यता श्रम कानुन २०७४ को दफा ८७ (३) एवम् सोही नियमावली दफा ८२ ले प्रदान गरेकोमा अबउप्रान्त उल्लिखित प्रावधान बदर हुन पुगेको देखिन्छन । ऐनको ८७ (३) ले होटेल, मोटल, जङ्गल सफारी वा अन्य ब्यवसाय गर्ने रोजगारदाताले सामूहिक सम्झौताबमोजिम लगाएको सेवाशुल्क रकम तोकिएबमोजिम वितरण गर्नुपर्ने भन्ने उल्लेख गरेको देखिन्छ भने नियमावली ८२ ले सम्बन्धित क्षेत्रमा अपेक्षाकृत वितरणबारे निकास खोलेको अध्ययनमा दर्सन्छ । बिनाविकल्प, आकस्मिक जारी भएको निषेधात्मक उक्त फैसलापछि साबिक रूपमा सेवाशुल्कको १० प्रतिशतबाट १०० प्रतिशत मानी कार्यरत श्रमिकले करिब ७१ प्रतिशतमा दामासाही पाउनेमा समेत गैरन्यायिक कटौती हुने देखिन्छ भने केन्द्रीय स्तरमा ट्रेड युनियन र व्यावसायिक सङ्घले पाउने करिव ५ प्रतिशतसहित रोजगारदाता पक्षले लिने १०० प्रतिशतमा बाँकी २४ प्रतिशत यसैअनुरूप अन्त्य हुनेछ ।

मुलुकको राष्ट्रिय समस्याका रूपमा यथावत् रहेको देखिने बेरोजगारी समस्या समाधान, पर्यटन क्षेत्र श्रमिकको दिगो ब्यवस्थापन र रोजगारी सिर्जनालाई ध्यान दिनुपर्ने आजको सङ्कटपूर्ण स्थितिमा न्यून स्तरको पारिश्रमिक; ज्यालादारी, करार तथा ठेकेदारीमार्फत, परीक्षणकाल एवम् अनिश्चित असुरक्षित रोजगारीमा रहने बहुसङ्ख्यक आतिथ्य श्रमिकहरूको रोजीरोटीको हिस्सा खोसिएको प्रति जिम्मेवार सबै पक्ष र तहको ध्यानाकृष्ट हुन जरुरी देखिन्छ । अन्तर्राष्ट्रिय कानुनी मापदण्डअनुरूप नियमसम्मत श्रमिकहरूले खाइपाई आएको सेवा तथा सुविधा स्वभावैले श्रमिक अधिकारसरह हुनेमा दुई मत रहन सक्दैन । श्रमिक अधिकार र संवैधानिक सम्बन्धित प्रावधानसँग जोडिने मौलिक हक अर्थात् श्रमिकको श्रम, रोजगारी र उचित श्रम अभ्यासमार्फत प्राप्त हुने सेवासुविधाको पाटोलाई सहायक मानी सोहीअनुरूप संविधान, ऐन र कानुन तथा नियममा मात्र ध्यान दिएर उपभोक्ता हितको विषयलाई मात्र जोड दिने गर्नाले श्रमिक अधिकार न्याय र समानताको तहमा पर्ने असुविधालाई कति न्यायपूर्ण मान्न सकिन्छ ? प्रश्नहरू अनगिन्ती तय भएका छन् । होटेल तथा पर्यटन श्रमिकको हक तथा हितविरुद्ध हुने गरी हुनसक्ने सबैखाले षड्यन्त्रका तानाबानालाई क्रान्तिकारी मजदुर आन्दोलन, पर्यटन, होटेल मजदुर आन्दोलनको शक्ति केन्द्रित सशक्त सङ्घर्षको आँधीबेहरीद्वारा धुलोपिठो बनाउन सडक मोर्चाको तयारी यसपछिको नयाँ अपरिहार्यतामा पर्दछ । आफ्नो श्रमपसिनाको मूल्यमा सम्झौता नगर्न र सशक्त सङ्घर्षबाट पुनः प्राप्त गर्न न्यायप्रेमी होटेल, पर्यटन श्रमिकहरूमा हार्दिक अपिल अनि अनुरोध गर्दै श्रमिकको सेवाशुल्क अधिकार तत्काल पुनर्स्थापना, अपेक्षाकृत वितरण र वैकल्पिक राहतको वैज्ञानिक व्यवस्थाका निम्ति सङ्गठन सरकार, ब्यावसायिक सङ्घ र अन्य सम्बन्धित पक्षसँग जोडदार माग गर्दछ । क्रान्तिकारीहरूको यस खालको बिशेष आग्रहलाई केवल वेतनभोगी आग्रहका रूपमा मात्र हेर्ने र विगतझैँ अनपेक्षित निरन्तरतामा राख्ने धृष्टता कायम राख्ने हो भने यसप्रति जिम्मेवार सबै पक्ष, वर्तमान दलाल सरकार र मिलीभगतमा सामेल राज्यका भ्रष्ट निकाय सम्पूर्णले यसपटक इतिहासमै ठूलो मूल्य चुकाउनु पर्नेछ । होटेल पर्यटन श्रमिक मात्रको अधिकार तत्काल पुनर्स्थापना गर ! श्रमिक राहतको वैज्ञानिक विकल्प सार्वजनिक गर ! श्रमिकमैत्री श्रम कानुनी प्रावधान होइन, गैरन्यायिक फैसला बदर गर ! होटेल तथा पर्यटन मजदुरको जित सुनिश्चित छ !

क्रान्तिकारी लालसलामसहित

रामचन्द्र थापा
संयोजक
अखिल नेपाल क्रान्तिकारी पर्यटन तथा
एयरपोर्ट मजदुर सङ्घ, केन्द्रीय समिति

सरोज न्यौपाने
अखिल नेपाल क्रान्तिकारी होटेल,
क्यासिनो रेस्टुराँ मजदुर सङ्घ
केन्द्रीय समिति


## सडक डिभिजन काठमाडौंको अनुरोध

सडक हामी सवैको साझा सम्पत्ति हो । यसको संरक्षण एवं सम्वर्द्धन गर्नु हामी सवैको साझा दायित्व हो । विभिन्न सडक खण्डमा अनधिकृत रुपबाट सडक सिमा अतिक्रमण गरी घर, टहरा निर्माण गर्ने, होर्डिङ वोर्ड राख्ने, निर्माण सामाग्रीहरु सडकमै थुपार्ने, सडकमै सवारी साधन धुने, सडक नाली पुरी वाटो वनाउने, स्वीकृति नलिई जथाभावी सडक खन्ने तथा नालीमा ढल मिसाउने एवं फोहर फाल्ने इत्यादि कार्यका कारण सडक आवागमन तथा वातावरणमा समेत प्रतिकुल असर पर्ने हुनाले उपरोक्त क्रियाकलापहरु नगर्न नगराउनु हुन सम्वन्धित सवैलाई यस सडक डिभिजन हार्दिक अनुरोध गर्दछ ।

डिभिजन प्रमुख
**सडक डिभिजन काठमाडौं**



## ललितपुर महानगरपालिकाद्धारा करदाता महानुभावहरुमा हार्दिक अपिल

- सम्पत्ति कर र भूमिकर (मालपोत) प्रत्येक आर्थिक वर्षको मसान्त भित्र अनिवार्य रुपमा तिर्ने गरौं ।
- आफ्नो सम्पत्ति बहालमा दिँदा अनिवार्य बहाल सम्झौता गरौं । बहाल कर महानगरपालिका वा सम्बन्धित वडा कार्यालयमा अनिवार्य तिर्ने गरौं ।
- व्यवसाय / संघसंस्था सञ्चालन गर्नु अगाडि सम्बन्धित स्थान / वडा कार्यालयमा गई अनिवार्य दर्ता गरौं ।
- दर्ता भएका व्यवसाय / संघसंस्थाहरु समयमै नविकरण गरौं । यसरी दर्ता भएका व्यवसाय / संघसंस्थाहरु ठाउँसारी गर्ने वा सञ्चालन नगर्ने भएमा समयमै सम्बन्धित स्थान / वडा कार्यालयमा गई ठाउँसारी वा बन्द गरौं ।

"करलाई बोझको रुपमा नलिई अनिवार्य दायित्वको रुपमा लिई समयमै तिरी महानगरपालिकाबाट प्राप्त गर्ने सेवा सुविधा निर्वाध रुपमा प्राप्त गर्नुहोस् र नगर विकास कार्यमा सहभागी बन्नुहोस् ।"

**ललितपुर महानगरपालिका कार्यालय**
पुल्चोक, ललितपुर



## नागरिक पेन्सन योजना

**यस योजना अर्न्तगत आय आर्जन गर्ने, प्रचलित कानून बमोजिम स्थापना भएका संघ, संस्था, एबं प्रतिष्ठानमा कार्यरत श्रमिक/कर्मचारी, स्वरोजगारमा रहेका सर्वसाधारण र गैर आवासिय तथा वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिक सहभागी हुन सक्ने छन् ।**

**बचत गर्न सकिने सीमा :**

- यसमा सहभागी हुने बचतकर्ताहरुले न्यूनतम मासिक रु. ५००।- देखि अधिकतम आम्दानीको क्षमता अनुसार १० ले भाग जाने संख्यामा जम्मा गर्न सक्ने छन् । बचतकर्ताको आम्दानीको आधारमा मासिक/त्रैमासिक/अर्धवार्षिक/वार्षिकरुपमा रकम जम्मा गर्न सकिने विशेषता समेत रहेको छ । यस्तो किस्ता बुझाउँदा मासिक रु.५००।- भन्दा कम नहुने गरी बुझाउनु पर्नेछ ।

**पेन्सन पाउन योग्य हुने अवस्था :**

- पेन्सन प्राप्त गर्न बचतकर्ताको उमेर साठी वर्ष पुरा भएको र कम्तीमा १५ वर्ष योगदान गरेको हुनुपर्नेछ ।
  बचतकर्ताले १५ वर्षको बचत नगर्दै त्यसको ब्याज र प्रतिफल समेत एकमुष्ठ भूक्तानी लिन वा पेन्सनको रुपमा भूक्तानी लिन सक्नेछन् ।
  कोषको अन्य योजनामा जम्मा भएको वा सहभागीको पारिश्रमिक वा स्वरोजगारीबाट आर्जित रकम एकमुष्ठ रुपमा तोकिएको न्यूनतम किस्ताले हुने जम्मा गर्ने सहभागीले समेत यस योजनामा सहभागी हुन सक्नेछन् ।

**पेन्सन गणना विधिः**

- सहभागीले गरेको बचत, त्यसको ब्याज र कोषको लगानीवाट प्राप्त प्रतिफल समेत जोडी हुन आउने कुल रकमलाई १७० ले भाग गर्दा हुन आउने रकम प्रत्येक महिना निजको जीवनकालभर पेन्सन पाउनेछन् ।

**योजनामा रकम जम्मा गर्ने विधि :**

- सहभागी बचतकर्ताले जम्मा गर्नु पर्ने रकम कोषले तोकेको बैंक खातामा भौचर मार्फत वा बिद्युतिय भूक्तानी मार्फत जम्मा गर्न सक्ने छन् । बचतकर्ताले बैंकमा रकम दाखिला गरे पछि सोको जानकारी कोषलाई दिनु पर्ने छ । कोषद्वारा तोकिएको खातामा रकम जम्मा नभएमा उक्त रकम प्रति कोषको कुनै दायित्व रहने छैन ।
- कोषमा रकम जम्मा गर्दा सम्बन्धित सहभागी बचतकर्ताको नाम र कोषले प्रदान गरेको परिचय नम्बर अनिवार्य रुपले उल्लेख गर्नु पर्ने छ ।
- रकम जम्मा गर्दा आफ्नो सही नाम र कोषले प्रदान गरेको परिचय नम्बर उल्लेख गर्नु पर्ने दायित्व सम्बन्धित बचतकर्ताको हुनेछ । गलत नाम वा परिचय नम्बर उल्लेख भई रकम जम्मा भएमा त्यसको जिम्मेवारी कोषले लिने छैन ।

**नागरिक लगानी कोष**
केन्द्रीय कार्यालय, नयाँ बानेश्वर काठमाडौं
पो.बक्सः ५८२३, फोनः ०१-५९७०२०१
इमेलः info@nlk.org.np
वेबसाइटः www.nlk.org.np



## दूरसञ्चार उपभोक्ताहरुसंग सम्बन्धित गुनासो दर्ता गर्ने सम्बन्धी सूचना !

यस नेपाल दूरसञ्चार प्राधिकरणबाट अनुमतिपत्र प्राप्त गरी दूरसञ्चार सेवा प्रदान गरिरहेका सेवा प्रदायकहरुले प्रदान गरेको दूरसञ्चार सेवाका सम्बन्धमा समस्या भएमा दूरसञ्चार उपभोक्ताहरुले सम्बन्धित सेवा प्रदायकहरुलाई गुनासो गर्दा पनि समस्या समाधान नभएको खण्डमा यस प्राधिकरणको कार्यालयको सम्पर्क नम्बर तथा कार्यालयको इमेल मार्फत गुनासो व्यवस्थापन गरिदै आएको छ । हाल दूरसञ्चार सेवाका सम्बन्धमा उपभोक्ताहरुको गुनासोलाई थप व्यवस्थित एवं प्रभाबकारी बनाउनको लागि कार्यालयको सम्पर्क नम्बर तथा इमेलको अतिरिक्त गुनासो ब्यबस्थापन प्रणाली (Complaint Handling System) समेत तयार गरी सोझै प्राधिकरणको Website मा राखिएको "गुनासो ब्यबस्थापन प्रणाली (Complaint Handling System)" मा समेत गुनासो दर्ता गराउन सक्ने व्यवस्था गरेको ब्यहोरा सम्पूर्ण दूरसञ्चार उपभोक्ता तथा सम्बन्धित सरोकारवाला सबैको जानकारीको लागि अनुरोध छ ।

**नेपाल दूरसञ्चार प्राधिकरण, उपभोक्ता हित संरक्षण शाखा**
जमल, काठमाडौं, नेपाल, पो.ब.नं.: ९७५४
फोनः +९७७-१-५३५५४७४, ५३५४७१७, ५३५५६४९ फ्याक्सः +९७७-१-५३५५२५०
इमेलः ntra@nta.gov.np, वेबसाइटः www.nta.gov.np



## डिभिजन वन कार्यालय, कास्कीको अनुरोध ।

विगतका वर्षहरुमा जस्तै यस वर्ष पनि सुक्खा याम तथा खडेरीको मौसममा वन डढेलो लागी वन पैदावार, वन्यजन्तु तथा पंक्षिहरुसमेतलाई हानीनोक्सानी पुऱ्याइ समग्र वातावरणमा नकारात्मक असर पर्न सक्ने सम्भावना भएकोले सुक्खायाम तथा हावाहुरी लाग्ने समयमा आफ्नो गाउँ नगर वरिपरिको सामुदायिक वन क्षेत्र तथा राष्ट्रिय वन क्षेत्रलाई वन डढेलोवाट हुने क्षतिवाट जोगाइ वन संरक्षण तर्फ अग्रसर हुनको लागि डिभिजन वन कार्यालय, कास्की अनुरोध गर्दछ । कथमकदाचित वन डढेलो लागी हालेमा सामुदायिक वन उपभोक्ता समूह लगायतका सम्वद्ध पक्षहरु मिलि तत्काल डिभिजन वन कार्यालय, कास्की तथा सुरक्षा निकायमा वन डढेलोको सूचना गर्ने तथा श्रोत र साधनले भ्याएसम्म सम्वन्धित सवै पक्षसँग सहकार्य गरी वन डढेलो तत्काल निभाउन प्रयत्न गर्नुहुन समेत हार्दिक अनुरोध गर्दछ ।

**डिभिजन वन कार्यालय, कास्की वगर**
सम्पर्कका लागि फोन : ०६१ ५७०१६१
इमेल : dfokaski@gmail.com


निर्देशक : गुणराज लोहनी, प्रवन्ध निर्देशक : भीमप्रसाद चापागाई, सम्पादक : अशोकप्रसाद सुवेदी, व्यवस्थापक : झनक श्रेष्ठ, डिजाइन : अग्निराज पौडेल, प्रकाशक : रातोखबर प्रकाशन गृह प्रा.लि., कार्यालय : बागबजार, काठमाडौँ, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौँ